# मण्डली अगुवाहरूको लागि सहयोगी पुस्तक



—डेविड क्लाउड

# मण्डली अगुवाहरूको लागि
# सहयोगी पुस्तक

मूल लेखक

डेविड क्लाउड

सम्पादन

सलोन कार्थक

प्रकाशक—
जीवन मार्ग
साहित्य प्रकाशन
काठमाडौं, नेपाल ।

संस्करण— प्रथम, १९८१
प्रति — १०००
मूल्य — ५ रूपिया

मुद्रक—
नेपाल प्रेस,
शुक्रपथ,
काठमाडौं ।
फोन नं. ११०३२

[नेपाली प्रकाशनको सर्वाधिकार प्रकाशकमा सुरक्षित]

# जीवन मार्ग साहित्य

Way of LIfe Literature
(Jiwan Marga Patrachar)
Post Box 8973
N.P.C. 649
Kathmandu, Nepal
Phone 9851055634
www.nepalgoodnews.com
nepalgoodnews@yahoo.com

*We are grateful to the Christians of the Inland Empire Baptist Church in Spokane, Washington, U. S. A. and to Pastor Chester Henry for the kind gift which made possible the publishing of this series of books on the local Church. It is a joy to see Christians in one part of the world helping Christians in another place.*

# मण्डली अगुवाहरूको लागि सहयोगी पुस्तक

## मण्डली अगुवाहरू र प्रचारकहरू (मिशनेरीहरू)-को लागि अध्ययन क्रम

**अनुक्रम** **पृष्ठ**


मण्डली निर्माता कार्यशाला भूमिका १

**भाग एक मण्डली के हो**

१ अध्याय मण्डलीको अर्थ ५

**भाग दुइ मण्डली र सदस्यहरू**

२ अध्याय ईश्वरलाई खुशी पार्ने एउटा मण्डलीको चिह्नहरू १५

३ अध्याय मण्डलीको सदस्यताको निम्ति चाहिएको योग्यताहरू १८

४ अध्याय सदस्यहरूको काम २०

## भाग तीन मण्डली र विधिहरू

| | | | |
|---|---|---|---|
| ५ | अध्याय | डुबाउको बप्तिस्मा | २७ |
| ६ | अध्याय | बालकहरूको बप्तिस्मा | २९ |
| ७ | अध्याय | प्रभु भोज | ३७ |

## भाग चार मण्डली र सभाहरू

| | | | |
|---|---|---|---|
| ८ | अध्याय | सभाहरूको लक्ष्य | ४३ |
| ९ | अध्याय | माण्डलिक सभाहरूको रीति | ५० |
| १० | अध्याय | हरेक ख्रीष्टयनको सभामा जिम्मावारी | ५४ |

## भाग पाँच मण्डली अनि मण्डलीको विश्वमा काम

| | | | |
|---|---|---|---|
| ११ | अध्याय | यो काम के हो ? | ५६ |
| १२ | अध्याय | यो काम कसरो गर्ने ? | ६२ |
| १३ | अध्याय | मिशनेरोहरू | ६८ |
| १४ | अध्याय | नयाँ मण्डलीको स्थापना | ७८ |

## भाग छ मण्डली औ यसको कार्यकर्त्ताहरू

१५ अध्याय माण्डलिक कार्यकर्त्ताहरूको
नाम र काम १०४

१६ अध्याय एल्डरहरू १०६

१७ अध्याय डिकनहरू १२७

१८ अध्याय अभिषेक १३०

१९ अध्याय मण्डलीको कार्यकर्त्ताहरूको स्तर १३७

## भाग सात मण्डली औ यसको अनुशासन

२० अध्याय माण्डलिक अनुशासन के हो
औ किन ? १४१

२१ अध्याय माण्डलिक अनुशासन: कसरी ? १४५

## भाग आठ विविध अध्ययनहरू

२२ अध्याय मण्डलीको कोषको निम्ति
सल्लाहहरू १६०

२३ अध्याय स्त्रीहरूको सेवा १६५

| | | |
|---|---|---|
| २४ अध्याय | मण्डली र परिवार | १७८ |
| २५ अध्याय | मण्डली र बालकहरू | १८२ |
| २६ अध्याय | मण्डली अनि पृथक्करण | १६० |
| २७ अध्याय | मण्डली काम कुरो बारे व्यवस्था | १०३ |
| २८ अध्याय | थप विषयहरू | २१२ |

**द्रष्टव्य:**

पृष्ठ २७ को मूल शीर्षकलाई **मण्डली र विधिहरू** पढ्नोस । पृष्ठ २९ को उप शीर्षक **बालकहरूको बप्तिस्मा**लाई ६ अध्याय लिनोस् । पृष्ठ ५६ भाग पाँचको शीर्षक **मण्डली अनि मण्डलीको विश्वमा काम** शीर्षक हुनुपर्ने छुटिएकोमा खेद प्रकट गर्छौं । साथै ११ अध्यायलाई **यो काम के हो ?** पढ्नुहोला । भाग आठ (पृष्ठ १६०) मण्डली औ यसको अर्थ व्यवस्था नभई **विविध अध्ययनहरू** संझनु होला । थप अरू भूलहरू नचाहँदा चाहँदै पनि पर्नु गए वापत सम्पादक खेद प्रकट गर्दछ ।

# मण्डली निर्माता कार्यशाला
# भूमिका

## के परमेश्वरले मण्डलीको नमूना दिनुभएको छ ?

मण्डली बारे ख्रीष्टियनहरूको बीचमा धेरै प्रकारका बिचारहरू छन् ।

१. मण्डलीको स्वभाव बारेमा

२. मण्डलीको प्रशासन बारे (आफै प्रशासन गर्ने, प्रेसबिटिरियन जस्तो प्रजातान्त्रिक कि क्याथोलिक जस्तो, कि समितिहरूले चलाउने इत्यादि)

३. अगुवाहरू बारे (अगुवा विना, डिकनहरूको समिति, स्त्री एल्डर, पोप औ पूजाहारीहरू)

४. यसको लक्ष्य सम्बन्धी (सामाजिक र राजनैतिक ढङ्गले संसारलाई बदलि गर्ने हो कि)

५. विधिहरू सम्बन्धी (नानीहरूको बप्तिस्मा, क्याथोलिक-हरूको प्रभुभोज)

## पूरानो नियमदेखि केही टिप्पणीहरू (नमूनाहरू)

१. परमेश्वरले बनाउनको निम्ति आज्ञा गर्नु भएको कुनै पनि कुरोको बिस्तृत निर्देशन दिइएको हुन्थ्यो ।

नूहको जहाज (उत्पत्ति ६:१३–२२)
पवित्र स्थान (प्रस्थान २५:८, ९, ४०, ३९, ४२, ४३)

२. परमेश्वरले उहाँको निर्देशनहरूलाई सम्पूर्ण रीतिले पालन गरेको चाहनु हुन्छ (व्यवस्था ४:१,२; १२:३२)

३. बलिभन्दा आज्ञापालन उत्तम हो (१ शमूएल १५:२२)

४. परमेश्वरको निर्देशनको केही भागलाई अवहेलना गर्नु जादू–टूना र मूर्तिपूजाको बराबरी हो ।

५. साँचो आत्मिक मानिसले परमेश्वरको प्रत्येक निर्देशनको वास्ता गर्छ (भजनसंग्रह ११९:६, १०४, ११८)

**के यस नयाँ नियमको युगमा परमेश्वरको निर्देशन-हरूमा पनि परिवर्तन आएको छ ?**

होइन, हामीले नयाँ नियमको पत्रीहरू सविस्तारपूर्वक पालन गर्नुपर्छ (१ तिमोथी ६:१३, १४)

१. शिक्षा सम्बन्धमा (गलाती १:६–१२, २ तिमोथी १:१३, २:२ यहूदा ३)

२. व्यवहारिक सम्बन्धमा (१ कोरिन्थी ११:२, १४:३७, २ थिस्सलोनी २:१५, १ तिमोथी ६:३–५)

परमेश्वरले स्थानीय मण्डलीको निम्ति एउटा विस्तृत नमूना दिनु भएको छ (१ तिमोथी ३:१५; तितस १:५, १ कोरिन्थी; प्रेरित; याकूब; प्रकाश २–३)

# भाग एक

# मण्डली के हो ?

## १ अध्याय

## मण्डलीको अर्थ

मण्डली शब्दको अर्थ सभा (जनसमुदाय) हो ।

**नयाँ नियममा यसको प्रयोग**

१. अविश्वासीहरूको समुदाय (प्रेरित १९:३२)

२. इस्राएलीहरूको समुदाय (प्रेरित ७:३८)

३. ख्रीष्टको मण्डलीको स्थापना (मत्ती १६:१८)

## ख्रीष्टको मण्डलीको दुइ पक्षहरू: साधारण औ स्थानीय

१. साधारण: सबै साँचो उद्धार पाएका ख्रीष्टियनहरू (हिब्रू १२:२३)

(क) यो ख्रीष्टको देहको परिपूर्णता हो (एफिसी १:२२, २३)

(ख) यो देह उद्धार पाएका परमेश्वरको जनहरूले बनिएको हो (एफिसी २:१५–२२; ३:६)

(ग) यो अनन्तकालिन हो (एफिसी ३:२१)

(घ) यो देह ख्रीष्टको अघि दाग र दोष रहित खडा गरिने छ (एफिसि ५:२३–२७)

(ङ) यो देह ख्रीष्टसित साँच्चै एकवद्ध भएर मिलेकाहरूले बनाएको हुन्छ (एफिसी ५:२९–३२)

(च) यो देह ख्रीष्टमा भएका तथा आत्माबाट पिउनेहरूको हो (१ कोरिन्थी १२:१३; गलाती ३:२७)

जस जसको नाम स्वर्गमा लेखिएको हुन्छ तिनीहरूले यो देह बनाएका हुन्छन् (हिब्रू १२:२३)

२. स्थानीय: कुनै विशेष स्थानमा ख्रीष्टियनहरूको समुदाय (१ कोरिन्थी १:२)

**(क) देह**

(**साधारण**—१ कोरिन्थी १२:१३; एफिसी १:२२, २३, स्थानीय—१ कोरिन्थी १२:२७)

**(ख) मन्दिर**

(**साधारण**—एफिसी २:१८-२२; स्थानीय—१ कोरिन्थी ३:१७)

**(ग) परमेश्वरको भवन**

(साधारण—एफिसी २:१८, १९ स्थानीय—१ तिमोथी ३:१५)

नयाँ नियममा साधारण मण्डलीको भन्दा धेरै चोटि स्थानीय मण्डलीको बारेमा बताएको छ ।

(१) प्रेरितको पुस्तकमा मण्डली बारेमा गरिएको २२ वटा उल्लेखहरू मध्ये १९ वटा स्थानीय मण्डली बारे छ ।

(२) नयाँ नियमको मण्डली बारेमा गरिएको ११५ वटा उल्लेखहरू मध्ये कमसेकम १०० वटा स्थानीय मण्डली बारेमा छ ।

(३) सम्पूर्ण नयाँ नियम नै मण्डलीलाई औ मण्डलीको निम्ति लेखिएको थियो ।

(४) ख्रीष्टियनहरू औ प्रचारकहरूले स्थानीय मण्डलीको निर्माणमा ज्यादै ध्यान दिनु उचित छ ।

(५) मिशनरी कामको लक्ष्य स्थानीय मण्डली स्थापित गर्न बढ़ाउने हुनु पर्छ । प्रचार औ बाइबल तालिम केन्द्रहरूको ध्येय सँधै वर्तमान मण्डलीहरूलाई हुर्काउने र नयाँ मण्डलीहरू शुरू गर्ने हुनु पर्छ ।

स्थानीय मण्डलीको अगुवाहरूलाई प्रभुको सेवादेखि कुनै ख्रीष्टियन संस्थामा लानु भूल हो ।

(७) स्थानीय मण्डलीमा विश्वासयोग्यता साथ सम्बन्ध नराख्ने ख्रीष्टियनहरू भूलमा छन् । रेडियोको सेवकाई, किताब तथा टेपहरूले मण्डलीको संगतिको स्थान लिन सक्दैन ।

## मण्डलीको सम्पूर्णताको निम्ति के के को आवश्यकता छ ?

मण्डली सम्पूर्ण रूपले गठन हुनु हो भने यसको आफ्नै निर्धारित एल्डरहरू र प्रशासन हुनु पर्छ (तीतस १:५)

**स्थानीय मण्डलीको नाम**

१. नयाँ नियममा मण्डलीको निम्ति विशेष कुनै नाम दिइएको छैन

"ख्रीष्टको मण्डली" (रोमी १६:१६) (नयाँ नियममा यो नाम एकै चोटि मात्र आएको छ )

"परमेश्वरको मण्डली" (१ कोरिन्थी १:२)

"ख्रीष्टमा पवित्र जन" (फिलिप्पि १:१)

"ख्रीष्टमा विश्वासयोग्य भाइ" (कलस्सी १:२; एफिसी १:१)

"पवित्र जनहरूका मण्डली" (१ कोरिन्थी १४:३३)

"जीवित परमेश्वरका मण्डली" (१ तिमोथी ३:१५)

"परमेश्वर पिता र प्रभु येशू ख्रीष्टमा भएका मण्डली" (थिस्सलोनी १:१)

२. स्थानीय मण्डलीलाई साधारणत: त्यही स्थानको नाम दिइन्थ्यो

| | |
|---|---|
| यरूशलेम | (प्रेरित ८:१) |
| एन्टिओक | (प्रेरित १३:१) |
| सिनक्रिया | (रोमी १६:१) |
| प्रिस्का र अक्लाकाको घर | (रोमी १६:१) |
| लाओडिसिया | (कलस्सी ४:१६) |
| थिस्सलोनिकी | (१ थिस्सलोनी १:१) |
| फिलेमोनको घर | (फिलेमोन २) |
| बेबिलोन | (१ पत्रुस ५:१३) |
| एफिसस | (प्रकाश २:१) |
| मर्न | (प्रकाश २:८) |
| पर्गामोस | (प्रकाश २:१२) |
| थायाटिरा | (प्रकाश २:१८) |
| सारडिस | (प्रकाश ३:१) |
| फिलेडिलफिया | (प्रकाश ३:७) |

## स्थानीय मण्डलीको महत्त्व

१. यसले परमेश्वरलाई प्रतिनिधित्व गर्छ । उहाँको नाम खतरामा छ (फिलिप्पी १:२७; २:१४–१६; १ तिमोथी ३:७; ५:१४; ६:१; तीतस २:५, ८, १०)

२. यो परमेश्वरको सम्पत्ति हो । "परमेश्वरको मण्डली" (१ कोरिन्थी १:२) बिश्वासीहरू औ अगुवाहरू परमेश्वरका घरका रखवाला मात्र हुन् (१ कोरिन्थी १:३, ३:९–१७)

३. यो सत्यताको खाँबा औ आधार हो (१ तिमोथी ३:१५) संसार अन्धकार छ (एफिसी ५:८) यदि स्थानीय मण्डली ठीक रहेन भने अन्धकारले प्रवेश गर्छ ।

४. ख्रीष्टियन जीवन औ सेवकाईको यो एउटै उचित क्षेत्र हो । ख्रीष्टियन जीवनको सबै निर्देशन औ सेवकाई बारे स्थानीय मण्डलीकै प्रसंगमा लेखिएको छ ।

## परमेश्वरलाई प्रसन्न बनाउने मण्डलीका चिह्नहरू

**नोटः**

१ः कुनै मण्डली पनि सिद्ध छैन । सिद्धता नदेखेता पनि यसको निम्ति हामीले परमेश्वरको बचन पालन गरी सिद्ध बन्ने प्रयास गर्नु पर्छ जस्तो (कोरिन्थीको मण्डलीको उदाहरण)

२. मण्डलीले ख्रीष्ट येशूबाट जीवन औ शक्ति पाउँछ । नयाँ नियमको नमूनाहरू पालन गरेर जीवन पाइन्दैन ।

३. मण्डली यसको सदस्यहरू भन्दा असल हुन सक्तैन । मण्डलीलाई असल र खराब बनाउनमा प्रत्येक ख्रीष्टियनको हात छ ।

## बिशिष्ट लक्षणहरू

१. नयाँ नियमको शिक्षा (प्रभुको चेलाहरूको शिक्षामा विश्वास गर्ने र शिक्षा दिने, प्रेरित २:४२; २ तिमोथी १:१३; २:२, फिलिप्पी ३:१७; ४:९ यहूदा ३)

२. नयाँ नियमका अगुवाहरू (पास्टर, एल्डर, विशप) प्रेरित १४:२३; तीतस १:५; १ तिमोथी ३; फिलिप्पी १:१

३. नयाँ नियमको स्वाधीन प्रशासन

(क) आफ्नै—प्रशासन (तीतस १:५)

(ख) आफ्नै खुट्टामा उभिने (स्वावालम्बी) (१ तिमोथी ५:१७, १८)

(ग) आफ्नै इच्छामा वचन प्रचार गर्ने (१ थिस्सलोनि १:८)

४. नयाँ नियमका प्रथाहरू:—

(क) विश्वासीहरूका निम्ति डुबावको बप्तिस्मा (प्रेरित २:४१; ८:१२, ३६–३९; ९:१८; १०:४७, ४८ १६:१५; ३२–३३; १९:५)

(ख) सम्झनाको निम्ति प्रभुभोज ( १ कोरिन्थी ११:२०, ३८)

५. नयाँ नियमको प्रचार संसारभरि सुसमाचार फैलाउने काम

(क) आफ्नै क्षेत्रमा (फिलिप्पी २:१६, १ थिस्सलोनि १:८)

(ख) संसारभरि (मत्ती २८:१८–२०; मर्कूस १५।१५; लूका २८:४४–४८ प्रेरित १:८)

६. नयाँ नियमको अनुशासन र पृथकता

(क) नैतिक (१ कोरिन्थी ५: एफिसी ५:३–११ २ कोरिन्थी ६:१४–१८)

(ख) शिक्षा सम्बन्धी (रोमी १६:१७, १८ तीतस ३:६–११; २ यूहन्ना ८–११)

★

## भाग दुइ

# मण्डली र सदस्यहरू

## २ अध्याय

# ईश्वरलाई खुशी पार्ने एउटा मण्डलीको चिन्हहरू

**नोट:**

१ कुनै मण्डली सिद्ध छैन । सिद्धताको माँग हामी गर्न सक्तैनौं, तर ईश्वरको वचन पछ्याउनुलाई कोशिष गर्नु पर्ने माँग गर्न सक्छौं (उदाहरण कोरन्थको मण्डली)

२ प्रभु येशू ख्रीष्टबाट एउटा मण्डलीले जीवन र शक्ति ग्रहण गर्नैपर्छ । नयाँ नियम नमूना पछ्याउनाले मात्र जीवन जन्माउन सक्तैन ।

३ सदस्यहरू भन्दा राम्रो मण्डली हुन सक्तैन । एउटा मण्डली असल र खराब प्रत्येक सदस्यले बनाउँछ ।

गुणहरू

१ नयाँ नियम सिद्धान्त र त्यो मण्डली जहाँ प्रभुका प्रेरित-हरूका सिद्धान्तहरूलाई विश्वाश गर्छन् र सिकाउँछन् (प्रेरित २:४२; २ तिमोथी १:१३; २:२; फिलिप्पी ३:१७; ४:६; यहूदा २)

२ नयाँ नियम अगुबाहरू र पास्टरहरू, विशपहरू) प्रेरित १४:२३; तीतस १:५; १ तिमोथी ३, फिलिप्पी १:१)

३ नयाँ नियम स्वयं शासनाधिकार

क. स्वयं सञ्चालित (१ तीतस १:५)

ख. स्वपालित (१ तिमोथी ५:१७,१८)

ग. स्वप्रचारित (१ थिस्सलोनिकी १:८)

४ नयाँ नियम विधिहरू:

क. विश्वाशीहरूको निम्ति डुबेर बप्तिस्मा (प्रेरित २:४१; ८:१२, ३६–३६; ६:१८; १०:४७ ४८; १६:१५, ३२–३३; १६:५)

ख. सम्झनाको रूपमा प्रभु भोज (१ कोरन्थी ११:२०–३४)

५ नयाँ नियम विश्वव्यापी प्रचार

क. आफ्नै क्षेत्रमा (फिलिप्पी २.१६; १ थिस्सलोनिकी १:८)

ख. विश्वभरि (मत्ती २८:१८–२०; १ मर्कूस १६:१५; लूका २४:४४–४८; प्रेरित १:८)

६ नयाँ नियम अनुशासन र अलगपना

क. नैतिक (१ कोरन्थी ५; एफिसी ५:३–११; २ कोरन्थी ६:१४–१८)

ख. सैद्धान्तिक (रोमी १६:१७, १८; तीतस ३:९–११; २ यूहन्ना ८–११)

★

## ३ अध्याय

# मण्डलीको सदस्यताको निम्ति चाहिएको योग्यताहरू

**मण्डलीमा किन सदस्यता हुनुपर्छ ?**

१. स्पष्टताको निम्ति: धेरै नै मण्डलीको सेवामा आउँछन्, औ हरेकलाई के के साँचो मण्डली हुन् भनी जान्न आवश्यक छ ।

२. अनुशासनको निम्ति: मण्डलीको अनुशासनको अधीनमा बस्छ ? सदस्यहरू ।

३. नयाँ नियमको उदाहरण प्रेरित २:४१, ४२

## सदस्यताको निम्ति चाहिएको योग्यताहरू

प्रभु येशू ख्रीष्टमा पश्चाताप गरी विश्वास गरेको औ बतिस्मा लिएको व्यक्ति (प्रेरित २:४१; ८:३६-३९)

**नोट:**

१. त्यस व्यक्तिले पश्चाताप गरी आपनो पाप औ मूर्ति पूजालाई छोडी येशूलाई सेवा गर्न तयार छ भन्ने प्रशस्त प्रमाण हुनुपर्छ ।

प्रेरित २:४१—"खुशी साथ तिनका कुरा ग्रहण गरे" १ थिस्सलोनी १:९ "जीवित सच्चा परमेश्वरको सेवा गर्नलाई मूर्तिहरूबाट परमेश्वरतर्फ फर्के"

प्रेरित १६:२९-३४—"तिनीहरूका घाउ धोइ दिए, बप्तिस्मा लिए औ परमेश्वरमा विश्वास गरेर सबै खुशी भए"

२. त्यस व्यक्तिले प्रभु येशू ख्रीष्टमा सम्पूर्ण रूपले विश्वास गर्छ भन्ने प्रमाण हुनु पर्छ (प्रेरित ८:३६, ३७)

३. कुनै पनि व्यक्तिमा यी सबै प्रमाणहरू पाइएन भने उसले स्थानीय मण्डलीको सदस्य हुन सक्दैन ।

## ४ अध्याय

# सदस्यहरूको काम

### परमेश्वरले विश्वासयोग्य व्यक्तिहरू रूचाउनु हुन्छ

१. बाइबलले आफ्नो मण्डली भुल्न मनाही गरेको छ (हिब्रू १०:२४, २५)

२. हरेक ख्रीष्टियन स्थानीय मण्डलीको मुख्य अंग हो (कोरिन्थी १२:१४)

(क) देहको एक भाग (१ कोरिन्थी १२)

(ख) भवनको एक भाग (१ पत्रुस २:५)

(ग) पूजाहारी (१ पत्रुस २:९)

(घ) नागरिक (फिलिप्पी ३:२०)

(ङ) घरका बालक (एफिसी २:१९)

३. नयाँ नियमका ख्रीष्टियनहरू स्थानीय मण्डलीका (सेवक) दासहरू भएको कारण तिनीहरूको प्रशंसा गरिएको छ (रोमी १६:१, १ कोरिन्थी १६:१५, फिलिप्पी २:१९–२२, २५–२६; कलस्सी ४:१२, १३)

विश्वासयोग्य हुने कारणहरू के के हुन् ?

## प्रत्येक ख्रीष्टियनलाई मण्डलीको आवश्यकता छ

१. संगतिको निम्ति (हिब्रू १०:२४, २५, कलस्सी ३:९, १३, १६; रोमी १५:१४)

२. शिक्षाको निम्ति (हिब्रू १३:७, एफिसी ४:११–१६ प्रेरित २०:२८–३२)

३. उदाहरणको निम्ति (अगुवाहरूको, हिब्रू १३:७; भाइहरूको, हिब्रू १०:२४)

४. अनुशासनको निम्ति—

(क) अगुवाहरूद्वारा (हिब्रू १३:१७)

(ख) भाइहरूद्वारा (हिब्रू १०:२५; ३:१३, १४; १ थिस्सलोनी ५:१४)

५. शारीरिक आरोग्यको निम्ति (याकूब ५:१४, १५)

६. आत्मिक आरोग्यको निम्ति (याकूब ५:६)

७. प्रभुभोजमा भाग लिनलाई (१ कोरिन्थी ११:२३-३१)

८. ख्रीष्टको न्याय-आसनमा इनाम र आनन्द पाउनका निम्ति (१ कोरिन्थी ३:९-१७)

## मण्डलीलाई प्रत्येक ख्रीष्टियनको आवश्यकता छ

१. मण्डलीलाई प्रत्येक ख्रीष्टियनको आत्मिक वरदानहरूको आवश्यकता छ (रोमी १२:३-८; १ पत्रुस ४:१०,११)

२. मण्डलीलाई प्रत्येक ख्रीष्टियनको जीवनको उदाहरण र प्रोत्साहनको आवश्यकता छ (हिब्रू १०:२४, १५)

३. मण्डलीलाई नबचाइएकाहरू कहाँ सुसमाचार पुऱ्याउनलाई प्रत्येक ख्रीष्टियनको जीवन साक्षी र गवाहीको आवश्यकता छ (फिलिप्पी २:१५, १६)

४ मण्डलीलाई ख्रीष्टको महान् आज्ञा पूरो गर्नलाई प्रत्येक ख्रीष्टियनको दान र प्रयासको आवश्यकता पर्छ (मत्ती २८:१८-२०; मर्कूस १६:१५; लूका २४:४४-४८ प्रेरित १:८)

विश्वास योग्यताको निम्मि के को आवश्यकता पर्छ ?

## अगुवाहरूलाई साथ दिनु

१. तिनीहरूलाई सम्मान औ प्रेम गर्नु पर्छ (१ थिस्सलोनी ५:१२, १३) परमेश्वरले चुन्नु भएको अगुवाको तीनवटा प्रमाणहरू याद गर्नोस्:

(क) तिनीहरूले मण्डलीको काममा परिश्रम गर्छन्।

(ख) मण्डलीको हेरचाह र अगुवाईको निम्ति तिनीहरूले वरदान पाएका हुन्छन् ।

(ग) तिनीहरूमा शिक्षा दिने र भूल सुधार्ने योग्यता हुन्छ ।

२. तिनीहरूको शिक्षा पालन गर्नु (एफिसी ४:११, १२)

३. तिनीहरूको दृष्टान्त (उदाहरण) लाई पछ्याउनु (हिब्रू १३:७, १ पत्रुस ५:३)

४. तिनीहरूको अधीनमा वस्नु ( हिब्रू १३:१७ ) । अगुवाहरूलाई पनि मण्डलीलाई बाइबल अनुसार ठीक बाटो देखाउने जिम्मावारी छ नत्र तिनीहरूको केही अधिकार छैन (हिब्रू १३:७)

५. तिनीहरूको निम्ति प्रार्थना गर्नु (एफिसी ६:१८, १९, कलस्सी ४:२, ३ २ थिस्सलोनी ३:१,२ २ हिब्रू १३:१८, १९)

## सभाहरूमा साथ दिनु

१. आफू उपस्थित भएर (हिब्रू १०:२५)

२. प्रार्थना गरेर (कलस्सी ४:२, ३, एफिसी ६:१८, १९)

३. भाइहरू सित संगति राखेर (हिब्रू १०:२४, २५)

४. अविश्वासीहरूलाई साक्षी दिएर (१ कोरिन्थी १४:२३–२५) तिनीहरूको निम्ति प्रार्थना गरेर, बोलेर, किताबहरू दिएर ओ आफ्ना घरमा बोलाएर।

## विश्वासीहरूलाई साथ दिनु

१. यो सबैभन्दा ठूलो कुरो हो (१ कोरिन्थी १३:१३)

२. ख्रीष्टको चेला हो भन्ने यो प्रमाण हो (यूहन्ना १३:३५)

३. आत्माको वशमा रहेको प्रमाण हो (एफिसी ५:१८–२१)

४. प्रेरितहरूले ख्रीष्टियन जीवन बारे उल्लेख गरेको यो सबैभन्दा पहिलो कुरो हो (एफिसी ४:१–६)

**प्रचारलाई साथ दिनु**

१. प्रचारमा गएर (साक्षी) (२ कोरिन्थी ५:१७–२१)

२. प्रार्थना गरेर (१ तिमोथी २:१–४)

३. आर्थिक सहयोग दिएर (२ कोरिन्थी ६:६, ७)

**के बाइबलले ख्रीष्टियनहरूलाई मण्डली बाइबल विरूद्ध छ भने पनि मण्डलीप्रति विश्वासयोग्य भै बस्नु भन्छ ?**

१. होइन ! हरेक ख्रीष्टियनलाई मण्डलीमा सबै ठीक छ या छैन भनी बुझ्ने जिम्मावारी छ (१ थिस्सलोनी ५:२१)

२. होइन ! हरेक ख्रीष्टियनलाई पृथक बस्ने जिम्मावारी छ (एफिसी ५:१३–११; रोमी १६:१७, १८; थिस्सलोनी ३:६ २ यूहन्ना ४–११)

३. होइन ! मण्डली अनुशासन अगुवाहरूको जिम्मावारी मात्रै होइन यो हरेक ख्रीष्टियनको जिम्मावारी हो (१ कोरिन्थी ५, मत्ती १८:१५–१७ हिब्रू ३:१३–१४)

४. होइन ! प्रभु येशू पनि उहाँको आज्ञा पालन नगर्ने मण्डलीमा बस्नु हुन्न (प्रकाश २:४, ५; ३:१५, १६)

५. होइन ! मण्डलीका अगुवाहरूको अधिकार बाइबल मात्र हो । बाइबलदेखि बाहिर गए ख्रीष्टियनहरू माथि तिनको केही अधिकार हुँदैन (हिब्रू १३:७) गन्ती १०:१–१० मा उल्लेख गरिएको चाँदिको तुरही बारे पढेर तुलना गर्नोस् ।

**चेतावनीहरू:—**

१. कुनै मण्डलीपनि सिद्ध छैन । ख्रीष्टियनहरू विश्वासयोग्य भई काम गरेर सकभर मण्डलीको उन्नति गरोस् भन्ने परमेश्वरको इच्छा छ । यसको उदाहरण हामी कोरिन्थीमा मण्डलीप्रति पावलको व्यवहारलाई लिन सकछौं ।

२. मण्डलीलाई त्याग्दा होशियारीसँग सोच्नु पर्छ । यस विषयमा बाइबलबाट स्पष्ट ज्ञान नपाई अथवा परमेश्वरको इच्छाप्रति निश्चय नभई नत्याग्नु होस् ।

३. मण्डलीको कुनै पनि स्थितिमा ख्रीष्टको जस्तो आत्मा राख्नु होस् (प्रकाश ३:१७–१९; २ तिमोथी २:२४–२६ गलाती १:६) ।

भाग तीन

# मण्डली र यसको अभिषेक

५ अध्याय

## डुबाउको बप्तिस्मा

**यो के हो ?**

नयाँ नियममा बप्तिस्मा भनेको पानीभित्र डुब्नु भनेको हो ।

१. **बप्तिस्मा** शब्दको अर्थ डुबकी हो

२. प्रथम मण्डलीहरूले डुबेर बप्तिस्मा लिने गर्थे (प्रेरित ८:३५–३८)

३. डुबेर मात्र गाड़िने र बौरि उठ्ने कुरोको चित्रण दिन्छ (रोमी ६:३–६, कलस्सी २:१२, १३)

**कसलाई बप्तिस्मा दिइन्छ ?**

पश्चाताप गरेर प्रभु येशू ख्रीष्ट माथि विश्वास गर्नेहरूलाई (प्रेरित २:३८–४१; ८:१२, ३५–३८; ६:१८; १०:४७ ४८; १६:१४, १५, ३०–३३; १८:८)

**के ख्रीष्टियनहरूले बप्तिस्मा लिनु अत्यन्त जरूरी छ ?**

यो प्रभुको आज्ञा हो (मत्ती २८:१९)। बप्तिस्माको अवहेलना गर्ने अथवा बदली गर्ने अधिकार मिशनरी, प्रचारक, मण्डलीका अगुवा अथवा कसैलाई पनि छैन। कुनै, ख्रीष्टियन-लाई पनि नयाँ नियमको बप्तिस्मा रद्द गर्ने अधिकार छैन।

**बप्तिस्माको अभिप्राय के हो ?**

१. यसले मुक्तिको चित्रण दिन्छ। यसले ख्रीष्ट सित मरेर नयाँ जीवनमा प्रवेश गरेको कुरोको चित्रण दिन्छ (रोमी ६:३–६, कलस्सी २:११–१३)। पाप धोएको कुराको पनि प्रमाण दिन्छ (१ पत्रुस ३:२१)

२. यो सर्व साधारणको अघि एक साक्षी हो।

३. यो मुक्तिको प्रमाण हो (मर्कूस १६:१७, प्रेरित २:४१) ख्रीष्टको स्वर्गारोहणपछि कोही पनि विश्वास गरे छुट्टै बप्तिस्मा नलिएकाहरू छैनन्

४. नयाँ ख्रीष्टियनहरूको निम्ति आज्ञाकारिताको पहिलो कदम हो (प्रेरित २:४१, ८:१२; ९:१८)

**बालकहरूको बप्तिस्मा**

यो के हो ? बाल–बप्तिस्मामा मुक्ति तथा आत्मिक आशिषको निम्ति बालकहरू माथि पानी छर्केको हो । यस विषयलाई मान्यता दिने विभिन्न झुण्डका मानिसहरूको आ' आफ्नै विचार छ ।

**कस कसले बाल–बप्तिस्मा दिने चलन गर्छ ?**

रोमन क्याथोलिक, ग्रीक मण्डली, लुथरन, एपिसकोपलिन, यूरोपका विभिन्न मण्डलीहरूमा (इङ्गल्याण्ड, जर्मनी, स्कटल्याण्ड, होल्याण्ड, स्काण्डेनेभिया इत्यादि)

**यो भूल हो भनी कसरी जान्न सकिन्छ ?**

१. नयाँ नियममा यसको शिक्षा दिइएन ।

"कतिले नयाँ नियममा उल्लेख गरिएका सारा

परिवारको बप्तिस्माले त्यहाँ बालकहरू पनि थिए र बाल-बप्तिस्मा ठीक कुरो हो भनी प्रमाण दिन खोज्छन् ।

यो कुरो साँचै ठीक हो भन्न सकिन्दैन । ती परिवारहरूमा बालकहरू थिए होलान् औ तिनीहरूको पनि बप्तिस्मा भयो भन्ने कुरोमा विशेष केही प्रमाण छैन ।

## लिडिया र तिनको परिवार

(प्रेरित १६:१४,१५)

लिडियाको विषय लिएर बालकहरू बप्तिस्मा दिनेहरूले यस कुरोमा विशेष जोड दिन्छन् । लिडिया थाइआतीरा शहरको एक व्यापारी स्त्री थिइन् । तिनले पावलको प्रचार सुनेको समय तिनी व्यापार सम्बन्धी कुरोमा घरदेखि तीनसय माइल टाढ़ा थिइन् । त्यसपछि तिनको उद्धार भयो र तिनको सारा परिवारले पनि बप्तिस्मा लिए । यदि तिनको परिवारमा साना बालकहरू भए तिनी यत्ति टाढ़ा व्यापार गर्न जाने थिएनन् होला । घरदेखि यत्ति टाढ़ा गएको कारण सायद फिलिप्पीमा (घरमा) सबै तिनका बालकहरू हुर्कि सकेर व्यापारमा लागि सकेको हुनुपर्छ ।

## फिलिप्पीका जेलका हाकिम र तिनको परिवार:—

(प्रेरित १६:३०–३६)

बाल बप्तिस्मालाई जोड दिनलाई फिलिप्पीका हाकिमको घटना पनि उल्लेख गरिन्छ। पावल र सिलासले परमेश्वरको वचन जेलका हाकिम र तिनको सारा परिवारलाई सुनाए (प्रेरित १६:३२) त्यसपछि हाकिम र तिनको परिवारलाई बप्तिस्मा दियो। प्रेरित १६ अध्यायमा जेलका हाकिम र तिनका परिवार आनन्दित भए, परमेश्वरमाथि विश्वास गरे औ बप्तिस्मा लिए भनिएको छ (प्रेरित १६:३२, ३३)। बालकहरूको विषयमा यस्तो कुरो हुन सक्तैन औ त्यहाँ बालकहरू पनि थिए भन्ने कुनै संकेत दिइएको छैन।

स्तिफनसको परिवार (१ कोरिन्थी १:१६) यस घटनालाई पनि बालकहरूको बप्तिस्मा प्रथम मण्डलीहरूमा दिइन्थ्यो भन्ने प्रमाणको निम्ति चलाउँछन्, तर यहाँ स्तिफनको परिवारमा कुनै बालक थिए भनी उल्लेख गरिएको छैन। सम्भव छ कि पावलले कुनै परिवारका सारा व्यक्तिहरूले विश्वास गरेपछि मात्र बप्तिस्मा दिने गरेका थिए होलान्। १ कोरिन्थी १६:१५ मा स्तिफनसका सारा परिवारले पवित्र जनहरूका सेवाको निम्ति आफैलाई अर्पण

गरे भनी लेखिएको छ । यो बालकहरूको निम्ति भनिएको हुन सक्तैन" (ब्यापटिस्ट चर्चेसा सिद्धान्त तथा प्रथाहरू, एडवर्ड हिजकक्स, ४७३–४४७ पाता)

२. यो नयाँ नियमको बप्तिस्माको शिक्षाको विरूद्ध छ ।

(क) पानी छर्केर बालकहरूको बप्तिस्मा दिनु भूल विधि हो

(ख) बाल बप्तिस्मामा भूल विषय प्रयोग गरिन्छ किनभने बालकहरूले विश्वास गर्न सक्तैनन् ।

(ग) बाल–बप्तिस्माबाट मुक्ति तथा आत्मिक आशिष पाउने भूल धारणा हो ।

३. मुक्ति तथा आत्मिक आशिष रीति रिवाज ओ अर्काको बिश्वासद्वारा पाउन सकिन्दैन (भजनसंग्रह ४९:७, ८)

## मुक्तिको सम्पूर्ण आशिष व्यक्तिगत विश्वासद्वारा पाइन्छ

(प्रेरित १६:३०, ३१, एफिसी २:८; २ थिस्सलोनी ३:१३, १४, २ तिमोथी ३:१५)

(क) अनन्त जीवन (यूहन्ना ३:१६)

(ख) परमेश्वरको सन्तान (यूहन्ना १:१२)

(ग) न्याय औ परमेश्वरसित मिलाप (रोमी ५:१)

(घ) पवित्र–आत्मा (एफिसी १:१२–१४)

४. यसले (बालकको बप्तिस्मा) मुक्ति औ आशिष बिशेष कुनै परिणाम स्वरूप बप्तिस्मा लिने बालकले झूटो सुरक्षा पाउँछ। बालक अवस्थामा बप्तिस्मा लिने हजारौं मानिसहरू ठूलो भएपछि नयाँ जीवनको अनुभव नै नभए पनि स्वर्ग जान पाइन्छ भनी सम्झन्छन्। तिनीहरूले आफ्नो बालक अवस्थामा लिएको बप्तिस्मा र मण्डलीको सदस्यतामा विश्वास गर्छन्।

५. यसले मण्डलीलाई नयाँ जन्म नपाएका सदस्यहरूको जमात मात्र बनाउँछ। कत्ति वटा मण्डलीहरूमा बालकको बप्तिस्माको सेवकाईको पछि झट्टै तिनलाई मण्डलीको सदस्य पनि बनाउँछन्। अरू कति मण्डलीमा बालकहरूलाई पूर्ण सदस्यको रूपमा लिंदैनन् तर पछि त्यही बालकहरू बढेपछि नयाँजन्मको केही प्रमाणहरू नभई मण्डलीको सदस्य बनाउँछन्। दुवै प्रकारका प्रथाहरूमा बालकहरूको बप्तिस्माद्वारा मण्डलीमा उद्धार

नपाएका सदस्यहरूले भरिएको हुन्छ। यही मुख्य कारणले गर्दा यस्ता मण्डलीहरू निर्बल औ आत्मिक अवस्थामा अपवित्र हुन्छन्।

६. धर्मशास्त्रमा कहीं मुक्तिको केही भाग बारे सिकाउँदैन। बाल–बप्तिस्माले उद्धार दिन्छ या दिंदैन (२ कोरिन्थी ५:१७; तीतस ३:५–७; एफिसी १:३–७; रोमी ५:१, २) साँचै भनौं भने बाल–बप्तिस्माले उद्धार दिंदैन।

७. बाल–बप्तिस्मामा सेवा चलाउने प्रभुको दासलाई कूटो कुरो बोल्न लाउँछ। उसले भन्छ "म तिमीलाई बप्तिस्मा दिंदैछु" तर वास्तवमा उसले पानी छर्कंदै गरेको हुन्छ। उसले यसो भनेर पनि कूट बोल्छ "यस बालक ख्रीष्टको देहको मण्डमीमा गाभियो।" बालकहरू न ता उद्धार पाएका हुन्छन् न ता मण्डलीका साँचो सदस्य नै बन्न सक्छन्। फेरि उसले कूट बोल्छ—"पवित्र आत्माद्वारा यस बालकलाई नयाँ जीवन प्रदान गर्नु परमेश्वरलाई अत्यन्तै खुशी लागेको छ यस बालकलाई आफ्नै बालकको रूपमा उहाँले ग्रहण गर्नु हुन्छ र आफ्नो

पवित्र मण्डलीमा गाभ्नु हुन्छ।" यी कुनै कुरो पनि बालकको निम्ति सत्य हुँदैन औ बप्तिस्माद्वारा यी मध्ये कुनै कुरो पनि पाइन्दैन ।

किन यत्ति धेरै ख्रीष्टियन मण्डलीहरूले बाल–बप्तिस्माको प्रथालाई मान्यता दिन्छन् ?

१. किनभने बाल–बप्तिस्मा ती मण्डलीहरूमा पौराणिक चलन हो। धेरै ख्रीष्टियनहरूले मण्डलीको रीति रिवाज बारे प्रश्न गर्दैनन् यद्यपि ती रीति रिवाजहरू बाइबलको विरूद्ध हो ।

२. ती मण्डलीहरूमा थोरैले मात्र बाइबल अध्ययन गर्छन् । यो काम तिनीहरूले अगुवाको हातमा छोड्छन् र आफै चाँहि बाइबलको शिक्षा देखि अनभिज्ञ रहन्छन् । तिनीहरूका अगुवाहरूले जे सिकाउँछन् त्यही विश्वास गरी तिनीहरू पछि लाग्छन् (१ थिस्सलोनी ५:२१ सित तुलना गर्नुहोस् )

३. कतिले भन्छन् बाल–बप्तिस्मा खतनाको स्थानमा आएको हो यद्यपि नयाँ नियमले यस कुरोलाई समर्थन गर्दैन ।

४. कतिले भन्छन् नयाँ नियमले नसिकाए पनि मण्डलीलाई नयाँ धर्म तिथि जस्तै–बाल–बप्तिस्मा, दिने अधिकार छ तर यो विचार पावलको शिक्षाको प्रतिकूल हो। तिनले भनेका छन् मण्डलीको अभिभारा प्रेरितहरूले सिकाएको हो। शिक्षाहरू परिवर्तन नगरी पालन गर्नु हो। (२ थिस्सलोनी २:१५, २ तिमोथी १:१३, २:२; १ तिमोथी ६:१३, १४; फिलिप्पी ३:१७; ४:९)।

## ७ अध्याय

# प्रभु-भोज

यो के हो ? यो ख्रीष्टको मृत्यु औ रगतबाट हुने उद्धारको स्मरण गराउने स्मृति-भोज हो (मत्ती २६:२६-२८; मर्कूस १४:२२-२४; लूका २२:१९-२१)

**यसबाट पाइने लाभहरू**

१. यसले ख्रीष्टियनहरूलाई ख्रीष्टको मृत्युको स्मरण दिलाउँछ (१ कोरिन्थी ११:२४-२६)

२. यसले ख्रीष्टियनहरूलाई ख्रीष्टको दोस्रो आगमनको स्मरण दिलाउँछ (१ कोरिन्थी ११:२६)

३. यसले ख्रीष्टियनहरूलाई दुष्टतादेखि टाड़ा रही पवित्र रहने सम्झना दिलाउँछ (१ कोरिन्थी १०:२०,२१) । यो

समय हृदय जाँच्ने र पाप क्षमा माग्ने सलय हो (१ कोरिन्थी ११:२८, १ यूहन्ना १:९)

४. यसले ख्रीष्टियनहरूलाई हामी ख्रीष्टमा एक हौं भन्ने कुरोको सम्झना दिलाउँछ (१ कोरिन्थी १०:१६, १७)। यसले हामीलाई एकता, संगति, क्षमा औ प्रेमको आवश्यकत्ता बारे सम्झना दिलाउँछ (एफिसी ४:१–१३, ३०–३२; कलस्सी ३:१२–१५)

**नोट:**

यो एकता साँचो विश्वासीहरूको माझमा मात्र हुन्छ। झूटो शिक्षा प्रचार गर्नेहरू र दुष्ट जीवन बिताउनेहरू यसमा सम्भागी हुन सक्तैन साँचो ख्रीष्टियन एकताको केन्द्र प्रभु येशू ख्रीष्ट र बाइबल हुन पर्छ। यी दुइ कुरो एका अर्का सँग सहमत भएका हुन्छन् (२ यूहन्ना ९:१०; यूहन्ना ८:३१, ३२)। बाइबलको शिक्षालाई अस्वीकार गर्ने व्यक्तिले येशूलाई अस्वीकार गरिरहेको हुन्छ, किनभने बाइबलको लेखक येशूनै हुनु हुन्छ। यस्ताहरू सित साँचो ख्रीष्टियनहरूले एकता नराखी अलग्गै बस्न पर्छ (रोमी १६:१७, १८, तीतस ३:९–११ १ तिमोथी ६:३–५, २ तिमोथी ३:५, २ यूहन्ना ९:१०)

## प्रभु भोज सम्बन्धी तीनवटा भूलहरू

१. यसबाट शक्ति आशिष तथा मुक्ति पाउने आशा गर्नु। रोमन क्याथोलिक औ कतिपय मण्डलीहरूले यो भूल गर्छन्। ख्रीष्ट कुनै रीतिले रोटी र दाखरसभित्र पस्नु हुन्छ र त्यसबाट भाग लिनेहरूले ख्रीष्टको शक्ति र बल पाउँछन् भनी तिनीहरूले सिकाउँछन्। यो शिक्षा १ कोरिन्थी ११:२३–२६ को विरुद्धमा छ। प्रभु भोज केवल एक स्मृति भोज मात्र हो।

२. प्रभु भोजलाई हल्का रीतिले लिनु। यो समस्या कोरिन्थको मण्डलीमा पनि थियो (१ कोरिन्थी ११:२०–३४)।

३. प्रभु भोजको अवहेलना गर्नु अथवा मण्डलीमा यसलाई मुख्य स्थान नदिनु। कत्ति मण्डलीहरूमा प्रभु भोज धेरै महिनापछि वा वर्षमा एकचोटी मात्र हुन्छ। शुरूको मण्डलीहरूमा प्रभु भोज घरिघरि औ निरन्तर मनाइन्थ्यो। त्रोआसका मण्डलीमा प्रभु भोज हरेक आइतबार हुन्थ्यो (प्रेरित २०:७)। यरूशलेमको प्रथम मण्डलीमा प्रभु भोज जीवनको मुख्य भाग थियो (प्रेरित २:४२)।

कोरिन्थीमा पनि यो निरन्तर गरिन्थ्यो (१ कोरिन्थी ११:२०) । यो हामीलाई प्रेरणा दिने उदाहरण हो ।

**प्रभु भोजमा भाग लिनलाई चाहिएको योग्यताहरू:—**

१. भाग लिने हरेक व्यक्ति उद्धार पाएका ख्रीष्टियन हुनुपर्छ (१ कोरिन्थी १०:१६७) ।

२. त्यस व्यक्तिले बप्तिस्मा लिएको हुनुपर्छ र स्थानीय मण्डलीसित संगति राखेको हुनुपर्छ (प्रेरित २:४१,४२, १ कोरिन्थी ५:११) । शुरूको मण्डलीहरूमा प्रभु भोज स्थानीय मण्डलीहरूमा लिइन्थ्यो (प्रेरित २०:७, १ कोरिन्थी ११:१८–३४) ।

३. प्रभु भोज लिने व्यक्तिको सम्बन्ध प्रभुसित ठीक हुनपर्छ (१ कोरिन्थी ११:२७–३१) । यसले गर्दा बाइबलको आज्ञा पालन गर्न र पाप क्षमा माग्दै जीवन बिताउँनमा सहायता मिल्छ (यूहन्ना ८:३१, ३२)

**संगतिको बाहिरदेखि आएका मानिसहरूलाई के गर्ने ?**

बाहिरदेखि आएका मानिसहरू यदि तिनीहरूमा

प्रभु भोज लिने सबै योग्यताहरू छ भने तिनीहरूले लिन सक्छन् । प्रेरित २०:४–७ मा पावल र तिनका साथीहरूले त्रोआसको मण्डलीमा प्रभु भोजदेखि भाग लिएका हामी देख्छौं ।

१. त्यो व्यक्तिले उद्धार पाएको हुनपर्छ ।

२. उसको बप्तिस्मा भएको हुनुपर्छ र आफ्नो स्थानीय मण्डलीसित उसको सम्बन्ध ठीक भएको हुनुपर्छ ।

३. प्रभुसित उसको सम्बन्ध ठीक हुनु पर्छ ।

## प्रभु भोजको सेवा कसलाई सञ्चालन गर्ने अधिकार छ ?

नयाँ नियमको उदाहरणमा हामी प्रभु भोज स्थानीय मण्डलीको निर्देशनमा मण्डलीको सभाहरूमा गरिएको पाउँछौं (प्रेरित २०:७, कोरिन्थी ११:१८–३४) । स्थानीय मण्डलीलाई प्रभु भोजको सेवा सञ्चालन गर्ने अधिकार छ ।

## प्रभु भोज औ मण्डलीको अनुशासन

मण्डलीले अनुशासनमा राखेको प्रत्येक व्यक्तिले प्रभु भोजबाट भाग लिने अधिकार छैन (१ कोरिन्थी ५:११)

अयोग्य व्यक्तिहरूलाई प्रभु भोज लिनु नदिनु स्थानीय मण्डलीको अधिकार छ ।

## प्रभु भोज सञ्चालन गर्ने रीति

१. एउटै रोटी र एउटै कचौरामा रस हुनुपर्छ (१ कोरिन्थी १०:१६, १७) । यसले प्रभुको देहको सहभागी भएको ठीक चित्रण दिंदछ ।

२. खमीर नभएको रोटी र नछिप्पिएको अंगुरको रस प्रयोग गर्नुपर्छ (१ कोरिन्थी ५:८) । खमीर बाइबलमा पाप र अपवित्रताको चिह्न हो । यसर्थ प्रभु भोजमा यो हुनु हुँदैन । प्रभुको शरीर र रगत शुद्ध थियो ।

३. प्रभु भोजको सेवा प्रचारको सेवादेखि अलग्गै गरेको राम्रो हुन्छ । यसरी मण्डलीका अगुवाहरूले भोजमा योग्य व्यक्तिहरूलाई मात्र राख्न सक्छन् ।

## भाग चार

# मण्डली र सभाहरू

## ८ अध्याय

# सभाहरूको लक्ष्य

**शुरूका मण्डलीहरूले के गर्थे**

(प्रेरित २:३८-६२)

१. प्रचार

२. बप्तिस्मा

३. शिक्षा दिने काम

४. संगति दिने काम

५. प्रभु भोजमा भाग लिने काम

६. प्रार्थना

## सभाहरूको लक्ष्य

१. परमेश्वरको सेवाको निम्ति विश्वासीहरूलाई तालिम दिनु (एफिसी ४:११–१२)
१ कोरिन्थी १४ अध्यायमा यस कुरोलाई जोड दिएको छ, यसर्थ हामी यसलाई पहिले राख्छौं (१ कोरिन्थी १४:५,१२,१५,१९,३१)

(क) बाइबल मात्र एउटै हतियार हो (प्रेरित २०:२८-३२,२ तिमोथी ३:१६,१७)

(ख) सम्पूर्ण बाइबल अध्ययन गर्नै पर्छ (तिमोथी ३:१६,१७)

(ग) सबै शिक्षाहरू सिकाउनै पर्छ (तिमोथी ३:१६, प्रेरित २०:२७)

(घ) कड़ाकड़ी सम्झाउनु पर्छ (२ तिमोथी ३:१६)। यसको अर्थ कसैको भूललाई सफासित बुझन लगाउनु हो (मत्ती १८:१५; लुका ३:१९; गलाती २:११–१४)। मण्डलीको प्रत्येकलाई सम्झाउने अधिकार छ (तीतस २:१५)।

(ङ) भूल देखाइ दिनपर्छ (२ तिमोथी ३:१६)।
यसको अर्थ उसलाई ठीक मार्गमा ल्याउनु हो; हामीलाइ कसैलाई हप्काउँदा हाम्रो लक्ष्य सँधै यो हुनु पर्छ। हाम्रो लक्ष्य कसैलाई अप्ठयारोमा पार्नु अथवा दुखित बनाउनु होइन तर प्रभु अघि सब कुछ ठीक गर्नु हो।

(च) धार्मिकताको शिक्षा दिनु पर्छ (२ तिमोथी ३:१६)। यो ख्रीष्टियन जीवन औ कर्त्तव्यको व्यवहारिक शिक्षा हो उदाहरणहरू– रोमी १२–१५; एफिसी ४–६; कलस्सी ३–४; १ थिस्सलोनी ५; २ थिस्सलोनी ३ औ हिब्रू १३। नयाँ नियमका कत्तिवटा सम्पूर्ण किताबहरू यही विषयमा नै लेखिएका छन्; जस्तैः– १ कोरिन्थी, १,२ तिमोथी, तीतस, याकूब औ पत्रुस।

२. परमेश्वरसित सम्बन्ध राख्नुः प्रशंसा, प्रार्थना औ भजन

## प्रशंसाको अर्थ के हो ?

प्रशंसाले परमेश्वरलाई प्रसन्न बनाउँछ। लेवी १–३ मा उल्लेख गरिएका भेटीहरू ग्रहणयोग्य आराधनाको

उदाहरणहरू हुन् । ती भेटीहरू प्रभु येशू ख्रीष्टका प्रतिरूप हुन् । होम बलि उहाँको भक्तिको प्रतिरूप हो । अन्न बलिले उहाँको जीवनको चित्रण दिन्छ मेल बलिले उहाँको बलिदान पूर्ण मृत्युलाई देखाउँछ । प्रभु येशूले परमेश्वरको आराधना आफ्नो भक्ति, जीवन र मृत्युद्वारा गर्नु भयो । आराधनाको निम्ति हाम्रो उदाहरण येशू हुनुहुन्छ ।

## प्रशंसाको अरू नाउँहरू

(क) बलि चढाउनु (१ पत्रुस २:५, हिब्रू १३.१५,१६)

(ख) महिमा औ आदर (१ तिमोथी १:१७, एफिसी १:२१)

## हामीले परमेश्वरको प्रशंसा कसरी गर्नु पर्छ ?

(क) परमेश्वरको प्रशंसा ओंठले गर्नुपर्छ हिब्रू १३:१५)

(ख) आज्ञाकारी जीवनद्वारा परमेश्वरको प्रशंसा गर्नु पर्छ (हिब्रू १३:१६, रोमी १२:१,२; १ पत्रुस २:६–४:१६) जस्तै:–स्त्रीले नम्र र शान्त आत्मा द्वारा परमेश्वरको प्रशंसा गर्न सक्छे (१ पत्रुस ३:४)

(ग) वचन ठीकसँग सिकेर उहाँको प्रशंसा गर्नुपर्छ (२ तिमोथी २:१५)

(घ) आत्मिक वरदानहरू परमेश्वरको सेवकाईमा लगाएर उहाँको प्रशंसा गर्नुपर्छ (१ पत्रुस ४:१०,११)

(ङ) येशू ख्रीष्टको साक्षी दिएर परमेश्वरको प्रशंसा गर्नुपर्छ (२ कोरिन्थी २:१४,१५)

(च) परमेश्वरलाई भेटी दिएर उहाँको प्रशंसा गर्न पर्छ हिब्रू १३:१६)।

आत्मामा भईकन गर्नाले परमेश्वर प्रसन्न बन्नुहुन्छ। यी सबै कुरोले परमेश्वरको महिमा औ प्रशसा गर्छ। एउटालाई अर्कोभन्दा ज्यादा महत्व दिनु हुँदैन। प्रशंसा औ आराधनामा यी सबै कुरो आउँछन्।

३. उद्धार नपाएकाहरूलाई ज्योति दिनु (१ कोरिन्थी १४:२४,२५)

**नोट:**

(क) मण्डलीको सभाहरू विशेष गरी विश्वासीहरूको निम्ति हो, तर उद्धार नपाएकाहरूको हामीले ख्याल गर्नु पर्छ। यो १ कोरिन्थी १४ को उदाहरण हो ।

(ख) उपस्थित भएका सबै मानिसहरूको आत्मिक अवस्था हामी जान्दैनौ (प्रेरित ८:१२-२३; २ कोरिन्थी १३:५) ।

(ग) सुसमाचार ख्रीष्टियन साथै अविश्वासीहरूको निम्ति पनि हो (रोमी १:१६; १६; २५,२६)

**यदि हामीले सभाहरूमा सुसमाचार प्रचार गरेनौं भने के हुन्छ?**

(क) सभामा आएका नबाँचेका मानिसहरूले उद्धारको मार्ग देखेर प्रवेश गर्न सक्तैन, (यूहन्ना १०:६; १ कोरिन्थी १:१७-२४; २:२; रोमी १:१५,१६, यूहन्ना ३:१४,१५) । परमेश्वरको खोजीमा

उत्सुक रहने व्यक्तिहरूलाई पनि उद्धार दिलाउनका निम्ति सुसमाचार सुनाउनै पर्छ (प्रेरित १०)।

(ख) उद्धार नपाएका व्यक्तिहरूले अरू केही कुरो बुझ्दैनन्, (१ कोरिन्थी २:१४; प्रेरित ८:२६–३५)। पुरानो नियमको पवित्रस्थानले यस कुरोको उदाहरण दिन्छ। पुजाहारी पवित्रस्थानभित्र पसेर बत्तीहरूको ज्योति देख्न अघि उ पहिले वलिको वेदी भएर जानु पर्छ (प्रस्थान २५:३१–४०,४०:२४,२५)।

(ग) उद्धार नपाएकाहरूले उनीहरूकै उद्धारको विचारलाई पर्खिरहनेछ (यूहन्ना ६:२८,२९)। तिनीहरूले उद्धार नै नपाई ख्रीष्टियनहरूको देखासिकी गरी नयाँ नियमका आज्ञाहरू पालन गर्न थाल्छन्। हामी अत्यन्तै होशियार रहनु पर्छ, कसैले रोमी ६–१५ मा उल्लेख गरिएको जीवन विताउन चाहन्छ भने पहिले उसले रोमी १–५ को अनुभव पाएको हुनुपर्छ।

(घ) ख्रीष्टियनहरू आफ्ना नवाँचेका मित्रहरूलाई सभामा ल्याउन उत्साहित हुनुपर्छ।

## ६ अध्याय

# माण्डलिक सभाहरूको रीति

(१ कोरिन्थी १४)

नोट:

१. १ कोरिन्थी १४ अध्यायको विषय मण्डलीको सभा हो (२३,२६ पद)। नयाँ नियममा विशेष कुनै विषयमाथि चर्चा गरिएको यो मात्रै सबैभन्दा लामो अध्याय हो। यो परमेश्वरद्वारा मण्डली सम्बन्धी प्रेरणा पाएको रूप रेखा हो।

२. १ कोरिन्थी १४ अध्यायको आज्ञाहरू आध्यात्मिकताको जाँच पनि हो (३६–३८ पद)

३. परमेश्वरले आफ्नो वचनको विरूद्धमा लैजानु हुन्न (जस्तैः–अनुवादक विना अन्य भाषा बोल्नु, एकपल्टमा एक जनाभन्दा बढी मानिस अन्य भाषामा बोल्नु, स्त्री

जातिले प्रचार गर्नु तथा शिक्षा दिनु, मण्डलीको सभा होहल्लाले भरिनु) ।

४. मण्डलीको सभा दृढ औ स्वतंत्र हुनुपर्छ । मण्डलीको निम्ति परमेश्वरले कतिपय निश्चित रूपरेखाहरू दिनु भएको छ । कुनै मण्डलीलाई यसको परिवर्तन तथा अवहेलना गर्ने स्वतंत्रता दिइएको छैन । तर यस बाहेक अरू कुरोमा स्वतंत्रता छ ।

उदाहरणहरू: सभाको नियम– पहिले के गर्नु दोस्रो के गर्नु संगीत, कति लामो सेवा गर्नु, कतिपल्ट सभाहरू राख्नु, सभा गर्ने बारहरू, बस्ने बन्दोबस्त इत्यादि ।

## १ कोरिन्थी १४ अध्यायको रूपरेखा

१. उपस्थित भएका सबै व्यक्तिहरूले सबै कुरो सजिलै बुझ्न पर्छ (१ कोरिन्थी १४:१–१९,२३–२६) । पवित्र आत्मा मानिसहरूको ज्ञानद्वारा बोल्नु हुन्छ (मत्ती १३:१९) ।

२. हरेक कुरो सुधारको निम्ति हुनुपर्छ (१ कोरिन्थी १४:१२,२६) ।

३. अन्य भाषा बोल्दा शान्तिपूर्वक र अनुवाद हुनुपर्छ (१ कोरिन्थी १४:२७,२८)

४. प्रचार पनि शान्तिपूर्वक औ यसको निम्ति वरदान पाएका व्यक्तिहरूद्वारा संचालित भएको हुन पर्छ (१ कोरिन्थी १४:२९–३२)। सभामा एक जनाभन्दा बढी मानिसले प्रचार गर्न पाउँछन्।

५. सभाहरू शान्तिपूर्वक, शिष्टाचारपूर्वक औ नियम अनुसार हुनुपर्छ (१ कोरिन्थी १४:३३,४०)। गडबडी औ अव्यवस्थित सभा हुनु हुँदैन। जस्तैः– याद गर्नोस येशूले पाँच हजार मानिसहरूलाई खुवाउनु भएको (लूका ९:१४,१५)

६. स्त्रीहरूले लोग्ने मानिसहरूलाई परमेश्वरको वचन सिकाउनु वा प्रचार गर्नु हुँदैन (१ कोरिन्थी १४:३४, ३५)।

(क) यसमा मण्डलीको सभामा अन्य भाषा बोल्ने कुरो पनि आउँछ।

(ख) यसले स्त्री जातिलाई जीवन साक्षी बाँड्नु, भजन गाउनु औ संगीत गर्नुदेखि मनाही गर्दैन।

(ग) यी आदेशहरू कोरिन्थको मण्डलीलाई मात्र होइन तर सबै मण्डलीहरूलाई हो। यही आदेशहरू १ तिमोथीमा मण्डलीमा उचित शिक्षा दिनका निम्ति लेखिएका थिए (१ तिमोथी २:११–१५)। पावलले भन्छन्, यी कुरोहरू संस्कृतिको निम्ति मात्र होइन तर यसमा मानब जीवनको व्यवस्थाहरू पनि छन्, जस्तै—मानिसको पतन, मानव प्रकृति इत्यादि। पावलले स्त्रीहरू परमेश्वरबाट औ आत्मिकताको जाँच पनि हुन् भनेका छन् (१ कोरिन्थी १४:३७)।

★

१० अध्याय

# हरेक ख्रीष्टियनको सभामा जिम्मावारी

१. नियमित रूपले उपस्थित हुनु (हिब्रू १०:२५)।

२. प्रार्थनासहित उपस्थित हुनु (एफिसी ६:१८)।

३. परमेश्वरसितको संगतिमा आराधनाको हृदय लिएर उपस्थित हुनु (हिब्रू १३:१५, प्रकाश ५:४)।

४. परमेश्वरको वचन ग्रहण गर्नलाई नम्र हृदय लिएर उपस्थित हुनु (याकूब १:२१, १ थिस्सलोनी ५:२०, २१; १ पत्रुस ४:११)।

५. सेवा गर्नु औ सेवा माँग्नुलाई उपस्थित हुनु (हिब्रू १०: २४,२५, रोमी १५:१४, कलस्सी ३:१६, १ थिस्सलोनी ५:११)।

६. अविश्वासीहरूको साक्षीको निम्ति उपस्थित हुनु (१ कोरिन्थी १४:२४,२५)।

## भाग पाँच

## ११ अध्याय

# मण्डलीको काम के हो ?

कामः साक्षी दिने, बप्तिस्मा दिने, उद्धार पाएका-हरूलाई तालिम दिने, यी सबै काम संसारभरि मण्डली स्थापित गर्ने ध्येय लिएर गर्नुपर्छ ।

### हामी कसरी निश्चय हुने ?

१. संसारभर प्रचार गर्ने आज्ञा येशूको अन्तिम आज्ञा हो (मत्ती २८:१८–२०, मर्कूस १६।१५, लूका २४:४४–४८; यूहन्ना २०:२१ प्रेरित १:८) ।

पाठहरू:—

(क) आफ्नो चेलाहरूलाई संसारभरि पठाउने येशूको अधिकार छ (मत्ती २८:१८) ।

(ख) त्यसको लक्ष्य चेलाहरू बनाउनु हो, प्रचार मात्रै होइन (मत्ती २८:१९,२०) ।

(ग) चेला बनाउने उपाय चाँहि प्रचार गर्नु, बप्तिस्मा दिनु औ तालिम दिनु हो (मत्ती २८:१९,२०) ।

(घ) चेलाहरूले राम्रो रीतिले तालिम पाएनन् भने काम गर्न सक्तैनन् (मत्ती २८:१९,२०) ।

(ङ) यो काम जगतको अन्तसम्मै गर्नुपर्छ (मत्ती २८:२०) ।

(च) हरेक जाति र हरेक मानिसले सुसमाचार नसुने सम्म यो काम पूरै हुँदैन (मर्कूस १६:१५)

(छ) ख्रीष्टको मृत्यु र पुनरूत्थानको लाभ मानिसहरूले पाउन हो भने पहिले ती विषयहरूमा प्रचार हुनु पर्छ (लूका १६:१५) ।

(ज) प्रभु येशूको ख्रीष्ट प्रचारको काम प्रत्येक ख्रीष्टियनको निम्ति जीवनको मुख्य ध्येय हुनुपर्छ (यूहन्ना २०:२१, १ तिमोथी १:१५, लूका १९:१०) ।

(झ) यही कामको लागि पेन्तिकोसको दिनमा पवित्र आत्मा संसारमा आउनु भयो (प्रेरित १:८) ।

२. प्रथम मण्डलीहरूले छोडेको उदाहरण अनुसार प्रचार औ मण्डलीको स्थापनाको काम परमेश्वरले आफ्नो जनहरू-को निम्ति छोड्नु भएको हो (प्रेरित ८:४, २६:१९:२०)।

(क) प्रथम मण्डलीमा प्रचारको काम औ मण्डलीको स्थापनालाई सर्वोच्च स्थान दिइन्थ्यो (प्रेरित १३–१४) ।

(ख) प्रथम मण्डली अविश्वासीहरूको बीचमा समाज सुधारको काममा लाग्दैनथे (प्रेरित ६:१) ।

(ग) प्रथम मण्डलीको रोमी साम्राज्यको राजनैतिक व्यवस्थामा परिवर्तन ल्याउने लक्ष्य थिएन ।

(घ) प्रथम मण्डलीले कुनै देशको सरकारको योजना-हरूमा हात दिएनन् ।

३. प्रचारको कामको निम्ति पवित्र आत्मा यस संसारमा हुनुहुन्छ (प्रेरित १:८) ।

४. संसारको मुख्य आवश्यकत्ता नै आत्मिक आवश्यक्ता हो ।

## उद्धार नपाएकाहरूको अवस्था

(क) तिनीहरू परमेश्वरको क्रोधमनि छन् (रोमी १:१८; कलस्सी ३:५,६) ।

(ख) तिनोहरू पापमा छन् (रोमी ३:९)

(ग) आत्मिक रीतिले तिनीहरू मृत छन् (एफिसी २:१, १ यूहन्ना ३:१४) ।

(घ) तिनीहरू शैतानको शक्तिमनि छन् (एफिसी २:२) ।

(ङ) स्वभावैले तिनोहरू क्रोधका सन्तान हुन् (एफिसी २:३) ।

(च) तिनीहरू परमेश्वर औ आशारहित छन् (एफिसी ३:१२,१३)।

(छ) तिनीहरू अन्धकारको शक्तिमनि छन् (कलस्सी १:१२,१३)

(ज) तिनीहरू परमेश्वरका शत्रुहरूको मित्र हुन् (कलस्सी १:२१, याकूब ४:४)

(झ) तिनीहरू परमेश्वररहित दुष्टतामा छन् (१ यूहन्ना ५:१९)

(ञ) तिनीहरू परमेश्वरका जनहरूदेखि अलग्गै हुन् (१ यूहन्ना १७:६,९, १ यूहन्ना ३:१,२)

५. मण्डली औ संसारका मानिसहरूको आत्मिक खाँचो ख्रीष्टियनहरूले मात्र पूरो गर्न सकछन् । यदि ख्रीष्टियनहरू र मण्डली नै यो काम गरेनन् भने अरू कसैले गर्न सक्तैनन्, (२ कोरिन्थी ५:१८–२०; २:१४; कलस्सी १:२, ३; २ थिस्सलोनी २:१२, १३) ।

६. सुसमाचार गर्ने काम संसारको अन्तसम्मै गरिनुपर्छ (मत्ती २८:२०; प्रेरित १:८) । हरेक समयका मण्डलीहरूले प्रथम मण्डलीको पाइलाहरूलाई पछ्याउनु पर्छ । समय बदलियो तर परमेश्वरको काम कुनै समयको निम्ति पनि बदलिएको छैन ।

## समाज सेवा बारे के गर्ने ?

१. यसले प्रचार, तालिम औ मण्डलीको स्थापनादेखि दोस्रो स्थान लिनुपर्छ

२. पहिले मण्डलीभित्र कै विधवाहरू, टुहुरा–टुहुरीहरू र गरीबहरूको हेरचाह हुनुपर्छ (प्रेरित ६:१; गलाती ६:१०; १ तिमोथी ५:४–१४) ।

३. मण्डलीका अगुवाहरू र मिशनरीहरूले परमेश्वरको बचनको सेवकाई छोड्नु हुँदैन (प्रेरित ६:१–४; १ तिमोथी ४:१३–१६) । सामाजिक कामहरू डिकन तथा अरू विश्वासीहरू जो अगुवा होइनन् तिनीहरूले गर्नुपर्छ ।

४. मण्डलीको कामचाँहि खाली प्रचार र मण्डली स्थापना हो (प्रेरित १३–१४) ।

५. सामाजिक योजनाहरूमा हात दिने धेरै ख्रीष्टियन संस्थाहरू आज बाइबलका सत्यताहरू बारे सम्झौता गरिरहेछन् । तिनीहरूको उच्च नैतिकता औ सिद्धान्त स्तर घटेको छ । तिनीहरूले प्रचारको काम र मण्डली स्थापनाको कामलाई बहिष्कार गर्छन् ।

## १२ अध्याय

# यो काम कसरी गर्ने

**साधारण रुपरेखा** (प्रेरित १३:१–४)

१. प्रत्येक मण्डली आफ्नो क्षेत्रभित्र प्रचार गर्नु र सदस्यहरूलाई तालिम दिनुमा व्यस्त रहनुपर्छ (प्रेरित १३:१) ।

२. पवित्र आत्माले नै विशेष कामको निम्ति मिशनरीहरू-लाई बोलाउनु हुनेछ (प्रेरित १३:३) ।

३, स्थानीय मण्डलीले यस्ता मिशनेरीहरूलाई सहायता गर्नुगर्छ (प्रेरित १३:३)

४. पवित्र आत्माले नै मिशनरी कामको देखरेख गर्छ (प्रेरित १३:४, १६:६–१०) ।

५. स्थानीय मण्डलीमा ती मिशनरीहरूले रिपोर्ट पठाउनु पर्छ (प्रेरित १४:२६–२८)।

## संसारभरिको प्रचारमा स्थानीय मण्डलीको भाग

१. स्थानीय मण्डली मिशनरीहरूको केन्द्रिय अड्डा हुनुपर्छ।

(क) प्रत्येक मण्डलीको आफ्नै शासन र काम हुनुपर्छ

(ख) प्रत्येक मण्डलीलाई प्रचार गर्ने, बप्तिस्मा दिने, तालिम दिने औ नयाँ मण्डली खडा गर्ने अधिकार हुनुपर्छ (प्रेरित १३:१–३, १ थिस्सलोनी १:८, फिलिप्पी २:१६)।

(ग) मिशनरीहरू कुनै स्थानीय मण्डलीबाट पठाइएको हुनुपर्छ औ तिनीहरू आफ्ना मण्डलीप्रति जिम्मावारी हुनुपर्छ (प्रेरित १३:१–३, १४:२६-२८)। नयाँ नियमका मिशनरीहरू स्थानीय मण्डलीका प्रतिनिधि हुन्थे (प्रेरित ११:२२, रोमी १६:१, फिलिप्पी २:२५, कलस्सी ४:१३, १३)।

(घ) स्थानीय मण्डलीलाई प्रशासन औ अनुशासनको जिम्मावारी दिइएको छ। ख्रीष्टियन काम गर्नेहरू मण्डलीका अगुवाहरू हुनुपर्छ (तीतस १:५)। तिनीहरूको काममा अनुशासन स्थानीय मण्डलीको अनुशासन भित्र हुनुपर्छ(१ कोरिन्थी ५; तीतस ३:९–११)। यसले देखाउँछ कि परमेश्वरले आफना सबै काम स्थानीय मण्डलीको प्रशासन मनि भएका चाहनुहुन्छ।

२. प्रत्येक मण्डलीले आफनै क्षेत्रमा सुसमाचार फैलाउनु पर्छ (१ थिस्सलोनी १:८; फिलिप्पी २:१६)

३. प्रत्येक मण्डलीले विश्वासीहरूलाई बप्तिस्मा र तालिम दिनुपर्छ (प्रेरित २:४१, ४२, एफिसी ४:११, १२)

(क) परमेश्वरको सम्पूर्ण शिक्षाहरू दिएर विश्वासी-हरूलाई तालिम दिनुपर्छ (प्रेरित २०:२७, २ तिमोथी ३:१६, १७)

(ख) विश्वासीहरूलाई परमेश्वरको काम गर्ने चुनौती दिनुहोस्।

(ग) जवानहरूलाई यस कामको निम्ति छान्नु होस् (उत्पत्ति १७:९–१४; प्रस्थान १२:२६, २७; व्यवस्था ६:४–९)

(घ) प्रत्येक मण्डलीले आफ्नै अगुवाहरू र मिशनेरीहरू खड़ा गर्नुपर्छ (२ तिमोथी २:२)। यदि धेरै मण्डलीहरूले यो गरे भने बाइबल विद्याश्रमहरूको उस्तो जरूरत पर्दैन। नयाँ नियममा मण्डलीहरूले विश्वासीहरूलाई तालिम दिएको उदाहरणहरू हामी देख्छौं।

(ङ) परमेश्वरद्वारा बुलाहट पाएका जनहरूलाई मण्डलीहरूले पठाउनु पर्छ (प्रेरित १३:१–३)। मिशनेरी बारे १७ अध्यायमा अरू बढ़ी हेर्नेछौं।

## मिशनेरीहरूको काम

प्रेरितको किताबमा पावल प्रेरितको मिशनेरी काम बारे उल्लेख छ। परमेश्वरले पावललाई हाम्रा निम्ति उदाहरण ठहराउनु भएको खातिर हामीले तिनको प्रचारको कामको रूपरेखालाई पछ्याउनै पर्छ।

१. मिशनेरीहरूले सुसमाचार फैलाउँछन् (प्रेरित १३:४,७; १६–४१; १४:१, ७, २०, २१; १६:१३, १४, ३१, ३२; १७:२, ३, १०, ११, १६–३४; १८:४, ११, १६; १६:८, ६, १०; २२:१–२१; २४:१४–२५; २६:१–२६; २८:२३, ३०, ३१)

२. मिशनेरीहरूले उद्धार पाएकाहरूलाई बप्तिस्मा र तालिम दिन्छन् (प्रेरित १४:२२, १६:१५, ३२, ३३, १८:११, १६:६, १०; २०:२, २०,२७)

३. मिशनेरीहरूले मण्डलीहरूलाई व्यवस्थित राख्छन् (प्रेरित १४:२३)

## प्रत्येक विश्वासीको काम

१. जानु (साक्षी दिनु) (२ कोरिन्थी ५:१७–१६)

२. दिनु (२ कोरिन्थी ६:६, ७; ३ यहून्ना ५–८) यस विषयमा २० अध्यायमा अरू जानकारी दिइएको छ।

## ३. प्रार्थना

**प्रार्थनाले के गर्नुसक्छ ?**

(क) प्रार्थनाले देशलाई सुसमाचारको निम्ति स्वतन्त्र पारिदिन्छ (१ तिमोथी २:१–४)

(ख) प्रार्थनाले सुसमाचार प्रचार्नेहरूलाई शक्ति प्रदान गर्छ (२ कोरिन्थी १:८–११, एफिसी ६:१८, १९; कलस्सी ४:२–४; २ थिस्सलोनी ३:१, २; हिब्रू १३:१८, १९)

(ग) प्रार्थनाले ख्रीष्टयनहरूलाई जेलखाना र सतावटहरू-बाट छुटकारा दिनुसक्छ (फिलिप्पी २:१९)

(घ) प्रार्थनाले सुसमाचार प्रचार्नेहरूलाई उच्च स्थानमा राख्न सक्छ (मत्ती ९:३७, ३८)

४. स्थानीय मण्डलीको प्रचारको कामलाई सहयोग गर्नुहोस् । मण्डली प्रचारको काममा छ भने प्रत्येक विश्वासीले सकभर यसलाई सहायता गर्ने प्रयास गर्नु पर्छ । यसरी हामीले हिब्रू १३:१७ पालन गर्नुसक्छौं ।

१३ अध्याय

# मिशनेरीहरू

## प्रचार तथा परमेश्वरको कामको निम्ति बुलाहट पाएको बुझ्नु

१. के उसलाई परमेश्वरको कामको निम्ति जोश छ ? (प्रेरित १३:१, २)

२. के प्रचारक बन्ने वरदान ओ योग्यताहरू उसमा छ ? (प्रेरित १३:१, २)

(क) बाइबल पढाउने ज्ञान और योग्यता (यसमा शुद्ध शिक्षाहरू मात्र हुनुपर्छ) (१ तिमोथी ४; २ तिमोथी २:२, १५; ४:१-४)

(ख) स्थानीय मण्डलीको नियम औ प्रचारको कामको ज्ञान (१ तिमोथी, तीतस)

३. के स्थानीय मण्डलीले उसको बुलाहटलाई स्वीकृति दिन्छ ? (प्रेरित १३:२, ३)

४. के उसको आत्मिक जीवन एक मण्डलीको अगुवाको जस्तै छ। तिनले मण्डलीका अगुवाहरूलाई तालिम दिनु पर्ने हुनाले उसको आफ्नै जीवन पनि १ तिमोथी ३ र तीतसमा उल्लेख गरिएको झैं हुनुपर्छ ।

मिशनेरीको अभिषेक

अभिषेकको विषय १८ अध्यायमा छ ।

## मिशनेरीलाई सहायता गर्नु

१. तिनलाई प्रचारको कामको निम्ति चासो र ख्याल राखेर सहायता गर्नुहोस् (१ थिस्सलोनी ३:६)

२. प्रार्थनाले सहायता गर्नुहोस् (रोमी १५:३०, ३१; एफिसी ६:१८, १९; कलस्सी ४:२–४; २ थिस्सलोनी ३:१, २; हिब्रू १३:१८, १९)

३. रूपिया पैसा दिएर सहायता गर्नुहोस् (फिलिप्पी ४:१६; तीतस ३:१३ ३ यूहन्ना ५–८)

**तीन मुख्य सिद्धान्तहरू** (फिलिप्पी ४:६)

(क) सहायता व्यक्तिगत हुनुपर्छ । फिलिप्पीका मण्डलीले तिनको सहायता एक जना सदस्यको हातमा पावल कहाँ सिधा पठाए ।

(ख) सहायता नियमित हुनुपर्छ । पावलले भनेका छन् तिनी कहाँ फेरि पठाइयो । अर्को पदमा सहायतालाई ज्याला भनिएको छ (२ कोरिन्थी ११:७–९)

(ग) सहायता आवश्यक्ता पूरो गर्ने हुनुपर्छ (तीतस ३:१३, ३ यूहन्ना ५–८)

## मण्डलीहरूको निम्ति सल्लाह

१. मिशनेरीहरूले नियमित रूपले उनीहरूलाई सहायता पुऱ्याउने मण्डलीहरूसित पत्र व्यवहार गर्नुपर्छ । स्थानीय मण्डलीले यस्ता पत्रहरू माण्डलिक सभामा पढेर विचार विमर्श गर्नुपर्छ ।

२. स्थानीय मण्डलीले आफुले सहायता पुऱ्याइ राखेको मिशनेरीको निम्ति निरन्तर प्रार्थना गरिरहनु पर्छ। आ–आफनो दैनिक प्रार्थनामा तथा सभाहरूमा प्रार्थना गरिरहनु पर्छ। मिशनेरीहरूलाई भुल्नु हुँदैन।

३. मण्डलीले आफनो मिशनेरीको आवश्यक्ता बुझेर यसको पूर्ति गर्ने चेष्टा गर्नुपर्छ। प्रत्येक महिना नियमित रूपले निर्दिष्ट रकम पठाउने गरेको असल हो, साथै यात्रा औ सेवकाईको निम्ति विशेष रकम पठाइदिएको पनि राम्रो हो।

४. मिशनेरीले विशेष कुनै काम शुरू गर्दा मण्डलीले विशेष प्रार्थनाको धावा लगाउनु पर्छ (प्रेरित १३:३)।

५. मण्डलीले केही रकम काम गर्ने विश्वासीहरू यात्राको निम्ति छुट्टाउनु राम्रो हो (३ यूहन्ना ५–८)।

## बिचार गर्नुपर्ने अरू कुरोहरू

१. मिशनेरीहरूलाई आफनै स्थानीय मण्डलीले मात्रै सहायता गर्नु पर्ने ? होइन। पावललाई अरू मण्डली-

हरूले पनि सहायता गर्थे (२ कोरिन्थी ११:८, फिलिप्पी ४:१६)। एउटा मण्डलीले एउटा मिशनेरीलाई कति सहायता गर्नु पर्ने हो त्यसको छलफल हुनुपर्छ।

२. के मिशनेरीहरूले आफनो स्थानीय मण्डलीदेखि बाहिर अरू कुनै मण्डलीमा सहायता माग्ने कुरो राम्रो हो ?

मिशनेरीहरू विभिन्न मण्डलीहरूमा गई आफनो काम र आवश्यकत्ता बारे बताउनु बाइबलदेखि बाहिरको कुरो होइन। मण्डलीहरूले यसरो अरू क्षेत्रका मण्डलीहरूका आवश्यकत्ता बारे जान्ने एउटा उत्तम उपाय हो। ३ यूहन्नामा शुरूका मण्डलीका प्रचारकहरू अरू नचिनेका मण्डलीहरूमा जानु स्वाभाविक कुरो थियो (३ यूहन्ना ५–८)। मण्डली-हरूले ती परदेशी प्रचारकलाई स्वागत गरी तिनीहरूको आवश्यकत्ता पूरो गर्थे। यस विषयमा पावलले अरू क्षेत्रका दुःखमा परेका ख्रीष्टयनहरूका निम्ति भेटी उठाउने आज्ञा दिई पत्र लेखेका थिए (१ कोरिन्थी १६:१–६; २ कोरिन्थी ९–८)। मिशनेरीहरूले विशेष कुनै काम शुरू गर्दा यसरी नै मण्डलीहरूमा गई सहायता माँग्दछन्।

मिशनेरीहरूले आफनो काम बारे बताएनन् भने

परमेश्वरको काम हुनु सक्तैन । यसर्थ तिनीहरूले आफनो काम मण्डलीहरूमा गई बताउनु आवश्यकत्ता छ । तर मण्डलीहरूले यस्ता कुराहरूमा हात दिनुको अघि प्रार्थना गर्नु पर्छ औ होशियार पनि रहनु पर्छ नत्र मण्डलीले ख्रीष्टलाई सेवा नगर्नेहरूबाट धोखा पनि पाउन सक्छ । पहिले जाँचेर जान्नु असल कुरो हो ।

३. के साँचो मिशनेरी बन्नुका निम्ति उसले नयाँ मण्डली शुरू गर्नेपर्छ ?

बाइबललाई पछ्याउने मिशनरीहरूको लक्ष्य मण्डली स्थापना गर्नु नै हो । यसर्थ यस लक्ष्यतर्फ लाग्नुलाई विभिन्न उपायहरू छन् । बनिएकै मण्डलीमा काम गर्नुभन्दा शुरू गर्नु नै असल हो । वास्तवमा, कुनै मण्डली पनि एउटै मानिसद्वारा बनिन्दैन । मण्डलीका विश्वासीले मण्डली बनाउंछ । नयाँ नियमले दुइ प्रकारका मिशनरी बारे बताउँछ । तर सबै यस्तै हुनुपर्छ भन्नु छैन ।

(१) मण्डलीलाई स्थापित गर्ने पावल जस्ता वीरहरू (रोमी १५:२०, २१)

(२) अर्को प्रकारकाहरू जसले अघिदेखि नै खडा भएका मण्डलीहरूको सुव्यवस्था मिलाउँछन् । तिमोथी र तीतस यस प्रकारका मिशनेरीहरूका उदाहरण हुन् (१ तिमोथी, तीतस) । नयाँ नियममा यी दुवै प्रकारका मिशनरीहरू मिलेर मण्डली बनाएको उदाहरणहरू पाउँछौं । मण्डली स्थापित गर्ने पावलले तिमोथी र तीतस औ अरूहरूका साथ मिली रोमी साम्राज्यभरि मण्डलीहरू खडा गरे । पावललाई तिमोथी र तीतसका आवश्यकत्ता थियो, तिमोथी र तीतसलाई पावलको आवश्यकत्ता थियो । आजको मिशनरी काम यसरी हुनु पर्ने हो ।

यी दुइ प्रकारका मिशनेरीहरूलाई नबुझेर धेरै प्रकारका समस्याहरू पैदा भएका छन् । कतिपय मिशनेरी-हरूले आफैले मण्डली स्थापित गर्नु नसकेकोमा तथा आफुले शुरू गरेको छोडेर नयाँ काम शुरू गर्नुको निम्ति दुःख कति पास्टर तथा मण्डलीहरूले मिशनरीहरूले नयाँ मण्डली स्थापित गरेनन् भनेर सहायता गर्न चाहन्दैनन् तर ती निशनरीहरूले अरूले स्थापित गरेको मण्डलीलाई हुर्काउन बढ़ाउनमा सहायता गरिरहेका थिए । दुवै प्रकारका

मिशनरीहरूको आवश्यकता छ। एउटाले अर्केको स्थान लिन सक्तैन। दुवैलाई मण्डलीले सहायता गर्न जरूरी छ। केही जगह जगहमा नयाँ मण्डलीहरू स्थापित गर्दै हिड्दछन् कत्ति बनिएका मण्डलीलाई व्यवस्थित राख्नमा सहायता गर्छन् औ कत्तिले यी दुवै काम गर्छन्। यी दुइ मध्ये कुनै एउटा कामलाई पनि बहिष्कार गर्न हुँदैन। रोमको कुरो कत्ति पास्टरहरूले तिमोथी औ तीतसका जस्ता कामलाई सहायता गर्न अस्वीकार गर्छन्।

## सहायता गर्ने मण्डलीहरूप्रति मिशनेरीहरूको जिम्मावारी

मिशनेरीहरूले काम गर्दा सबै कुरोमा स्थानीय मण्डलीको अधीनमा बस्न सक्तैनन्। प्रत्येक मिशनेरीलाई पवित्र आत्माले अगुवाई गरे अनुसार काम गर्ने स्वतन्त्रता उनीहरूलाई हुनुपर्छ। मण्डलीले सबैभन्दा असल व्यक्तिलाई यसरी पठाउनु पर्छ जसमा तिनीहरू त्यस व्यक्तिलाई विश्वास गर्न सकोस्। यो नमूना बाइबल अनुसार हो। पावल र बर्नाबास औ पछि पावल र तिनका सहकर्मीहरू आफैले तिनीहरू कहाँ जानुपर्छ, कति समय बस्नुपर्छ, के गर्नुपर्छ

ओ त्यहाँदेखि कता जानुपर्छ भनी निश्चय गर्थे। तिनीहरूलाई पठाएका मण्डलीका एल्डरहरूले तिनीहरूका नाममा हुकुमहरू गर्थे भनी केही संकेत छैन। तिनीहरूको काम चाँहि विश्वासयोग्य थियो, पछि काम गरेर मण्डलीले त्यस कामलाई मान्यता दिन्थे। यसको अर्थ यो होइन कि मिशनेरीहरूले मण्डलीलाई कुनै सल्लाह नमाग्नु तर अन्तिम फैसला चाँहि काम गरिरहन मानिसको हुनुपर्छ। बाइबलका नमूनाहरू यथार्थ छन् किनभने अवस्था र कामसित परिचित हुने व्यक्तिले मात्र कुरो छलफल गर्नुसक्छ (लोकल चर्च प्राकटीस् १७ पृष्ठ)

१. मिशनेरीहरूले बालबलअनुसार काम गर्नु पर्छ (शिक्षा ओ व्यवहारमा २ तिमोथी १:१३; १ तिमोथी ६:१३; १४, २०, २१)।

२. मिशनेरीहरूले पवित्र आत्मा अनुसार काम गर्नुपर्छ (प्रेरित १६:६–१०)। मिशनेरी पवित्र आत्मासित निकट संगति राखेर हिडेन् भने उसले काम गर्नु सक्तैन।

३. येशू ख्रीष्टको महान् आदेश पूरो गर्ने उत्तरदायित्व

मिशनेरीहरूलाई छ। कुनै मिशनेरी कुनै पनि प्रचारको काम, मण्डलीको स्थापना औ बाइबलको तालिमको कामदेखि बञ्चित रहनु हुँदैन। जसले अरू कामलाई प्राथमिकता दिन्छ, तिनीहरूले आफैलाई मिशनेरी भन्नु बन्द गर्नुपर्छ औ आफ्नो मण्डलीको सहायता लिनु बन्द गर्नुपर्छ। नयाँ नियममा सामाजिक काममा सहायता गर्ने र राजनैतिक कामहरूमा हात दिनेहरूलाई सहायता गरेको उदाहरण देखदैनौं।

४. मिशनेरीहरूले मण्डलीलाई आफ्नो काम औ अवस्था बारे खबर दिने जिम्मावारी छ (प्रेरित १६:२६, २७, २ कोरिन्थी १:८–११; एफिसी ६:२१, २२; कलस्सी ४:७–९)।

~~~
~~~

## १४ अध्याय

# नयाँ मण्डलीको स्थापना

निम्नलिखित सुझावहरू पावलको मण्डली स्थापनाका रूपरेखाहरू हुन्—वास्तवमा हरेक अवस्थामा विभिन्नता आउँछ तर साधारणतः नयाँ मण्डलीहरूले यही नमूना अनुकरण गर्नुपर्छ ।

**सुसमाचार प्रचार्ने काम**

१. सब जगह सबै समय (प्रेरित १७:१६, १७) ।

२, चाख लिनेहरूलाई लगातार सिकाइरहनु पर्छ (प्रेरित १९:९; २८:३०, ३१) ।

**विश्वास गर्नेहरूलाई बप्तिस्मा दिई तालिम दिनुपर्छ** (प्रेरित १८:८–११) ।

१. यसको निम्ति घरिघरि सभाहरू राख्नु होस (प्रेरित २०:२०) घरेलु संगतिहरूदेखि मण्डली शुरू गर्ने कुरो पनि छ (१ कोरिन्थी १६:१९; फिलेमोन २)।

२. सम्पूर्ण रीतिले तालिम दिनु पर्छ (प्रेरित २०:२६, २७; मत्ती २८:२०, २ तिमोथी ३:१६, १७)।

(क) शिक्षा बारे तालिम (रोमी; एफिसी; कलस्सी; हिब्रू)।

(ख) मण्डलीको नियमहरू बारे तालिम (१ तिमोथी; १ कोरिन्थी)।

(ग) मण्डलीको कामहरू बारे तालिम (तीतस २–३; रोमी १२–१५; एफिसी ४–६; कलस्सी ३–४; याकूब)।

**मण्डलीलाई स्वशासनको निम्ति तयार पार्नुपर्छ** (तीतस)

१. अगुवाहरूलाई तालिम दिएर छुटाउनु पर्छ (तीतस १:५–८; २ तिमोथी २:२; प्रेरित १४:२३)।

२. झुटो शिक्षा उन्मूलन गर्नलाई तयार पार्नुपर्छ।

(क) मण्डलीका अगुवाहरूलाई तालिम दिनुपर्छ (तीतस २:९–११ प्रेरित २०:२८–३२)।

(ख) तीतस ३:९–११ को कुरोहरू याद गर्नुपर्छ।

३. सदस्यता बारे चाहिने योग्यता औ कर्त्तव्यहरू (तीतस २–३)।

(क) सदस्य बन्ने योग्यताहरू सिकाउनुहोस, पश्चाताप, विश्वास, औ बप्तिस्मा (प्रेरित २:३८–४२; ८:३६–३८)।

(ख) माण्डलिक सदस्यहरूको कामहरू सिकाउनु पर्छ (मण्डलीको वाचा)।

(ग) मण्डलीको सदस्यहरूको नाम दर्त्ता गर्नुपर्छ।

४. अगुवाहरू र मिशनेरीहरूलाई सहायता गर्ने बारे बुझाउनु पर्छ। मण्डलीको आर्थिक अवस्था ठीक राख्नु होस् (तीतस ३:१४; १ तिमोथी ५:१७, १८)।

(१) मण्डलीलाई चलाउने एउटा समिति खडा गर्नुपर्छ (प्रेरित १४:२१–२३) प्रचार गर्ने र शिक्षा दिने (प्रेरित १४:२२) नियुक्त गर्नुपर्छ ।

(२) एल्डरहरू अभिषेक गर्नुगर्छ (प्रेरित १४:२३) ।

(३) प्रार्थना उपवास (प्रेरित १४:२३) ।

यस सभामा मण्डलीका प्रथम सदस्यहरूलाई नाम दर्ता गरी सही गर्नु लगाउनु राम्रो हुन्छ ।

## मण्डली प्रतिज्ञा (एउटा नमूना)

हामीले विश्वाश गरेनुसार डोहोऱ्याइएको भएर,[१] ईश्वरको आत्माद्वारा,[२] र प्रभु येशूलाई हाम्रो मुक्तिदाता भनी ग्रहण गरेर[३] र, हाम्रो विश्वाशको स्वीकार्य,[४] पिता पुत्र आत्मामा बप्तिस्मा भएर,[५] अब हामी ईश्वर र यो मण्डलीको अघि, ख्रीष्टको शरीरमा भई[६] खुशीसँग प्रवेश गर्छौं ।

पवित्र आत्माको[७] सहायताद्वारा हामी संलग्न हुन्छौं र ख्रीष्टयन प्रेम[८] मा सँगै हिड्छौं, मण्डली[९] को उन्नतिको

लागि ज्ञान,[१०] पवित्रता[११] र भलाई[१२] खोज्छौं, उन्नति र आत्मिकी[१३] कार्य बढाउनेछौं, आराधना[१४] बिधिहरू[१५] अनुशासन[१६] र सिद्धान्तहरू[१७] कायम गर्नेछौं । खुशीसँग भेटीहरू निरन्तर[१८] दिनेछौं र सेवकाई[१९] लाई सघाऊ पुऱ्याउँछौं, मण्डली[२०] खर्च, गरीब[२१] हरूलाई सघाऊ र सबै देशमा[२२] सुसमाचार पुऱ्याउने काममा सहायता गर्नेछौं ।

परिवार[२३] र गुप्त[२४] ध्यान कायम गर्नुमा पनि हामी संलग्न हुनेछौं, हाम्रो बालकबालिकाहरूलाई[२५] धार्मिक शिक्षा र हाम्रो आफन्त चिनारूहरूको[२६] मुक्ति खोज्नेछौं, बुद्धिमानीसँग संसारमा[२७] हिड्नेछौं, हाम्रो वर्त्तावमा न्यायसंगत[२८] रहेर, आपनो काममा[२९] विश्वाशयोग्य[३०] भएर, नचाहिदो बकवाद[३१] नगरेर, पछिबाट कुरा गर्ने[३२] नभएर र अत्यधिक रिस[३३] नगरेर, जाँड रक्सीको बिक्रेता नभएर, प्रयोग नगरेर[३४] तर प्रभुको राज्य बढाउनुमा[३५] उत्साहित हुनेछौं ।

एकार्कासँग भाइ—भाइको प्रेममा[३६] रहनेछौं,[३७] एकार्कालाई प्रार्थनामा सघाऊ पुऱ्याउनेछौं[३८] बिरामी र दुःखमा[३९] सहायता गरेर ख्रीष्टयन सहानुभूति[४०]

देखाउनेछौं र ख्रीष्टयन आदर बोलीमा[४१] गरेर, बदला [४२]लिने काममा ढिलयाएर तर मिलाप गर्नुमा चाडो[४३] गर्नेछौं ।

स्थानीय मण्डलीदेखि अर्को ठाउँमा जानु परे वहाँ फट्टै अर्को मण्डलीसँग वचनको सिद्धान्तमा [४३] संलग्न हुनेछौं ।

१ गन्ती ३०:२
व्यवस्था २३:२१
२ इतिहास १५:१२

२ यूहन्ना ६:६३
यूहन्ना १६:७–११, १४

३ यूहना १:१२
१ थिस्सलोनिकी २:१३

४ प्रेरित २:४१
प्रेरित ८:३७

५ मत्ती २८:१९

६ १ कोरिन्थी १२:२२–२३
प्रेरित २:४२

७ यूहन्ना १४:२६
यूहन्ना १६:१२

८ एफिसी ५:१–२
१ थिस्सलोनिको ४:९

९ एफिसी २:२१

१० २ पत्रुस ३:१८

११ २ कोरिन्थी ७:१ १२ १ थिस्सलोनिकी ५:१४

१३ यहूदा २० १४ हिब्रू १०:२५

१५ मत्ती २८:१९–२० १६ रोमी २६:१७
१ कोरन्थी ११:२४–२५ २ थिस्सलोनिकी ३:६

१७ प्रेरित २:४२ १८ १ कोरन्थी १६:२
यूहन्ना ९:११

१९ मत्ती १०:१० २० मलाकी ३:१०
गलाती ६:६

२१ प्रेरित ११:१९ २२ लूका २४:४६–४८
२ कोरन्थी ८:१–५ प्रेरित १:८

२३ व्यवस्था ११:१८–२० २४ मत्ती ६:६

२५ एफिसी ६:४ २६ मर्कूस ५:१९

२७ मत्ती ५:१६ २८ रोमी १२:१७
एफिसी ५:१५

२९ एफिसी ४:२५ ३० एफिसी ५:८

३१ एफिसी ४:३१
१ तिमोथी ५:१३

३२ २ कोरन्थी १२:२०

३३ एफिसी ४:२६

३४ १ कोरन्थी ६:१०
एफिसी ५:१८

३५ प्रेरित १:८
प्रेरित ८:४

३६ रोमी १२:१०
१ थिस्सलोनिकी ५:१४

३७ एफिसी ६:१८
१ थिस्सलोनिकी ५:२५

३८ गलाती ६:१०

३९ १ कोरन्थी १२:२५-२६

४० तीतस ३:२

४१ रोमी १२:१६

४२ मत्ती ५:२३-२४
मत्ती १८:१५-१८

४३ प्रेरित १८:२७-२८
रोमी १६१-२
१ कोरन्थी १५:५८
कलस्सी ३:२३

कतिपय स्थानीय मण्डलीमा यो प्रकारको प्रतिज्ञाको नियमहरू हुन्छन् । यो मण्डलीको हरेक सदस्यको निम्ति उपयुक्त हुन्छ । यो प्रकारको प्रतिज्ञा गरेपछि उलङ्घन भए एउटा सदस्यले ईश्वरसँग क्षमा माग्नुपर्छ साथै मण्डलीसँग पनि ।

उपर्युक्त प्रतिज्ञामा बाइबलका पदहरू दिइएका छन् । यसोर यो प्रतिज्ञा मात्र नभई ईश्वरका पवित्र वचन हो—जो हामीले मान्नुपर्छ । दिइएका प्रतिज्ञाहरूलाई स्पष्टसँग हेर्ने कोशिष गरौं —

# मण्डली प्रतिज्ञा (अर्को नमूना)

येशू ख्रीष्टलाई मेरो व्यक्तिगत प्रभु र मुक्तिदाताको रूपमा भरोसा गरेको हुनाले, पापको मार्ग, स्वइच्छा र झूटा ईश्वरदेखि फर्किएको हुनाले, र यो कार्यको साक्षीको निम्ति बप्तिस्मा लिएको हुनाले, म स्वेच्छापूर्वक र खुशीसाथ यो स्थानीय मण्डलीसँग यो प्रतिज्ञाभित्र प्रवेश गर्दछु । एक नयाँ जन्म पाएको ख्रीष्टयन भएकोले यो बाइबलबाट मेरो सांसारिक यात्राको लागि ईश्वरबाटको सिद्ध इच्छा हो भनी म निश्चित छु ।

**अधीनता**

प्रथम, यो मण्डलीको अधिकार र अनुशासनको अधीनतामा रहने छु—अगुवाहरूको[1] अधिकार र अनुशासन, र भाइहरूको[2] प्रेमिलो देखरेखभित्र रहनेछु र यो मण्डलीको नैतिकता[3] र सिद्धान्त[4] –को अधिकारहरू म स्वीकार्दछु भनी प्रतिज्ञा गर्दछु ।

## सहयोग

दोस्रो, म मण्डलीको कामहरूलाई सहयोग गर्ने, यस अन्तर्गत **मेरो मण्डलीको अगुवाहरूलाई मेरो सहयोग गर्ने** उहाँहरूलाई[५] प्रेम र सम्मान, बाइबल[६] का शिक्षाहरूलाई विश्वाशयोग्य साथ सिकाउन्जेज उहाँहरूप्रति आज्ञाकारी, उहाँहरूको ईश्वरीय उदाहरणको[७] पालन, उहाँहरूलाई[८] प्रार्थना गर्नेछु, र उहाँहरूको भौतिक आवश्यक्ता[९] पूरा गर्नुमा सहायता गर्नेछु, भनी प्रतिज्ञा गर्छु । यस अन्तर्गत **मण्डली सभाहरूलाई मेरो सहयोग** विश्वाशसहित उपस्थित[१०] भएर, प्रार्थना गरेर[११] मेरो सेवकाई र संगतिद्वारा[१२], र अविश्वाशीहरूलाई मेरो साक्षी दिएर[१३] गर्नेछु **भाइहरू** अन्तर्गत यी कुराहरू आउँछन्–प्रेमद्वारा[१४], विचारशील[१५] भइदिएर, संगति र अर्ती[१६] दिएर, शिष्ट[१७] भएर र आवश्वक्ता परेको खण्डमा अर्थ दिएर[१८] सघाउनेछु । यस अन्तर्गत, **मण्डलीको प्रचारी कामप्रति मेरो सहयोग** स्थानीय ठाउँमा र बाहिर व्यक्तिगत प्रचारद्वारा[१९], प्रार्थनाद्वारा[२०] र अर्थ दिएर[२१] हुनेछ ।

## साक्षी

तेस्रो, प्रभु येशू ख्रीष्ट र मण्डलीको नामलाई

कलंकित नबनाउनुको निम्ति म असल साक्षी कायम गर्नेछु । म मेरो जीवनको—

व्यक्तिगत[22], पारिवारिक[23], व्यवसायिक[24] आमोद–प्रमोद[25] सबै क्षेत्रमा आफ्नो साक्षी बारे सतर्क हुन्छु । पवित्र जीवनले[26], ख्रीष्टको आचरणले[27], बाइबलको[28] शिक्षाहरूप्रति होशियारीसहित आज्ञाकारी भई, र प्रत्येक कुरोमा[29] दुष्टताबाट अलग रहेर म मेरो साक्षी कायम राख्नेछु ।

## अध्ययन र विवेचना गर्नु

चौथौ, ईश्वरको वचन प्रयत्नशील भई अध्ययन गर्दै र शिक्षा र व्यवहार[30] स्पष्टसँग बुझ्ने प्रयत्न गर्नेछु भनी म प्रतिज्ञा गर्छु । सदस्यहरू भन्दा मण्डली प्रबल हुन्न सक्दैन साथै प्रत्येक ख्रीष्टयनले सत्य जान्नु र सिकाउनु पर्छ भन्ने पवित्र जिम्मावारी म बुझ्नेछु ।

## पृथक्करण

पाचौं, झूटा शिक्षा र जजसले यसतो शिक्षा सिकाउँदछन्[31] तिनीहरूबाट बाइबलले सिकाएको पृथक्करण

व्यवहार गर्नेछु भनी प्रतिज्ञा गर्दछु। ख्रीष्टयन चाँहि हूँ तर शक्तिलाई इन्कार गर्ने[32], साँचो ख्रीष्टयन चाँहि हूँ भन्ने तर बाइबलको शिक्षालाई चाँहि अस्वीकार गर्ने[33] र अविश्वाशी तथा झूटा ख्रीष्टयनहरू[34], सँग वैवाहिक, व्यापार सम्झौता तथा अरू बन्धनपूर्ण सम्बन्धहरूबाट पृथक रहनेछु भनी प्रतिज्ञा गर्छु। यो पृथक्करण म एउटा विनम्र साँचो ख्रीष्टयनको धारणा लिई र कृपालु[35] भई पालन गर्नेछु भनी सङ्कल्प गर्छु।

छैटौं, प्रेरितहरूको[36] शिक्षाहरूलाई स्थिरता साथ पालन गर्ने र अरूहरूलाई[37] यी शिक्षाहरू फैलाउने, र यी वहुमूल्य शिक्षाहरूलाई[38] एकाग्रचित भएर जोगाइराख्ने म प्रतिज्ञा गर्दछु। यो मण्डलीको विश्वाशको विवरण मैले पढें र यससित म पूर्ण सहमत छु, र यहाँ बाइबलका मुख्य शिक्षाहरू सठीकसँग बताइएकोछ भनी म विश्वाश गर्दछु।

१ हिब्रू १३:७, १७ २ रोमी १५:१४; गलाती ६:१;

३ १ कोरन्थी५; हिब्रू ३:१३; १०:२५
२ थिस्सलोनिकी ३ ४ रोमी १६:१७; तीतस
३:१०, ११

५ १ थिस्सलोनिकी ५:१२, १३

६ एफिसी ४:११, १२

७ हिब्रू १३:७; १ पत्रुस ५:३

८ एफिसी ६:१८, १९

९ १ तिमोथी ५:१७,१८

१० हिब्रू १०:२५

११ कलस्सी ४:२,३

१२ हिब्रू १०:२४, २५; १ कोरन्थी १२:७–३०; रोमी १२:४–८; १ पत्रुस ४:१०, ११

१३ १ कोरन्थी १४:२३–२५

१४ रोमी १३:८–१०

१५ रोमी १४; कोरन्थी ८

१६ रोमी १५:१४

१७ १ पत्रुस ४:९

१८ २ कोरन्थी ८–९; गलाती ६:१०; १ तिमोथी ६:१८; हिब्रू १३:१६; १ यूहन्ना ३:१६–१८

१९ २ कोरन्थी ५:१७–२१

२० १ तिमोथी २:१–४

२१ २ कोरन्थी ६:६–७

२२ १ कोरिन्थी ६:१९, २०; १ पत्रुस ४

२३ तीतस २:४, ५; १ तिमोथी ५:८

२४ १ तिमोथी ६:१,२; कलस्सी ४:१

२५ १ कोरन्थी १०:३१, ३२

२६ एफिसी ५:१–८; कलस्सी ३

२७ १ पत्रुस २:१९–२५

२८ १ यूहन्ना ५:२, ३

२९ १ थिस्सलोनिकी ५:२२; एफिसी ५:१–११

३० २ तिमोथी २:१५; १ थिस्सलोनिकी ५:२१; यूहन्ना ८:३१, ३२; हिब्रू ५:१२–१५; याकूब १:२७; १ पत्रुस २:१, २

३१ रोमी १६:१७; २ तिमोथी २:१४–२१; २ यूहन्ना ८–११

३२ २ तिमोथी ३:५

३३ २ थिस्सलोनिकी ३:६–१५

३४ २ कोरन्थी ६:१४–१८; १ कोरन्थी ७:३९

३५ एफिसी ४:१५; प्रेरित २०:३१; फिलिप्पी ३:१८, १९;
२ तिमोथी १:१३; २:२४, २५

३६ प्रेरित २:४२; १ कोरन्थी ११:२; फिलिप्पी ४:९;
२ तिमोथी १:१३

३७ हिब्रू ५:१२

३८ यहूदा ३

# हामी के विश्वाश गर्छौं ?

## १ बाइबल बारेमा

**प्रेरणात्मक:** ईश्वरबाट शुरूआत (२ तिमोथी ३:१६; २ पत्रुस १:२१)।

ईश्वरबाट प्रत्येक भाग आएको (२ तिमोथी ३:१६)।

ईश्वरबाट प्रत्येक शब्द आएको (मत्ती ५:१८; १ कोरन्थी २:१०–१३)।

**सुरक्षित:** बाइबललाई ईश्वरले यसको मूल पवित्र रूपमा सुरक्षित राख्नु भयो (भजन १२:६, ७)।

**अनुपम:** संसारमा बाइबल मात्र एउटा यसतो पुस्तक हो जसलाई सठीकसँग 'परमेश्वरको वचन' भनिन्छ। अरूरू पुस्तकहरूमा पनि विभिन्न हदसम्म सत्यता

छ, तर कुनैमा पनि ईश्वरबाटको पवित्र प्रकाशहरू छैनन् ।

**सम्पूर्ण:** जब बाइबलको अन्तिम पुस्तक दिइयो, वर्त्तमान समयको लागि मानिसप्रति ईश्वरको प्रकाश पूर्ण भयो (प्रकाश २२:१८, १९) । सिद्धान्त र जीवनको लागि बाइबल सम्पूर्ण रूपमा प्रशस्त छ (२ तिमोथी ३:१६, १७) ।

## २ ईश्वर बारेमा

**त्रीएक:** बाइबलले तीन व्यक्ति एक ईश्वरमा निहित छन् भनी सिकाउँछ—पिता, पुत्र, र पवित्र आत्मा (व्यवस्था ६:४; मत्ती २८:१९; २ कोरन्थी १३:१४) ।

**अनन्त:** ईश्वरको शुरू र अन्त छैन (यशैया ४४:६) ।

**सृष्टिकर्ता:** सम्पूर्ण थोक ईश्वरले सृष्टि गर्नु भयो (यशैया ४५:१८; प्रेरित १७:२४) ।

**पवित्र र न्यायी:** (लेवी १९:१; यशैया ५:१८–२४; यर्मियाह ५:१९) ।

**दयालु र प्रेमिलो (मुक्तिदाता)**: यशैया १:१८; ४५:२१–२४)।

## २ येशू ख्रीष्ट बारेमा

**ईश्वरत्व**: (यशैया ७:१४; ९:६; फिलिप्पी २:६; कलस्सी १:१५; २:९; १ तिमोथी ६:१४–१६)।

**मनुष्यत्व**: (यशैया ९:६; प्रेरित १७:३१; १ कोरन्थी १५:४७; १ तिमोथी २:५; हिब्रू १०१२)।

**पापरहितपना**: (१ पत्रुस २:२२; हिब्रू ७:२६)।

**कन्ये जन्म**: (लूका १:२६–३२)।

**अरूको निम्ति मृत्यु**: (यशैया ५३; २ कोरन्थी ५:२१; १ पत्रुस २:१४)।

**शारीरिक पुनरूत्थान**: (लूका १४:३६–४३)।

**शारीरिक स्वर्गारोहण**: (प्रेरित १:९)।

**प्रार्थनाको वर्त्तमान सेवकाई**: (हिब्रू ८:१, २)।

**अक्षरस, शरीरमा दोस्रो आगमन**: (मत्ती २४:३०; १५:३१; २ थिस्सलोनिकी १:७–१०; यहूदा १४, १५; प्रकाश १:७)।

## ४ पवित्र आत्मा बारेमा

उहाँको आफ्नै व्यक्तित्व छः (यहून्ना १४:१६, १७; प्रेरित १३:२-४) ।

उहांको आफ्नै मन छः (रोमी ८:२६, २७) ।

उहाँको आफ्नै आवेश छः (एफिसी ४:३०) ।

## ५ मुक्ति बारेमा

सबै मानिसहरूलाई खाँचो छः सबै मानिसहरू पापी छन् (रोमी ३:९-१८) ।

येशूले किन्नु भयोः (रोमी ३:२२-२५) ।

ख्रीष्टमा विश्वाश राख्दा मानिसले ग्रहण गर्नु सक्छन् (रोमी ३:२२-२८) ।

असल काम र व्यवस्था पालन गर्नाले मानिस बचाइँदैन्

(रोमी ३:१९, २०; एफिसी २:८, ९) ।

विश्वाश र असल काम, अथवा व्यवस्था र अनुग्रहको मिश्रणले मानिस बाँच्न सक्तैन् (रोमी ४:१३–१६; ११:६ प्रेरित १५:१०, ११; १३:३८, ३९; गलाती २:१६; ३:१०–१३)।

मुक्तिको प्रतिफल र आशिषहरू अनन्त र सुरक्षित छन्: (यूहन्ना ३:१६, १८, ३६; १०:२७–२९; रोमी ५; १ कोरन्थी ३:१३–१५; एफिसी १:१२–१४; ४:३०; कलस्सी ३:१–४)।

मुक्ति पाएकाहरूमा परिवर्तित जीवन देखिन्छ: यूहन्ना १०:२७; २ कोरन्थी ५:१७; एफिसी २:१०; १ यूहन्ना ३:२, ३)।

## ६ मण्डली बारेमा

दुइ पक्षहरू: सामुहिक, सामान्य (सबै नयाँ जन्म पाउने ख्रीष्टयनहरू), (हिब्रू १२:२३)।

स्थानीय (एउटा ठाउँमा विश्वाशी ख्रीष्टयनहरूको सभा (प्रकाश २–३)।

अधिकार: विश्वमा ख्रीष्टको कामको केन्द्र स्थानीय मण्डली

हो । नयाँ नियममा पुगनपुग १५० मण्डलीहरूको सन्दर्भमा १०० स्थानीय मण्डली बारेमा छन् । स्थानीय मण्डलीहरूको अधिनमा र अगुवाईमा ख्रीष्टको कामहरू हुनुपर्छ । ख्रीष्टयन कामको शासन बारे नमूना स्थानीय मण्डलीलाई दिइएको छ (१ तिमोथो ३; तीतस १) ।

**स्वतन्त्रता:** प्रत्येक मण्डलीको आफ्नै शासन र काम हुनुपर्छ (प्रेरित १४:२२, ३३; तीतस १) ।

**काम:** मण्डलीको विश्वप्रति प्राथमिक काम प्रचार र चेला बनाउनु हो (मत्ती २८:१८–२०; मर्कूस १६:१५; लूका २४:४४–४८; प्रेरित १:८) ।

**अनुशासन:** पवित्र साक्षी कायम गर्नुलाई मण्डलीहरूले अनुशासन पालन गर्नुपर्छ । अनुशासनका दुइ क्षेत्रहरू: नैतिक (१ कोरन्थी ५) र सैद्धान्तिक (रोमी १६:१७; प्रेरित २०:२८–३२; तीतस ३:१०,११; प्रकाश २:६, १४–१६)।

## ७ न्याय बारेमा

**दुइ भिन्न न्यायहरू:** बचाइएका र नबचाइएकाहरूको न्याय भिन्न भिन्न समयमा र भिन्न भिन्न उदेश्यहरू लिएर हुनेछ ।

बाँचेकाहरूको न्याय—१ कोरन्थी ३:६-१५

नबचाइएकाहरूको न्याय—प्रकाश २०:११-१५

## ८ मृत्यु बारेमा

**तीन प्रकार:** आत्मिक (उत्पत्ति २:१७; यूहन्ना ५:२४; एफिसी २:१; कलस्सी २:१३)।

शारीरिक (मत्ती २:१५)।

अनन्त (प्रकाश २०:६-१५)।

## ९ ख्रीष्टयन स्वाधीनता बारे

पुरानो नियमको रीतिथितीहरूबाट ख्रीष्टयन स्वतन्त्र छ, जस्तै, बिश्रामबार, भोजन पवित्र दिनहरू बारे, इत्यादि। (कलस्सी २:१०-१७; प्रेरित १५:८-११; रोमी १४; १ तिमोथी ४:१-४)।

## १० पृथक्करण बारे

नयाँ नियमले दुइ किसिमको पृथक्करण बारे बताउँछ:

नैतिक र सैद्धान्तिक । पापबाट ख्रीष्टयनहरू पृथक हुनैपर्छ (रोमी १२; गलाती ५; एफिसी ५; कलस्सी ३) । साथै झूटा शिक्षाहरूबाट (रोमी १६:१७; गलाती १; २ तिमोथी २; तीतस ३:९–११; २ यूहन्ना ९–११) । शराब, मादक औषधिहरू (स्वास्थको कारण बाहेक), दुष्ट संगीत, नग्नता, अश्लीक पहिरन, चुरोट, सुर्ती, नराम्रो सिनेमा र अरू पापपूर्ण व्यवहारहरू र बानीहरू, जुन कुराहरूबाट प्रभुको अपमान हुन्छ, साक्षीमा वाधा पर्छ र पुरानो स्वभाव, शैतान र संसारको बन्धनमा परिन्छ—यसतो कुरोहरूबाट ख्रीष्टयन अलग बस्नैपर्छ ।

## ११ भविष्यवाणी बारे

बाइबलका भविष्यवाणीहरू अक्षरस पूरो हुनेछ । इस्राएलप्रति र अरू राष्ट्रहरूप्रति हुने न्याय र ख्रीष्टको प्रथम आगमन बारेको भविष्यवाणीहरू पूरा भए । यसरी नै बाइबलका सबै भविष्यवाणीहरू पूर्ण हुनेछन् भनी नयाँ नियमले बताउँछ। यस अन्तर्गत यी भविष्यवाणीहरू अक्षरस पूरा हुनेछन्—

(१) संसारभरि सकष्टको अवधि (यशैयाका अध्यायहरू २, १३, १४, ३४, दानियल १२, मत्ती २४:२१) ।

(२) इस्राएल राष्ट्रको परिवर्त्तन (आत्मिकी) र पुनःएकत्रित हुनु (यर्मिया ३१-३३; जकरिया १२-१३; मत्ती २३:३९; रोमी ११:२५-२७)।

(३) स्वर्गबाट ख्रीष्टको महिमित आगमन र उहाँद्वारा इस्राएलको शत्रुहरूको र विरोधी राष्ट्रहरूको पराजय (यशैया २४:२३; ३०:२७-३३; ३१:४-६; ३४:४-१०; ४०:९-११; ४२:१३-१६; योएल ३:१२-१६; जकरिया १४; मत्ती २४:२९, ३०; २ थिस्सलोनिको १; तीतस २:१३; प्रकाश १९:११-१७)।

(४) इस्राएलबाट हुने संसारमा ख्रीष्टको राज्यको स्थापना (भजनसंग्रहका अध्यायहरू - ७२, ८९; यशैयाका अध्यायहरू ३५, ५९-६४; जकरिया १४; लूका १३:२४-३०; १९:११-२७; मत्ती १३:३६-४२; २५:३१; प्रकाश २०)।

## १२ सृष्टि बारे

उत्पत्तिमा भएको सृष्टिको वयान अक्षरस लिनुपर्छ। छ दिनभित्रमा मानिस र पशुहरू र बृक्षहरू ईश्वरले बनाउनु

भयो। विकाशवादी सिद्धान्तलाई इन्कार गर्नैपर्छ किनकि यसले बाइबलमा बताएको सृष्टिको बयानलाई उलटपुलट पार्छ।

## १३ बप्तिस्मा र प्रभुभोज बारे

डुबेर बप्तिस्मा लिनुपर्छ तर तिनीहरूले मात्रै, जजसले प्रभु येशू ख्रीष्टलाई मुक्तिदाता भनी भरोसा गर्छन्। पानीको बप्तिस्मा मुक्तिको एउटा भाग होइन, यो त ख्रीष्टको मृत्यु, गाडिनु, पुनरूत्थान, र उहाँसँग ख्रीष्टमा एउटै भएको साक्षी हो (प्रेरितको पुस्तक, कलस्सी २; रोमी ६)। प्रभु भोज ख्रीष्टले मण्डलीलाई दिनु भएको स्मरणीय भोज हो, जसद्वारा हामी उहाँको मृत्युलाई सम्झदछौं। यो सम्झनाको लागि मात्र हो। रोटी र रस यथावत रहन्छ र कुनै स्थितिले ख्रीष्टमा परिवर्त्तन हुँदैन् (१ कोरन्थी ११:२३–२८)।

## भाग छ

# मण्डली औ यसको कार्यकर्ताहरू

## १५ अध्याय

# माण्डलिक कार्यकर्ताहरूको नाम र काम

**प्रथम कार्यकर्त्ताहरू—एल्डरहरू**

नयाँ नियममा पास्टर, एल्डर औ विशपहरूले एउटै काम गरेको हामी देख्छौं। प्रेरित २०:१७, २८; तीतस १:५, ७, औ पत्रुस ५:१, २ पढ्नुहोस्। स्थानीय मण्डलीको

नेतृत्वको निम्ति यो मुख्य काम हो । सारा मण्डली पास्टरको अधिकारमनि हुनुपर्छ (हिब्रू १३:१७) पास्टर, एल्डर र विशपले मानिसहरूको कामको विभिन्न पक्षहरू बताउँछ । पास्टरले शिक्षकको काम र हेरचाह गर्ने काम गर्छन् । एल्डर आफ्नो प्रौढ़ताको कारण मण्डलीको उदाहरण बन्छन् । विशपले मण्डली माथि शासन गर्छन् ।

## मण्डलीका अरू कार्यकर्त्ताहरू

**डिकन:** (१ तिमोथी ३:८–१३)

यिनीहरू मण्डली औ एल्डरहरूका सेवकहरू हुन् । १७ अध्यायमा डिकन बारे अरू जानकारी दिएको छ ।

**प्रचारक** (एफिसी ४:११)

यो शब्दको अर्थ खुशीको खबर ल्याउने मानिस हो । प्रेरितको किताबमा फिलिप प्रचारकको उदाहरण छ (प्रेरित २१:८, ८:५, ८, १२, ३६–४०) । तिनले प्रचार गर्थे, बप्तिस्मा दिन्थे औ मण्डलीको स्थापनामा सहायता गर्थे । ख्रीष्टयनहरूले यस प्रकारको काम गर्ने व्यक्तिलाई **मिशनेरी** भन्दछन् ।

प्रेरित (यो शब्दको अर्थ पठाइएको हो)

## तीन नियमबाट तीनवटा उदाहरणहरू

१. प्रभु येशू ख्रीष्ट (हिब्रू ३:१) येशू परमेश्वरद्वारा पठाइउनु भएको हो ।

२. सबै ख्रीष्टयनहरू (२ कोरिन्थी ८:२३, प्रेरित १४:१४; फिलिप्पी २:२५) सबै ख्रीष्टयनहरू मण्डलीबाट पठाइएकाहरू हुन् ।

३. मण्डलीको जग बसाल्नलाई ख्रीष्टले पठाउनु भएको विशेष व्यक्तिहरू (एफिसी २:२०) । यो मानिसहरू ख्रीष्टद्वारा पठाइएका हुन् ।

## विशेष प्रेरितहरूको चिह्न

१. तिनीहरूले बौरी उठ्नु भएको ख्रीष्टलाई देखेका थिए । (१ कोरिन्थी ८:१, १५:७-९) ।

२. तिनीहरू ख्रीष्टद्वारा व्यक्तिगत रूपले छानिएका थिए (गलाती १:१) ।

३. तिनीहरू मानिसहरूबाट सिकेर होइन तर सोझै परमेश्वरको प्रकाशबाट प्रवचन पाएका थिए (गलाती १:११, १२) ।

४. तिनीहरूका धार्मिक प्रवचनहरू विशेष प्रकारका हुन्थे (२ कोरिन्थी १२:१२; प्रेरित २:४३; ४:३३; ५:१२) ।

३. पुरानो नियमको भविष्यवक्ताहरूका झैं तिनीहरूको अधिकार थियो (२ पत्रुस ३:२) ।

६. तिनीहरूले नयाँ नियम लेखे ।

## के यस्ता प्रेरितहरू आजको मण्डलीमा पनि छ ?

१. होइन । यी मानिसहरू मण्डलीको जग बसाल्नुका निम्ति बोलाइएका थिए (एफिसी २:२०) । अहिले जग बसिसकेकोछ ।

२. होइन । यस प्रकारका प्रेरितहरू आज छैनन् ।

३. होइन । मण्डलीहरूलाई प्रेरित अभिषेक गर्नु भनिएको छैन । मण्डलीलाई एल्डर औ डिकन मात्र छान्ने अधिकार

छ (१ तिमोथी ३, तीतस १) प्रेरितहरू कुनै मण्डलीका विशेष कार्यकर्त्ताहरू हुँदैनथे बरू तिनीहरूले धेरै मण्डलीहरूको हेरचाह गर्थे (२ कोरिन्थी ११:२८) गलाती १:२, १ पत्रुस १:१)।

### के आजको युगमा प्रेरितहरू छन् ?

हो। कुनै पनि मिशनेरी प्रचारक र ख्रीष्टयन कार्यकर्त्ताहरू परमेश्वरद्वारा पठाइएकाहरू हुन्। प्रेरितहरूले मण्डलीको स्थापना गर्छन् तरैपनि यिनीहरूको शक्ति पावल र सिलासको जस्तो छैन।

# १६ अध्याय

# एल्डरहरू

## नामहरू

१. गोठालो र शिक्षक (एफिसी ४:११)

२. एल्डर (प्रेरित १४:२३) ।

३. विशप (निरीक्षक) (१ तिमोथी ३:१)

१५ अध्यायमा भने झैं यी तीनैजनाले एउटै काम गर्छन् ।

## सेवकाई

१. बिश्वासीहरूको गोठालो र शिक्षक (प्रेरित २०:२८–३२, १ थिस्सलोनिकी २:७ २:३ १ पत्रुस २:३) ।

२. विश्वासीहरूको अघि उदाहरणको जीवन (एल्डर) १ पत्रुस ५:३) ।

३. मण्डलीलाई अगुवाई तथा निरीक्षण गर्नु—विशप) (हिब्रू १३:७–१७ १ थिस्सलोनिकी ५:१२) ।

## बुलाहट (जाँच)

१. के त्यस व्यक्तिले पास्टरको काम गर्न साह्रै उत्सुकता देखाएको छ (१ तिमोथी ३:१) ।

२. के त्यस मानिसको जीवन स्तर परमेश्वरले चाहनु भए फैं छ (१ तिमोथी ३, तीतस १) ।

३. के त्यस मानिससित परमेश्वरको काम गर्ने योग्यताहरू छ ? उसले विश्वासीहरूलाई शिक्षा दिने र हेरचाह गर्नु सक्नुपर्छ । उसले मण्डलीको कामको निरीक्षण गर्नु सक्नुपर्छ । उसले मण्डलीलाई फूटो शिक्षादेखि बचाउन सक्नुपर्छ (तीतस १:६–११) ।

४. के त्यस मानिसलाई स्थानीय मण्डलीले मान्यता र सहायता दिन्छ ? (प्रेरित १३:१–३) ।

५. के त्यस मानिसले प्रभुको काममा विश्वासयोग्यता प्रमाण गरेको छ (१ तिमोथी ३:१०) ?

**योग्यताहरू**

**१ तिमोथी ३ को उच्च स्तरका कारणहरू के के हुन् ?**

१. एल्डरको स्तरको कामले यो चाहन्छ (२ कोरिन्थी ६:३)। यदि एल्डरहरू निर्दोष छैनन् भने सारा मण्डलीले आफ्नो साक्षी गुमाउँछ ।

२. शैतानको कामले पनि यो चाहन्छ (१ तिमोथी ३:७)। मण्डलीका अगुवाहरूलाई नष्ट पार्नुलाई शैतानले भरभग्दूर चेष्टा गर्छ । यदि एल्डरहरू निर्दोष छैनन भने शैतानले उसलाई निश्चय नै लड़ाउँछ ।

३. यदि कोही मान्छे परिपक्क छैन भने उ एल्डर हुन सक्तैन । यो परिपक्कता नयाँ नियममा उल्लेख गरिएको स्तरहरूद्वारा प्रमाण गर्नुसकिन्छ ।

४. एल्डरहरू आफ्नो उदाहरणको जीवनसित चिन्नुपर्छ (१ पत्रुस ५:३; १ तिमोथी ४:१२; तीतस २:७)।

परमेश्वरको वचन अनुसारको जीवन छैन भने कोही एल्डर बन्नुसक्छ ?

५. पास्टरहरूलाई अझ कडा न्याय हुनेछ (याकूब ३:१) यदि कसैसित बाइबल अनुसारका गुणहरू छैन भने उ आफ्नै भलाइको निम्ति मण्डलीको कामदेखि अलग बस्नुपर्छ ।

६. यी सबै स्तरहरूद्वारा कसलाई एल्डर चुन्नु भनी हामीले जान्न सक्छौं । परमेश्वरको स्तर अनुसार जीवन नभएको व्यक्तिलाई परमेश्वरले अभिषेक एल्डर भन्नु हुन्न

७. स्तरहरूले एल्डरहरूलाई भूल तथा समस्याहरूलाई सुधार्नमा सहायता गर्छ । यदि आज उसमा यी सबै गुणहरू छैन भने उसले आफैलाई सुधार्न सक्छ औ त्यसपछि उ त्यस कामको निम्ति तयार बन्छ ।

८. यी गुणहरू मण्डलीका अगुवाहरूले आफ्नो जीवनमा निरन्तर व्यवहार गरिरहनुपर्छ किनभने यसले मण्डलीलाई झूटो शिक्षादेखि बचाउँछ ।

९. एल्डरहरूमा धेरै योग्यताहरू हुनुपर्छ किनभने तिनीहरूलाई नै मण्डलीले झूटो शिक्षादेखि बचाउने काम दिएको हुन्छ ।

झूटो शिक्षकहरूलाई शैतानले चलाउँछ (१ तिमोथी ४:१, २; २ कोरिन्थी ११:१३–१५) । शैतान धूर्त औ चलाक हुन्छ (एफिसी ४:१४; गलाती २:४) । मण्डलीलाई तिनीहरूले नै धम्की दिन्छ । (प्रेरित २०:२८–३२) । प्रभु फर्कने समय नजीक आउँदा यो धमकी बढ्दै जान्छ (२ तिमोथी ३:१३) । झूटो शिक्षकहरूका शिक्षा निर्बल र सडेर जाने हुन्छ (२ तिमोथी २:१४:१८; रोमो १६:१८) । झूटो शिक्षकहरूले विश्वासीहरूलाई परमेश्वरदेखि टाढा खिचेर लैजान्छ (गलाती ४:१५–१८; १ कोरिन्थी ४:१६–१८; २ कोरिन्थी १:१५–१७, १०:१–१८) ।

**के १ तिमोथो ३ अध्यायका गुणहरू कसैमा पाउन सकिन्छ ?**

परमेश्वरले २ पत्रुस १:३, एफिसी ३:१४–२०; रोमी ६:१४ औ २ तिमोथी ३:१७ मा ख्रीष्टयनहरूले

आज्ञाकारी औ विजयी जीवन बिताउन सक्छन् भनी प्रतिज्ञा गर्नु भएको छ। परमेश्वरले एल्डरहरू सिद्ध र पापरहित हुनुपर्छ भन्नुभएको छैन। उहाँले केवल एल्डरहरूमा १ तिमोथी ३ मा उल्लेख गरिएका कुरोहरू हुनुपर्छ भन्नु भएको छ।

## ती कुराहरू के के हुन् ?

१. उ पुरूष हुनुपर्छ (१ तिमोथी ३:१; २:११-१५)।

२. उसको यस कामप्रति उत्सुकता हुनुपर्छ (१ तिमोथी ३:१) यो उत्सुकता चाँहि परमेश्वरको बुलाहटको प्रमाण हो (प्रस्थान ३५:२०–२२, २६, २९–३५)।

३. उसले आफैलाई जाँच गरेको हुनुपर्छ (१ तिमोथी ३:१०)

४. १ तिमोथी ३:२–५ र तीतस १:६–८ का कुरोहरूमा निर्दोष हुनुपर्छ।

**पारिवारिक जीवनमा निर्दोष** (१ तिमोथी ३:२, ४, ५, तीतस १:६)।

(क) एउटै स्वास्नी (बहुविवाह तथा छुट्टानाम* भएको होइन) छुट्टानाम बारेमा तीन मुख्य कुराहरू: निर्दोष, ख्यातिप्राप्त, उदाहरण (छुट्टानाम गरेको ईश्वरलाई घिण लाग्छ, मलाकी २:१५–१७)।

**बहुविवाह बारेमा**

(१) ईश्वरले आदमलाई एक स्त्री मात्र दिनुभयो (उत्पति २)।

(२) इस्राएलका राजाहरूलाई एउटै मात्र पत्नी हुनुपर्छ भनियो (व्यवस्था १७:१७)।

(३) मण्डली अगुवाहरूको पनि एउटा मात्र पत्नी हुनुपर्छ (१ तिमोथी ३)।

(ख) आत्मिकी पत्नी (१ तिमोथी ३:११)।

(ग) बच्चाहरू अधीनमा भएको (१ तिमोथी ३:४, तीतस १:६) यो अधिनता निर्दिष्ट बर्ष नपुगेसम्म लागु हुन्छ (१ शमूएल ३:११–१३)।

---

* पारपाचुके

**व्यक्तिगत जीवनमा निर्दोष (१ तिमोथी ३:२—३; तीतस १:७, ८) ।**

(क) संयमी (ख) दूरदर्शी (ग) इज्जत भएको र योग्य (घ) सत्कारशील (ङ) मादक कुरोमा लागु नरहने (च) झगड़ा नगर्ने (छ) लोभी अथवा पैसा मात्र नखोज्ने (ज) स्वार्थी होइन (तीतस १:७) (झ) चाडै नरिसाउने (तीतस १:७) (ञ) अरूलाई जाई नलाग्ने (तीतस १:७) (त) असल कुरो प्रेम गर्ने (तीतस १:८)(थ) चाडै नरिसाउने (तीतस १:८) (द) न्यायी (तीतस १:८) (ध) पवित्र (तीतस १:८) ।

५. उ शिक्षक हुनुपर्छ (१ तिमोथी ३:२, तीतस १:९—११) ।

(क) उसित बाइबलको ठीक औ प्रशस्त ज्ञान हुनुपर्छ ।

१. बाइबल तालिमद्वारा (तीतस १:९) ।

२. व्यक्तिगत अध्ययनद्वारा (२ तिमोथी २:१५) ।

(ख) यो कुरो सिकाउनुलाई उसमा योग्यता औ प्रशस्त ज्ञान हुनुपर्छ (तीतस १:९—११) ।

६. झूटा शिक्षकहरूलाई रोक्नु उ तयार, सक्षम र इच्छुक हुनुपर्छ (तीतस १:९-११; १ तिमोथी ४:६) ।

७. उ नयाँ तथा नवशिक्षित हुनु भएन (१ तिमोथी ३:६) ।

८. साथी समाजभित्र उसको सुनाम फैलिएको हुनुपर्छ (१ तिमोथी ३:७) ।

९. उ प्रचारी हुनुपर्छ—(क) एउटा उदाहरण हुनुको लागि (१ पत्रुस ५:३) ।

(ख) ईश्वरको वचन सिकाउनुको निम्ति ।

**अधिकार (मण्डलीहरू कसरी चलाउनु) ?**

**मण्डलीहरूमा विभिन्न विचारहरू हुन्छन्**

१. कुनै मण्डलीमा एकजना मुख्य पास्टर र एकभन्दा बढ़ी सहायक पास्टरहरू हुन्छन् ।

२. कुनै कुनै मण्डलीमा एल्डरहरूको सिमिति हुन्छ र प्रत्येकको समान अधिकार हुन्छ ।

३. कुनै कुनै मण्डलीको एल्डरहरू डिकनहरूको समिति-द्वारा सञ्चालित हुन्छ । मुख्य अधिकार डिकनहरूले चलाउँछन् ।

४. कुनै कुनै मण्डलीमा एल्डरहरू हुन्छन् तर मुख्य अधिकार मण्डलीसित हुन्छ। कुनै कुरो निश्चय गर्नुलाई भोट दिन्छन् ।

५. कुनै कुनै मण्डली बाह्य एल्डरहरूका समितिद्वारा सञ्चालित हुन्छ । एल्डरहरू तथा विशपहरूको एउटा समितिले सबै मण्डलीहरू तथा देशभरिका मण्डली-हरूलाई पनि सञ्चालन गर्छ (प्रेसविटेरियन, लुथरन, एंगलीकन र एपिसकोपल) ।

६. कति मण्डलीहरूमा अभिषेक नभएका मानिसहरू हुन्छन् । यी मानिसहरूमा मण्डलीको सम अधिकार पनि हुन्छन् । कहिले त तिनीहरूको अधिकार पास्टरको भन्दा पनि माथि हुन्छ ।

## मण्डलीमा अधिकार बारे बाइबलका शिक्षाहरू

१. मण्डलीका कति व्यक्तिहरूलाई शासक र निरीक्षक

भनिन्छ (प्रेरित २०:२८; १ थिस्सलोनी ५:१२; हिब्रू १३:७, १७) । यिनीहरू तीनवटा नामले परिचित छन्—पास्टर, एल्डर औ विशप ।

२. यिनीहरू सबैको एउटै अधिकार हुँदैन (प्रेरित १४:१३, २०:१७, १५:२, १ थिस्सलोनी ५:१२; तीतस १:५; हिब्रू १३:७, १७ याकूब ५:१४) बाइबलमा सबै एल्डरहरूले एउटै अधिकार चलाएको देखिन्दैन ।

३. प्रत्येक मण्डलीको आफ्नै एल्डरहरू र प्रशासन हुनुपर्छ (प्रेरित १४:२३; तीतस १:५) । मण्डली बाहिरबाट शासन गरिनु राम्रो होइन ।

४. नयाँ नियममा त्यस बारेमा धेरै स्वतन्त्रता छ ।

## ख्रीष्टयन अधिकार बारे केही शिक्षाहरू:

जिम्मावारीको अर्थ अधिकार हो

उदाहरण: हरेक मानिस, हरेक जातिलाई सुसमाचार सुनाउने जिम्मावरी ख्रीष्टयनहरूलाई छ (मत्ती २८:१८; मर्कस १६:१५) । परमेश्वरले यो अधिकार हामीलाई

प्रदान गर्नु भएको हो (२ कोरिन्थी ५:१७-२१) माता-पितालाई आफ्ना बच्चाहरूलाई ठीक मार्गमा हिंडाउने जिम्मावारी छ। माता-पितालाई यो गर्ने अधिकार पनि छ। पतिहरूलाई घरमाथि शासन गर्ने जिम्मावारी छ औ यो तिनीहरूको अधिकार पनि हो। परमेश्वरले एल्डरहरूलाई कतिवटा जिम्मावारी औ आज्ञाहरू दिनु भएको छ। हरेक एल्डर परमेश्वरअघि तिनीहरूलाई दिइएको अधिकारको निम्ति न्याय गरिनेछ। यसर्थ एल्डरहरूलाई यो जिम्मावारी पूरो गर्ने अधिकार छ।

## २. जिम्मावारी साझा हुन सक्तैन

यदि कसैलाई परमेश्वरले एउटा जिम्मावारी प्रदान गर्नु भएको छ भने त्यस व्यक्तिले आफ्नो जिम्मावारी कसैसित बाँड्न सक्तैन। उदाहरणको निम्ति पावल र बर्नबास विशेष कामको निम्ति परमेश्वरदेखि बोलाइएका थिए (प्रेरित १३:१-३)। तिनीहरूले त्यो काम कसैलाई दिन सकेनन्; किनभने त्यस कामको निम्ति परमेश्वरअघि तिनीहरू नै जिम्मावारी थिए। यदि तिनीहरूले समिति खड़ा गरेर त्यो जिम्मावारी समितिलाई दिन चाहेको भए

तिनीहरू भूलमा हुन्थे । परमेश्वरले पावल र बर्नबासलाई बोलाउनु भएको हो, कुनै समितिलाई होइन । ख्रीष्टयन काममा परमेश्वर विशेष कुनै स्त्री र पुरूषलाई विशेष जिम्मावारी दिनुहुन्छ । यसको निम्ति तिनीहरू नै परमेश्वर अघि जवाफदेही हुन्छन् । दुइ तीन मानिसहरूलाई परमेश्वरले कुनै जिम्मावारी दिनु भएको छ र ती व्यक्तिहरूले त्यस काम कुनै समितिलाई प्रदान गऱ्यो भने औ समितिले त्यो काममा कतिपय परिवर्त्तनहरू पनि ल्याउन सकछ र त्यो काम परमेश्वरको इच्छानुसार हुँदैन । अब त्यस कामको निम्ति पहिले छानिएका व्यक्तिहरू नै परमेश्वरअघि जवाफ देहीहरू हुन्छन् । परमेश्वरले कुनै समितिलाई होइन, कति व्यक्तिहरूलाई जिम्मवारी दिनुहुन्छ ।

अर्को उदाहरण घर हो । परमेश्वरलाई मुख्य जिम्मावारी घरको पुरूषलाई दिनु भएको छ । त्यस घरको निम्ति परमेश्वरअघि पुरूष नै जिम्मावारी छ । आदमलाई खानु मनाही गरेको फल हवादेखि लिएर उसले भूल बाटो लियो । त्यसको निम्ति परमेश्वरले आदमलाई नै न्याय गर्नु भयो । हवाले भूल गरेको भए तापनि परमेश्वर आदम कहाँ आउनु भयो (उत्पत्ति ३) । बाइबलमा मुख्य दोष

आदमलाई दिएको छ (रोमी ५:१२)। रूखको जिम्मावारी परमेश्वरले हव्वालाई होइन तर आदमलाई दिनु भएको थियो (उत्पति २:१५-१७ ओ गन्ती ३०:६-१५)।

मण्डलीहरूमा पनि परमेश्वरले एल्डरहरूलाई जिम्मावारी दिनु भएको छ (प्रेरित २०:२८)। यदि एल्डरहरूले यो जिम्मावारी डिकन तथा मण्डलीलाई दिनु चाहन्छ भने यो भूल हो। मण्डलीको कामको निम्ति परमेश्वरले एल्डरहरूलाई न्याय गर्नु हुनेछ; डिकन तथा सर्व साधारणलाई होइन।

यसको अर्थ एल्डरहरू र डिकनहरूले अरूबाट सल्लाह नलिनु भनेको होइन। सर-सल्लाह लिनु र जिम्मावारी दिनुमा धेरै भिन्नता छ। एल्डर, मिशनरी, पति अथवा माता-पिताले अरूबाट सर-सल्लाह लिनु सक्छन् तर अन्तिम फैसला उनीहरूकै हुनुपर्दछ किनभने परमेश्वरले तिनीहरूलाई जिम्मावारी प्रदान गर्नु भएको छ।

## तब एल्डरहरूको कुन जिम्मावारी छ ?

१. मण्डलीलाई हेरचाह गर्ने; तालिम दिने जिम्मावारी छ

(१ पत्रुस ५:१-४) । यसमा प्रचार र शिक्षा आउँछ (२ तिमोथी ४:१-४, १ तिमोथी ४:१३-१६) । मण्डली कसले, के, कहिले सिकाउनु पर्छ भनी फैसला एल्डरहरूले गर्नपर्छ । अरूले सिकाएका कुराहरू ठीक छ या छैन भनी निरीक्षण गर्ने तिनीहरूको अधिकार छ (१ कोरिन्थी १४:२९) ।

२. झूटो शिक्षादेखि मण्डलीलाई बचाउने तिनीहरूको अधिकार छ (प्रेरित २०:२८-३२; तीतस १:९-१३; १ कोरन्थी १४:२९) । यस विषयमा ख्रीष्टयनहरूलाई चेतावनी दिने औ यसमा मनाही गर्ने तिनीहरूको अधिकार छ ।

३. भूलमा रहेका भाइलाई अनुशासनमा राखी मण्डलीलाई पवित्र राख्ने तिनीहरूको अधिकार छ (हिब्रू १३:१७; तीतस ३:९-११; १ कोरिन्थी ५) ।

४. सारा मण्डलीको कामलाई निरीक्षण गर्ने तिनीहरूको अधिकार छ (प्रेरित २०:२८; १ थिस्सलोनी ५:१२; १ पत्रुस ५:२) ।

चेतावनी: एल्डरहरू सहन नसकने र स्वेच्छापूर्वक काम गर्ने हुनुहुँदैन (१ पत्रुस ५:१–५, ३ यहून्ना ९–११)। शासन मानवताको रीतिले गर्नुपर्छ।

## आत्मिक वरदान र एल्डरहरू

१. विभिन्न मानिसहरूका विभिन्न वरदानहरू हुन्छन् (१ कोरिन्थी १२; १ तिमोथी ४:१४)। हामीले विभिन्न सेवकाईहरूको प्रशंसा गर्नुपर्छ औ यसबाट लाभ उठाउनुपर्छ। हाम्रो स्वभाव चाँहि एक प्रकारको सेवा मन पराउँने, अर्कोलाई वहिष्कार गर्ने हुन्छ (१ कोरिन्थी ३:३–१०)।

२. आत्मिक वरदानहरू पवित्र आत्माको भरपूरीको चिह्न होइन (एफिसी ५:१८–३३; गलाती ५:१६–२६)।

३. १ कोरिन्थी ११:८–१० मा उल्लेख गरिएको वरदानहरू मात्र पवित्र आत्माको वरदान होइन। अरू वरदानहरू १ कोरिन्थी १२:२८–३०; रोमा १२:३–८ औ १ पत्रुस ४:१०, ११ मा पाइन्छ।

४. पवित्र आत्माले विभिन्न व्यक्तिहरूलाई विभिन्न वरदानहरू

आफ्नो इच्छानुसार दिनुहुन्छ (१ कोरिन्थी १२:७,११)। कसैसित भविष्यवाणी तथा आश्चर्य कर्म गर्ने वरदान छ भने यो मानिस अरूभन्दा ज्यादै आत्मिकी हो भन्नु सकिन्दैन ।

५. आत्मिक वरदानहरू आत्मिकताको चिह्न होइन (१ कोरिन्थी १३) ।

६. आत्माको अभिषेकले मानिसहरू अनुसार विभिन्न परिणामहरू पैदा गर्छ। हामीले कसैलाई विशेष अभिषेक गर्न सक्तैनौं (१ कोरिन्थी १२:७–११)। यस प्रकारको अभिषेकलाई रोमी १२:३–८ मा अनुग्रह भनिएको छ। अनुग्रह औ अभिषेक परमेश्वरको इच्छा पूरो गर्ने योग्यता हो (१ पत्रुस ४:१०, ११)। यस विषयमा पावलले १ कोरिन्थी १५:१० मा चर्चा गरेका छन्। परमेश्वरको अनुग्रहद्वारा नै पावलले कठोन औ असाधारण जीवन बिताउन सके। हामीलाई पावलले पाएको जस्तै अनुग्रह चाँहिन्दैन तर हाम्रो आफ्नै अनुग्रह चाहिन्छ। हामीलाई विशेष कुनै विश्वासीको जस्तो अभिषेक चाहिन्दैन तर हामीलाई हाम्रै बुलाहट र काम अनुसारको अभिषेक चाँहिन्छ ।

७. प्रत्येक मानिस आफ्नो वरदाम र सेवकाई पूरो गर्नुलाई होशियार रहनुपर्छ (२ तिमोथी ४:५; गलाती ६:४)।

८. मण्डलीलाई परमेश्वरको आत्माले चलाउनु भए छ भने उहाँले मानिसहरूको आवश्यकत्ता पूरो गरिदिनु हुन्छ। मण्डलीको कर्त्तव्य हो परमेश्वरले प्रदान गर्नु भएको कुरो ग्रहण गर्नु। परमेश्वरले नै मण्डलीमा अगुवाहरू दिनुहुन्छ (प्रेरित २०:२८; एफिसी ४:११, १२)। परमेश्वरले नै खीष्टयनहरूलाई बरदान र सेवकाईहरू दिनुहुन्छ (१ कोरिन्थी १२; रोमी १२)।

९. आत्मिक वरदान र अभिषेकसित व्यक्तित्व र शारीरिक योग्यतालाई होशियारसित छुटाउनु होस्।

**एल्डरहरूप्रति मण्डलीको उत्तरदायित्व**

अध्याय ४ हेर्नोस्—"सदस्यहरूको काम" पृष्ठ २३।

१७ अध्याय

# डिकनहरू

## तिनीहरू को हुन् औ तिनीहरूको काम के हो ?

डिकनको अर्थ सेवक हो। नयाँ नियममा यसको प्रयोग दुइ किसिमले भएको छ।

(१) साधारण ख्रीष्टयन सेवक (कलस्सी ४:१२)।

(२) स्थानीय मण्डलीमा विशेष कुनै जिम्मावारी लिएको ब्यक्तिलाई भनिन्छ (१ तिमोथी ३:८–१३)। साधारण रीतिमा स्त्रीहरू पनि डिकन हुन सक्छन् (रोमी १६:१), तर डिकनको जिम्मावारी चाँहि पुरूषहरूले मात्र लिनु सक्छन् (१ तिमोथी ३:१२)।

डिकनहरू मण्डलीका सेवकहरू हुन्, विशेष गरी यिनीहरू एल्डरहरूका सेवकहरू हुन्, यसरी एल्डरहरूका आत्मिक सेवकाईको निम्ति स्वतंत्र हुन्छन् (प्रेरित ६:१–४)। एल्डरहरू र मण्डलीले भनेको कुनै काम पनि डिकनहरूले गर्नुपर्छ, तर विशेष गरी तिनोहरू रुपियाँ–पैसा, जायदाद तथा सामाजिक योजनाहरू बारे देखरेख गर्छन् ।

## एउटा मण्डलीमा कतिजना डिकनहरूको जरूरत छ ?

बाइबलमा कहीं पनि मण्डलीमा डिकन हुनैपर्छ भनिएको छैन । यदि तिनीहरूको आवश्यकत्ता परे अभिषेक गर्नु सकिन्छ । मण्डलीको माप र आवश्यकत्ता अनुसार कत्तिजना डिकनहरू अभिषेक हुनुपर्छ भनी निश्चय गर्नु सकिन्छ ।

## तिनोहरू कसरी छानिन्छन् (चुनिन्छन्) ?

१. मण्डली औ मण्डलीका अगुवाहरूद्वारा (प्रेरित ६) ।

२. १ तिमोथी ३:८–१२ मा उल्लेख गरिएका योग्यताहरू अनुसार—

(क) उचित आत्मिक जीवन औ साक्षी (१ तिमोथी ३:८-१०)।

(ख) आत्मिकी पत्नि (१ तिमोथी ३:११)।

(ग) उचित पारिवारिक जीवन (१ तिमोथी ३:१२)। याद गर्नोस् डिकनहरूमा सिकाउने तथा प्रचार गर्ने योग्यता हुनै पर्छ भन्ने छैन्।

## कति समयसम्म तिनीहरूले सेवा गर्नु सक्छन्?

यस विषयमा बाइबलमा केही भनिएको छैन। यसकारण प्रत्येक मण्डलीले आफै विचार गर्नुपर्छ। कति मण्डलीहरूमा दुइ या तीन वर्षको निम्ति डिकनहरू चुनिएका हुन्छन् औ कतिमा जीवनभरको निम्ति हुन्छ।

डिकनहरूको इनाम (१ तिमोथी ३:१३)।

१ संगी ख्रीष्टयनहरूबाट इज्जत र ईश्वरबाट इनाम।

२ ठूलो साहस। यो आत्मिकी शक्ति र उत्साह हो।

# १८ अध्याय

# अभिषेक

## अभिषेक के हो ?

अभिषेकको अर्थ अलग गर्नु, मान्यता दिनु हो ।

(१) स्वर्गीय बोलाहटलाई यो मानिसबाटको मान्यता हो ।

(२) सेवकाईको लागि यी अलग गर्नु हो ।

(३) सहायता र संगतिको यो एउटा प्रण हो (प्रेरित १३:१४) ।

## अभिषेक को हुने ?

१. डिकनहरू (प्रेरित ६:१–६) ।

२. मिशनेरी/प्रचारकहरू (प्रेरित १३:१–४) ।

३. पास्टरहरू (प्रेरित १४:२३; तीतस १:५)।

## अभिषेक कसरी गर्ने ?

प्रेरित १६:१–६ मा मण्डलीका कार्यकर्त्ताहरू कसरी अभिषेक गरिन्छ भनी उदाहरण दिइएको छ। यहाँ विशेष गरी डिकनहरूको अभिषेक बारे लेखिएको छ, तर त्यही नियम एल्डरहरूको अभिषेकमा पनि लागु हुन्छ।

१. आवश्यकत्ता देखिनु (प्रेरित ६:१–२)

## मण्डलीले उपयुक्त अगुवाहरू किन अभिषेक गर्नु पर्छ—केही कारणहरू

(क) उपयुक्त अभिषेक अगुवाहरू विनाको मण्डली पूरो हुँदैन (तीतस १:५; प्रेरित १४:२१–२३)।

(ख) तालिमको निम्ति मण्डलीलाई उपयुक्त अभिषिक्त अगुवाहरूको आवश्यकत्ता पर्छ (एफिसी ४:११–१२)।

(ग) मण्डलीको रक्षाको निम्ति पनि उपयुक्त अभिषिक्त अगुवाहरूको आवश्यकत्ता पर्छ (तीतस १:६–११; प्रेरित २०:२८–३२)।

(घ) मण्डलीको अनुशासनको निम्ति पनि उपयुक्त अभिषिक्त अगुवाहरूको आवश्यकत्ता पर्छ (हिब्रू १३:१७)।

(ङ) मण्डलीको उदाहरणको निम्ति उपयुक्त अभिषिक्त अगुवाहरूको आवश्यकत्ता पर्छ (हिब्रू १३:७, १ पत्रुस ५:३)।

२. तिनीहरूले प्रेरितहरूबाट निर्देशन पाउँछन् (प्रेरित ६:२,३)।

परमेश्वरले प्रेरितहरूलाई मण्डलीमा उहाँको प्रकाश दिनुको निम्ति चुन्नु भएको हो। आज हामीहरू सित प्रेरितहरू छैनन् तर नयाँ नियममा तिनीहरूले लेखेको शिक्षाहरू छन्। अगुवाहरू अभिषेक गर्नुको अघि मण्डलीले यी लेखहरू अध्ययन गर्नुपर्छ। विशेष गरी १ तिमोथी; २ तिमोथी र तीतसको पुस्तकहरू अध्ययन गर्नुपर्छ।

३. तिनीहरूले योग्य व्यक्तिहरू चुने (प्रेरित ६:३,५)।

प्रेरितहरूले बताएका स्तर अनुसार मण्डलीले अगुवाहरू अभिषेक गर्नुपर्छ। मण्डलीलाई जुनै सुकै व्यक्तिलाई

(जो सित १ तिमोथी ३ र तीतस १ मा चर्चा गरिएको योग्यताहरू छैन), अभिषेक गर्ने अधिकार छैन ।

४. ती अगुवाहरू जनसाधारणको अघि अभिषेक गरिन्थे (प्रेरित ६:६) ।

मण्डलीले कसलाई अभिषेक गर्नु हो भनेर निश्चय गरिसकेपछि जनसाधारणको अघि एक विशेष सभा हुनुपर्छ । यो सभा तीनवटा कारणले मुख्य छ: (१) अगुवाहरू आफ्नो नयाँ ओह्दाको निम्ति गंभीर बन्छन् । यसैकारण अभिषेकको साथ साथै २ तिमोथी ४:१,२ औ १ तिमोथी ६:१३,१४ को कार्यभारहरू पनि दिइन्छ । (२) विश्वासीहरूले पनि अगुवाहरूलाई सहायता गर्ने इच्छा प्रकट गर्नुपर्छ, (३) प्रभुले प्रार्थनाको उत्तर दिनु हुन्छ र विजयी बनाउनुहुन्छ ।

५. परमेश्वरले आशिष दिनुहुन्छ (प्रेरित ६:७) ।

यदि मण्डलीले परमेश्वरको आशिष चाहन्छ भने यसले नयाँ नियमको उदाहरणहरू बड़ो होशियारी साथ पालन गर्नुपर्छ । योग्य व्यक्तिहरूको अभिषेकमा मण्डलीमा निश्चय नै जय औ आशिष आउँछ । अमेरिकाको एउटा ठूलो

मण्डलीको एक भक्त पास्टरले भन्छन् "मण्डलीको उत्थान र पतन नेतृत्वमा निर्भर गर्छ।" मण्डलीको काममा तिनको धेरै वर्षको अनुभव छ। तिनले मण्डलीहरूको उन्नति हुँदै गएको औ पतन हुँदै गरेको पनि देखेका छन्। तिनले मण्डली यसको अगुवाहरू भन्दा उत्तम हुन सक्तैन भनी देखी सकेका छन्। मण्डलीले उचित अगुवाहरू अभिषेक गर्न स्थगित गर्‍यो अथवा अयोग्य व्यक्तिहरूलाई अभिषेक गर्‍यो भने परमेश्वरको आशिष त्यहाँ हुँदैन भन्ने कुरोमा अचम्मित नबन्नोस्।

## बाहिरदेखि सहायता

मण्डलीले कुनै बाहिरको व्यक्तिलाई बोलाएर उचित नेताहरू चुन्नुमा सहायता माग्नुपर्छ। यस प्रकारको उदाहरण हामी बाइबलमा पाउँछौं। पावलले कतिवटा मण्डलीहरूमा अगुवाहरू खड़ा गर्नुमा सहायता गरे (प्रेरित १४:२३)। तीतसले क्रेटमा अगुवाहरू अभिषेक गर्नुमा सहायता गरे (तीतस १:५)। तिमोथीले पनि मण्डलीहरूको स्थापना औ अगुवाहरूको अभिषेकमा सहायता गरे (१ तिमोथी १:२,३; ३:१–१५)।

यसरी मण्डलीदेखि बाहिरको मान्छे आउन पऱ्यो भने त्यो व्यक्ति योग्य, एल्डर (कुनै मण्डलीको) अथवा सबैले आदर दिने मिशनेरी हुनुपर्छ। तिनले नयाँ नियमको स्थानीय मण्डली बारे सम्पूर्ण शिक्षाहरू जानेको हुनुपर्छ।

बाहिरको अगुवाले यसरी अभिषेकमा सहायता गर्नुमा धेरै लाभ छ। तिनले बाइबलदेखि मण्डलीको नियमहरू औ नेतृत्व बारे शिक्षा दिनुसक्छन्। तिनले अगुवा चुन्ने बारेमा निर्देशन दिनुसक्छ। अनिश्चित विषयहरूमा तिनी पक्षपात विना काम गर्नु सक्छन्। तिनी विश्वासीहरूको निम्ति उत्साहको कारण बन्नुसक्नेछ। कुनै समस्या आइ परे तिनले सहायता गर्नु सक्छन्। यसरी बाहिरका अगुवा तथा मिशनेरीहरूले धेरै प्रकारको सहायता दिनु सक्छन्।

## प्रभुले नै अगुवाई गर्नुहुने छ

प्रभु येशू ख्रीष्ट आफ्नो मण्डलीको माझमा उभिरहनु भएको छ (प्रकाश १:१२, १३, २०)। उहाँले आफैले मण्डली बनाउनु हुन्छ (मत्ती १६:१८)। यदि मण्डलीले उहाँको इच्छा खोज्यो र उहाँको आज्ञाहरू पालन गऱ्यो भने उहाँले नै उपयुक्त अगुवाहरू चुन्नमा सहायता गर्नुहुनेछ।

उहाँ हरेक मण्डलीको साँचो शिर हुनुहुन्छ। उहाँ मण्डलीहरूको साँचो विशप र गोठालो हुनुहुन्छ (१ पत्रुस २:२५)।

मण्डलीहरूलाई मात्र आफ्नो अगुवाहरू छान्ने अधिकार छैन। येशूले कुन व्यक्ति चुन्नु चाहनु हुन्छ त्यो कुरो निश्चय हुनुपर्छ। हामीले पहिले नै हेर्‍यौ, अभिषेक मानिसहरूले दिनु पर्ने मान्यता र दैवी बोलाहट हो। पवित्र आत्माले एल्डरहरू नियुक्त गर्नु हुन्छ (प्रेरित २०:२८)। प्रभु येशू ख्रीष्टले नै मण्डलीहरूमा अगुवाहरू राख्नु हुन्छ (एफिसी ४:११, १२)। परमेश्वरले विश्वासीहरूलाई आत्मिक वरदानहरू र सेवकाईहरू दिनुहुन्छ (रोमी १२:३-८)। प्रत्येक मण्डलीले यी सबै कुरोहरूमा नम्रता पूर्वक परमेश्वरको इच्छा खोज्नुपर्छ।

१९ अध्याय

# मण्डलीको कार्यकर्त्ताहरूको स्तर

परमेश्वरले एल्डरहरू र डिकनहरूलाई स्पष्टसित तिनीहरूको स्तर बारे बताउनु भएको छ (१ तिमोथी ३; तीतस १;)। मण्डलीमा सिकाउने औ सहायता गर्ने अरू विश्वासीहरू बारे के गर्ने? सन्डे स्कूलमा पढाउने अथवा स्त्रीको झुण्डलाई सिकाउने, संगीत सिकाउनेहरू बारे के छ?

मण्डलीमा ओहोदा लिएर बस्ने र सिकाउनेहरूको भन्दा कडा हुन्छ (याकूब ३:१)। यसर्थ मण्डलीहरूले शिक्षाको स्तर अत्ति उच्च राख्नु आवश्यक छ। निम्नलिखित स्तरहरू बाइबलदेखि सबै शिक्षक र कार्यकर्ताहरूको निम्ति लिइएको हो, यहाँ केवल एल्डरहरू र डिकनहरू मात्र आउँदैन।

## मण्डलीको कार्यकर्त्ताहरूको स्तर

१. पवित्र जीवन (तीतस २:३) ।

२. सिद्ध शिक्षा (तीतस २:३) ।

३. असल ख्याति (२ कोरिन्थी ८:१८, १९) ।

४. परमेश्वरको काममा परिश्रमी (२ कोरिन्थी ८:२२) ।

५. विश्वासयोग्य (१ कोरिन्थी ४:१, २) ।

(क) मण्डलीमा उपस्थित हुने र कर्त्तव्यहरू पूरो गर्ने बारेमा विश्वासयोग्य

(ख) शिक्षाको निम्ति तयारी गर्ने बारे विश्वासयोग्य

(ग) शिक्षा दिन नियमित रूपले उपस्थित भई विश्वास योग्य हुनु

(घ) शिक्षा दिन ठीक समयमा पुगेर विश्वासयोग्य हुनु

(ङ) शिक्षा दिनु आफै उपस्थित हुन नसके उचित व्यक्ति पठाएर विश्वासयोग्य हुनु ।

६. परिपक्व (हिब्रू ५:१२–१४) ।

यी सदस्यहरूले दुइ प्रकारको परिपक्वताको उदाहरण दिन्छ । १, परिपक्व ख्रीष्टयनमा बाइबलको काम गर्ने ज्ञान हुन्छ ( १३ पद ) । २, परिपक्व ख्रीष्टयनको बाइबलको ज्ञानलाई प्रयोग गर्ने योग्यताहरू हुन्छ (१४ पद) ।

७. स्थानीय मण्डलीप्रति समर्पित (रोमी १६:१; १ कोरिन्थी १६:१५, १६) ।

८. प्रदान गरिएको जिम्मावारोप्रति समर्पित (फिलिप्पी २:१९–२१) ।

(क) प्रार्थना गर्ने

(ख) विचार गर्ने

(ग) सम्पूर्ण रीतिले तयार बन्ने

(घ) हरेक आवश्यक कुरोलाई ध्यान दिने ।

यदि मण्डलीले यो स्तर अप्नाएन भने के हुन्छ ?

**१. भूल कुरोहरू मण्डलीमा सिकाइन्छ ।**

यदि मण्डलीले सिकाउने (शिक्षा दिने) व्यक्तिको

विश्वास बारे शिक्षा दिनुको अघि सोधी खोजी गरेनन् भने मण्डलीमा झूटो शिक्षा आउने डर हुन्छ । त्यस अवस्थामा पास्टरले एउटा कुरो सिकाउँछन् औ अरू शिक्षकहरूले भिन्दै कुरो सिकाउनुसक्छ ।

## २. अविश्वासयोग्य र असमर्पित शिक्षकहरूले विश्वासीहरूमा निरुत्साह पैदा गर्छ ।

यदि मण्डलीले आफ्ना कामप्रति अविश्वासयोग्य व्यक्तिहरूलाई नियुक्त गऱ्यो भने मण्डलीको काममा नोक्सानी आउँछ । पाठ ठीकसँग तयार नगर्ने शिक्षक अथवा क्लासमा सँधै ढीलो कि ता अनुपस्थित हुने वा मण्डलीको सगतिमा पनि निरन्तर न जाने शिक्षकले भलो भन्दा बढ़ी बुरो गर्नेछ ।

३. आत्मिक नभएका शिक्षकहरू विंश्वासीहरूको निम्ति नराम्रो उदाहरण हो ।

मण्डलीले आत्मिक शिक्षकहरू मात्र नियुक्त गर्नु पर्छ । नभए झूटा शिक्षकहरूले विश्वासीहरूलाई चोट पुऱ्याउँछन् र खराब उदाहरण पैदा हुन्छ ।

भाग सात

# मण्डली औ यसको अनुशासन

२० अध्याय

## माण्डलिक अनुशासन के हो औ किन?

### माण्डलिक अनुशासन के हो ?

'अनुशासन' शब्द कडा औ क्रूर सुनिन्छ तर यहाँ बाइबलको साँचो अनुशासन छ। बाइबलमा अनुशासनको अर्थ परमेश्वरलाई मन पर्दो व्यक्ति तथा मण्डली बन्ने तालिम

हो। बाइबलको अनुशासन चाँहि तालिम हो। यसमा शिक्षा, सुधार साथै (आवश्यकत्ता परे) सजाय पनि आउँछ। मण्डलीको अनुशासन, मण्डलीलाई परमेश्वरअघि पवित्र औ ठीक राख्ने प्रत्येक कुरो आउँछ। यो कड़ा (सख्त) औ क्रूर हुँदैन तर यसमा प्रेम, परमेश्वरप्रति प्रेम, पवित्र औ ख्रीष्टको शिक्षाको निम्ति प्रेम हुन्छ।

## माण्डलिक अनुशासन के हो ?

१. अविश्वासीहरूको अघि मण्डलीको एक असल साक्षी बन्ने ( फिलिप्पि २:१४, १५, १ पत्रुस २:६-१२ )। मण्डलीहरूले ख्रीष्टको पवित्र नाम धारण गरेको हुन्छ, यसर्थ, उहाँको नामको खातिर मण्डलीहरूले होशियारी साथ अनुशासन व्यवहार गर्नुपर्छ।

२. मण्डलीमा झूटो शिक्षा प्रवेश गर्नुदेखि रोक्नुलाई।

पाप औ झूटो शिक्षा दुवैलाई बाइबलमा खमीर भनिएको छ (१ कोरिन्थी ५:६,७; गलाती ५:७-६)। मण्डलीहरूलाई अनुशासन व्यवहार गर्ने चेतावनी दिइएको छ। यदि गरेनन् भने दुष्ट खमीर मण्डली भरि पसेर यसलाई अधकल्चो तथा सत्यानाश बनाउँछ।

३. मण्डलीलाई ख्रीष्टको आगमनको निम्ति तयार पार्नु (तीतस २:११-१३)।

मण्डलीले सँधै प्रभुको आगमनलाई पर्खिरहेको हुन्छ। जुन मण्डली पवित्र औ तयार बस्नुमा असफल बन्छ त्यो मण्डली ख्रीष्टको आगमनमा लज्जित बन्छ। (१ यूहन्ना २:२८)।

## परमेश्वरलाई प्रसन्न राख्नु औ उपासना गर्नु

पवित्र मण्डलीले प्रभुलाई प्रसन्न राख्छ (तीतस २:१४)। पवित्र मण्डली परमेश्वरप्रतिको प्रशंसा पनि हो (१ पत्रुस २:१-५)। परमेश्वरलाई साँचै प्रसन्न राख्नु चाहने मण्डलो नयाँ नियमको माण्डलिक अनुशासनहरू प्रयोग गर्नु होशियार बन्छन्।

## माण्डलिक अनुशासनको निम्ति चाहिएको आध्यात्मिकता

माण्डलिक अनुशासन कुनै प्रेमविहिन अआत्मिक व्यक्तिले प्रयोग गर्‍यो भने यसले भलोभन्दा खराब नै परिणाम

ल्याउँछ । प्रयोग गरिएका अनुशासनहरू साँचै आत्मिक हुन् भनी जान्नु अत्यन्तै आवश्यक छ (गलाती ६:१; रोमी १५:१४) । नत्र तिनीहरूले न्याय गर्नुमा भूल गरेर व्यर्थैमा तिनीहरूको व्यवहारदेखि ठोकर ल्याउँछन् ।

०

## २१ अध्याय

# माण्डलिक अनुशासन—कसरी ?

### मण्डलीलाई रोक-थाम गर्ने अनुशासन

रोगदेखि बाँच्नु (रोग लाग्नु नदिनु) नै सबैभन्दा असल औषधी हो। यो भनाई मण्डलीको अनुशासन औ बालकहरूको तालिममा सत्य ठहरिएको छ। परमेश्वरले आफ्नो बालकहरूलाई अनुशासनमा राख्ने ध्येय चाँहि तिनीहरूले उचित जीवन बिताओस भन्ने हो। उहाँले हामीलाई दण्ड दिनु चाहनु हुन्न। उहाँले हामीलाई जे निर्देशन दिनु भएको छ त्यसको पालन गरेको उहाँ चाहनु हुन्छ (भजनसंग्रह ३२:८, ९)। हामीले उहाँको आज्ञा पालन गर्नु अस्वीकार गर्दा मात्र उहाँले दण्ड दिनुहुन्छ। मण्डलीलाई रक्षा गर्ने अनुशासनले मण्डलीलाई आज्ञाकारी

जीवन बिताउनमा सहायता गर्छ र दण्डको केही आवश्यकता पर्दैन ।

१. मण्डलीको सदस्यतामा बाइबलको स्तरद्वारा यो अनुशासन राखिएको हुन्छ । यो मण्डलीको सबैभन्दा मुख्य भाग हो । यदि मण्डलीले उद्धार पाएको सदस्यताको निम्ति संघर्ष गरेको छैन भने कसरी मण्डली पवित्र रहन सक्छ ? मण्डलीका सदस्यहरूको अध्यायमा यस विषयमा अरू जानकारी दिइने छ ।

माण्डलिक सदस्यताको स्तर यस किताबको दोस्रो भागमा विचार गरिने छ ।

## सदस्यता समिति

सदस्यता माग्ने व्यक्तिहरूसित भेट-घाट गर्नुलाई यो समितिले अगुवाहरूलाई सहायता गर्छ । अगुवाहरूले यस्ता व्यक्तिहरूलाई साँच्चै उद्धार पाएका छन् या छैनन् औ बप्तिस्मा उचित रीतिले दिइएको छ या छैन भनी निश्चय गर्नु पर्छ । त्यस व्यक्ति अर्को मण्डलीबाट भर्खरै अनुशासनमा राखिएको छ कि छैन भनी याद गर्नुपर्छ । अर्को मण्डलीमा कुनै पाप

गरेर त्यो कुरा परमेश्वर औ मण्डलीसित ठीक गरेको छैन भने यस्ता व्यक्तिलाई ग्रहण गर्नु ठीक होइन।

## मण्डली सदस्यताको जिम्मावारीहरू

मण्डली सदस्यताको महत्व आफै सभामा आउने व्यक्तिहरूलाई दिन पर्छ। विश्वासीले कुनै मण्डलीको सदस्य हुनुको अर्थ उसले आफैलाई एउटा देहको हातमा सुम्पन्दैछ अब उसको आवश्यकताहरू एल्डरहरूद्वारा पूरो गरिन्छ र प्रत्येक कुरोमा उ मण्डलीको अधीनमा हुन्छ। उसले आफ्नो भागको काम गर्नुपर्छ जसले गर्दा सारा देहले कष्ट पाउँदैन। यो नियम भंग गरिन्दा के हुन्छ? "बाइबल अनुसार मण्डलीलाई यसको कार्यभार सम्हाल्ने अधिकार छ" (लोकल चर्च प्रेक्टीस १०५, १०६ पृष्ठ)। कुनै मण्डलीको सदस्य हुँदा ख्रीष्टयनहरू यी बिषयहरूमा होशियार हुनुपर्छ।

२. रोक–थाम गर्नु अगुवाहरूको प्रचार र शिक्षाद्वारा जारी राख्नुपर्छ।

अगुवाहरूले ख्रीष्टयनहरू कस्ता हुनुपर्छ भनी बाइबलबाट सिकाएका छन् भने मण्डलीको अनुशासन कायम

रहन्छ । वास्तवमा मण्डलीको अनुशासन यहीं शुरू हुन्छ । यस प्रकारको प्रचार र शिक्षाले मण्डली कुन प्रकारको हुने हुने हो भनी निश्चयता दिन्छ ।

हिब्रू १२ मा परमेश्वरले आफ्ना बालकहरूलाई हप्काउनु हुन्छ भनी लेखिएको छ (हिब्रू १२:६–८) । यसले अनुशासन बारे बताउँछ । "हप्काउनु" लाई अरू पदहरूमा निर्देशन दिनु तथा दण्ड दिनु भनी लेखिएको छ । २ तिमोथी ३:१६ ले अनुशासन शास्त्रबाट नै आएको हो भनी देखाउंछ । विश्वासयोग्यता साथ बाइबल प्रचार गर्ने अगुवाहरूको प्रचारद्वारा मण्डलीमा साँचै अनुशासन आउँछ ।

प्रचार उचित साथै प्रभावशाली हुनुपर्छ । अगुवाहरूले आफैलाई यो प्रश्न गर्नुपर्छ: (१) के मैले परमेश्वरको अर्तीहरू सिकाउँदछु (प्रेरित २०:२७ (२) के मेरो शिक्षाहरू उत्साहपूर्ण र जोशिला छन् (१ पत्रुस ४:११), (३) शिक्षाको साथै मैले हप्काउँदै र सुधार्दैछु (२ तिमोथी ३:१६; ४:२; तीतस २:१५), (४) के म विशिष्ट, व्यक्तिगत तथा व्यक्तिगत तथा व्यवहारिक भए ? यसैको अर्थ "निन्दा" हो । पावलले तिनको प्रचारमा विशेष समस्याहरूको नाम दिएका छन् (फिलिप्पी ४:२; १ तिमोथी १:२०; २ तिमोथी १:१५;

२:१६–१८ साथै १ कोरिन्थी औ गलातीको सम्पूर्ण किताब हेर्नोस्)। यस प्रकारको प्रचारले मण्डलीमा अनुशासन ल्याउँछ।

एल्डरहरूको सेवकाईद्वारा रोक–थामको अनुशासन चलाइन्छ (१ थिस्सलोनी २:१०–१२)।

मण्डलीका धर्मगुरू (एल्डर) हरूले व्यत्तिगत रूपले सदस्यहरूको बीचमा अनुशासन कायम राख्नुपर्छ। शिक्षा र प्रचारको काम आवश्यक छन् तर व्यक्तिगत रूपमा मानिसहरूको सेवा गर्नु पनि जरूरी छ। मण्डलीका सदस्यहरूलाई व्यक्तिगत प्रेम र ध्यान दर्शाउनु पर्छ। व्यक्ति व्यक्तिको समस्याहरूलाई एल्डरहरूले याद गर्नुपर्छ। यही नै मण्डलीका अगुवाहरूको गोठाले सेवकाई हो। पास्टरको अर्थ पनि यही हो।

मण्डलीका अगुवाहरूले विश्वासीहरूलाई व्यक्तिगत रूपले प्रेम औ सहायता नगरेको कारण ती विश्वासीहरू संसारतिर फर्कि गएका छन्। कति एल्डरहरूले मण्डलीको सभामा प्रचार गरि सकेपछि तिनीहरूको काम सिद्धियो भनी सम्झन्छन्। तिनीहरूले गोठालाको काम गर्दैनन्। हराएको

भेडाको खोजी गर्दैनन् अथवा रोगी औ बच्चाहरूलाई भेट–घाट गर्न जाँदैनन् । यस्तो अवस्था एउटा मण्डलीमा भएको मलाई थाहा छ । मण्डलीको अगुवाले हरेक आइतबार र बुधबार बाइबलदेखि शिक्षा दिन्थे । तिनको शिक्षाहरू असल औ सहायतापूर्ण थियो तर मण्डलीका सदस्यहरू प्रति तिनको व्यक्तिगत सेवकाई केही थिएन । यस विषयमा तिनले आफ्नो जिम्मावारी पूरो गरेनन् । फलस्वरूप, दुइ वटा परिवारको नाश भयो, तिनीहरूले सम्बन्ध विच्छेद (छुट्टानाम) गरे औ मण्डली पनि छोडे । एकैपल्ट पनि मण्डलीको अगुवाले ती परिवारहरू कहाँ गई सहायता गर्ने कोशिष गरेनन् । आज ती मध्ये दुइ जना चाँहि मण्डलीमा फर्कि आएका छन् तर तिनीहरूको अवस्था अति दु:खमय छ। यदि मण्डलीको अगुवाले गोठालाको जिम्मावारो पूरो गरेका भए यो सब हुने थिएन जस्तो लाग्छ ।

गोठालेको काम बारे बाइबलको दुइ चार पदहरू दिइन्छः (भजन संग्रह २३; यर्मिया २३:१–४; यहून्ना १०:११–३०; प्रेरित २०:२८–३२ औ १ थिस्सलोनिकी २) ।

३. मण्डलीका सदस्यहरू सित संगति राखेर रोक–थामको अनुशासन चलाइन्छ ।

मण्डलीलाई उचित अनुशासनमा राख्नुका निम्ति मण्डलीका अगुवाहरूको कामभन्दा बढी संगतिको आवश्यकत्ता छ। दिनप्रतिदिन सदस्यहरूले एकअर्कासँग संगति राख्नपर्छ। यसर्थ, मण्डलीको अनुशासनमा प्रत्येक विश्वासीको मुख्य अभिभारा हुन्छ।

विश्वासीहरूले एकाअर्काको निम्ति गर्नुपर्ने जिम्मावारीहरू—

एकाअर्कालाई सिकाउनु (कलस्सी ३:१६)।

एकाअर्कालाई उत्साह दिनु औ सुधार्नु (हिब्रू ३:१२–१४; १०:२४, २५; रोमी १५:१४)।

एकाअर्काको सेवा गर्नु (१ पत्रुस ४:९,१०)।

एकाअर्कालाई सान्त्वना दिनु (१ थिस्सलोनिकी ४:१८; ५:११)।

एकाअर्कालाई प्रेम गर्नु औ क्षमा दिनु (रोमी १२:१०; गलाती ५:१३; एफिसी ४:३२; कलस्सी ३:१३; १ पत्रुस ३:८)।

रोगी औ विधवाहरूलाई सहायता गर्नु औ भेट्न जानु (याकूब १:२७)।

अकार्कासँग पाप–स्वीकार गरी प्रार्थना गर्नु (याकब ५:१६) ।

मण्डलीका सदस्यहरूले एकाअर्कासँग धेरै समय बिताएनन् औ यी माथिका सेवकाईहरू व्यवहार गरेनन् भने मण्डलीमा उचित अनुशासन आउँदैन ।

## मण्डलीलाई सुधार्ने अनुशासन

परमेश्वरले आफ्ना बालकहरूलाई दण्ड दिनु चाहनु हुन्न । हामीले दण्ड विना नै उहाँको आज्ञा पालन गरेको परमेश्वर चाहनु हुन्छ । तर यदि ख्रीष्टयनहरू ठीक मार्गमा हिड्नु मानेनन् भने आवश्यकत्ता अनुसार तिनीहरूलाई दण्ड दिनैपर्छ । यहाँ रोक–थाम गर्ने अनुशासन असफलभन्दा सुधार्ने अनुशासन ल्याउनुपर्छ ।

१. सुधार्ने अनुशासन कुनै विशेष समस्यालाई सुधार्ने प्रयासमा चलाइन्छ ।

यदि मण्डलीको कुनै सदस्य पापमा लगातार बस्यो अथवा कूटो शिक्षा पालन गऱ्यो भने त्यस समस्या हल गर्नुका निम्ति यो अनुशासन चलाइन्छ । कति चोटी यो

काम मण्डलीको सबैभन्दा मिल्ने साथीद्वारा गरिन्छ । नत्र पास्टरले नै गर्छन् । कतिचोटि धेरै विश्वासीहरू मिलेर भूलमा रहेका विश्वासीलाई सुधार्ने प्रयास गर्नुपर्छ ।

मत्ती १४:१५–१७ यस कुरोको उदाहरण हो । सर्वप्रथम, मण्डलीका कतिपय सदस्यहरूले आपस्तमा यस कुरोलाई हल गर्ने काम गर्नु पर्छ । यदि यो असफल भयो भने, यस कुरोमा अरू पनि सामेल हुन पर्छ । यदि यसले पनि भएन भने सारा मण्डलीले कदम उठाउनु पर्छ । पापमा रहेका भाइ बहिनीलाई पश्चात्तापी बनाई फर्काइ ल्याउनमा हामीले कुनै प्रयास पनि बाँकी राख्नु हुँदैन । अन्तिम कदम– मण्डलीदेखि निकालिदिनु हो । अत्यन्तै दु:ख लाग्दो कुरो हो । कुनै कदम वा कुनै प्रयास काम नलाग्दा मात्रै धेरै विचार गरेर यो गर्नुपर्छ ।

२. मण्डलीको संगतिदेखि बाहिर निकाल्दा सुधार्ने अनुशासन व्यवहार गर्नुपर्छ ।

बाइबल अनुसार यदि कुनै व्यक्तिलाई मण्डलीको संगतिदेखि बाहिर राख्नु पर्छ भने यो मण्डलीको अनुशासनको अन्तिम कदम हो । हरेक प्रयासद्वारा त्यो

विश्वासीलाई फर्काई ल्याउने चेष्टा गर्नुपर्छ, तर यदि उसले सुधारको निम्ति अस्वीकार गऱ्यो भने मात्र संगतिदेखि निकाल्नु गर्नुपर्छ ।

**अलग गर्ने कारणहरू:**

नयाँ नियममा तीनवटा कारणहरू दिइएको छ– नैतिक, शैक्षिक औ व्यवहारिक । १ कोरिन्थी ५ अध्यायमा नैतिक कारणद्वारा अलग गर्ने उदाहरणहरू दिइएको छ । यदि कुनै विश्वासी दुष्ट जीवन यापन गरेर त्यसैमा बसिरहन चाहन्छ भने उसलाई मण्डलीदेखि अलग गर्नैपर्छ । रोमी १६:१७, १८ र तीतस ३:९–११ मा शैक्षिक कारणले अलग गर्ने उदाहरणहरू दिइएको छ । कुनै विश्वासीले मण्डलीमा झूटो शिक्षालाई विश्वास गरेर प्रचार गर्दछ भने उसलाई मण्डलीदेखि अलग गर्नैपर्छ । २ थिस्सलोनिकी ३:१४–१५ मा व्यावहारिक कारणहरूद्वारा अलग गरिने उदाहरण दिइएको छ । यदि कुनै विश्वासीले नयाँ नियमको रीतिहरू पालन गर्न अस्वीकार गर्छ भने उसलाई संगतिदेखि अलग गर्नैपर्छ ।

## अलग गर्ने रीति

तीतस ३:१० औ १ तिमोथी ५:४ मा अलग गर्ने रीतिहरू दिइएको छ। सर्वप्रथम भूलमा रहने विश्वासीलाई पश्चत्तापी बनाउने भरमग्दूर प्रयास गर्नुपर्छ (तीतस ३:१०), यदि यो असफल बन्यो भने उसलाई जनसाधारणको अघि अलग गर्नुपर्छ (१ कोरिन्थी ५:४)। मत्ती १८:१५-१९ पनि हेर्नोस्।

## अलग सीमा

मण्डलीबाट कसैलाई अलग गर्दा वास्तवमा के हुन्छ ?

१ कोरिन्थी ५ अध्यायमा कतिपय जानकारीहरू दिइएको छ। यसको अर्थ विश्वासीहरूको बरखास्त गरिएको भाइसित सम्बन्ध हुनुहुँदैन। (१ कोरिन्थी ५:११)। यसको अर्थ त्यस व्यक्तिले प्रभुभोजबाट पनि भाग लिनु सक्दैनन् (१ कोरिन्थी ५:११)।

यो अलग गर्नेलाई कसैलाई शैतान कहाँ सुम्पिने काम गर्ने पनि भन्छ (१ कोरिन्थी ५:५)। यसको अर्थ त्यस व्यक्ति

शैतानको क्षेत्रभित्र प्रवेश गरेको छ भन्नु हो, (१ यहून्ना ५:१९; २ कोरिन्थी ४:४) । शैतानले प्रत्येक विश्वासीलाई रोगद्वारा सताउने अधिकार छ(लूका २२:३१, ३२; १३:१६; २ कोरिन्थी १२:७; अय्यूब १–३) ।

## अलग गर्नुको शक्ति

कसैलाई मण्डलीदेखि अलग गरेर संगति कायम राख्नु सजिलो कुरो होइन । त्यहाँ धेरै शङ्काहरू र भय पैदा हुन्छ । के यसले मण्डलीलाई चोट पुऱ्याउँछ? के कसैले बिद्रोह गर्छ ? भूल गर्ने व्यक्तिको प्रतिक्रिया के हुन्छ ? यस प्रकारको अलग गर्नुमा परमेश्वरको शक्तिको जरूरत पर्छ । गर्नुको बाइबलमा लेखिएको छ, यदि विश्वासीहरूले साँचो हृदयले बाइबल पालन गर्ने कोशिष गऱ्यो भने परमेश्वरले शक्ति प्रदान गर्नु हुनेछ ।

१ कोरिन्थी ५:४ "प्रभु येशू ख्रीष्टको शक्ति———"

मत्ती १८:१८, १९ "म तिमीहरूलाई साँच्चै भन्दछु जे तिमीहरूले पृथ्वीमा बाँधौला, त्यो स्वर्गमा बाँधिएको औ जे तिमीहरूले पृथ्वीमा फुकाउँछौ त्यो स्वर्गमा फुकाएको हुन्छ ।"

## मिलाप गराउने प्रयास

२ थिस्सलोनिकी ३:१४, १५; गलाती ६:१ औ २ तिमोथी २:२४–२६ मा मण्डलीका अगुवाहरूले अलग गरिएका व्यक्तिहरूलाई संगतिमा फर्काइ ल्याउने प्रयास निरन्तर गरिरहनु पर्छ भनिएको छ। अलग गरेपछि भुलेर बस्नुहुँदैन।

## झूटो शिक्षक र पछि परेका विश्वासीको भिन्नता

नयाँ नियममा झूटो शिक्षामा दृढ रहेका र नैतिक विषयहरूद्वारा पछि हटेका विश्वासीहरूको भिन्नता बताएको छ। झूटो शिक्षकहरूलाई साँचो ख्रीष्टयनहरू भनिन्दैन (मत्ती ७:२२, २३; रोमी १६:१७, १८; २ कोरिन्थी ११:१–१३; गलाती १:७–९; २:४; २ तिमोथी २:१६–२१; तीतस ३:१०, ११; २ पत्रुस २; २ यहून्ना ९–११; यहूदा ३:१९)।

पछि हटेका विश्वासीहरूलाई भूल गर्ने विश्वासीहरू भनी मानि लिनु पर्छ तथापि तिनीहरू झूटो ख्रीष्टयनहरू होइनन् (२ थिस्सलोनिकी ३:१४, १५)।

## संगतिमा ग्रहण गर्नु

२ कोरिन्थी २:५–११ मा अलग गरिएको विश्वासीलाई कसरी संगतिमा ग्रहण गर्नुपर्छ भनी बताइएको छ। जब त्यस व्यक्तिले आफ्नो पाप–क्षमा माग्छ औ मण्डलीमा क्षमा माँगेर फर्कन चाहन्छ भने उसलाई क्षमा दिएर ग्रहण गर्नु पर्छ।

**अनुशासनको कदमहरू (मत्ती १८:१५–१७)।**

१. व्यक्तिगत, वैयक्तिक कार्य

२. साक्षीहरू

३. मण्डली कार्य

## दुइभन्दा बढी साक्षीहरूको महत्व

अनुशासन गर्ने काममा एकभन्दा बढी साक्षीहरूको महत्वलाई बाइबलले जोड दिन्छन्। एउटा समस्या बारेमा मण्डलीले कम्तिको पनि दुइजना साक्षीहरू नभइञ्जेलसम्म सधै पर्खनुपर्छ (व्यवस्था १७:६; १९:१५; मत्ती १८:१६; २ कोरिन्थी १३:१; १ तिमोथी ५:१९)।

## विविध मुख्य विचारहरू (म्याकडनल्ड)

१. नम्रतामा अनुशासन हुन्छ (गलाती ६:१)।

२. अनुशासन पक्षपातरहित प्रयोग हुनुपर्छ (१ तिमोथी ५:२०, २१; याकूब २:१; व्यवस्था १:१७)।

३. मण्डलीदेखि बाहिर कसैलाई निकाल्नु हो भने त्यो निर्णय एउटा व्यक्तिको मात्र नभएर सम्पूर्ण मण्डलीको हुनुपर्छ (१ कोरिन्थी ५:४-५; २ कोरिन्थी २:६)।

४. यस्तो विषयलाई मण्डलीदेखि बाहिर नपुऱ्याउनुलाई सबै नै होशियारी हुनुपर्छ।

## भाग आठ

# मण्डली औ यसको अर्थ-व्यवस्था

## २२ अध्याय

# मण्डलीको कोषको निम्ति सल्लाहहरू

**कोषाध्यक्ष**

१. व्यक्तिगत औ मण्डलीको साक्षीको ख्याल राख्नु अत्यन्तै आवश्यक छ (२ कोरिन्थी ८:२०, २१)। यसैकारण भेटी उठाई सकेपछि एकजनाभन्दा बढी मानिसले भेटीको हिसाब राख्नु आवश्यक छ।

२. पैसा चलाउनु र मण्डलीको जायदादको हेरचाह गर्नुलाई दुइ चारजना विश्वासयोग्य मानिसहरू मण्डलीबाट चुनिनु पर्छ (२ कोरिन्थी ८:१८, १९ प्रेरित ६:१–५)।

३. परमेश्वरको पैसा र जायदाद चलाउने मानिसहरूको आत्मिक स्तर उच्च हुनुपर्छ (२ कोरिन्थी ८:१८; प्रेरित ६:३, ५) ।

(क) विश्वासयोग्य (२ कोरिन्थी ८:२२) ।

(ख) भर पर्नु सकिने (प्रेरित ६:३) ।

(ग) आत्मिक (प्रेरित ६:३) ।

(घ) ज्ञानी (प्रेरित ६:३) ।

(ङ) प्रचार गर्ने (२ कोरिन्थी ८:१८) ।

(च) विश्वासमा बलियो (प्रेरित ६:५) ।

४. यो काम डिकनहरूको हो (प्रेरित ६:१–६)। डिकनहरूले यस कामको भार उठाए भने एल्डरहरू आत्मिक सेवकाईको निम्ति स्वतन्त्र हुन्छन् ।

## मण्डलीको पैसा कसरी चलाउनुपर्छ ?

१. पास्टरहरू र शिक्षकहरूलाई सहायता गर्नुपर्छ (१ तिमोथी ५:१७, १८)।

२. प्रचारक र मिशनेरीहरूलाई सहायता गर्नुपर्छ (३ यहून्ना ५–८; तीतस ३:१३; १ कोरिन्थी ९:१३,१४)।

३. पुस्तकहरू मण्डलीको निम्ति औ बाहिर बाड्नका निम्ति किन्नु पर्छ।

४. अरू मण्डलीहरूलाई सहायता गर्नुपर्छ।

५. दु:खमा परेका सन्तहरूलाई सहायता गर्नुपर्छ (१ कोरिन्थी १६:१, २; गलाती ६:१०; १ तिमोथी ५:३; हिब्रू १३:१६; याकूब १:२७)।

## विश्वासीहरूले कति दिनुपर्छ ?

१. आफ्नो आय अनुसार दिनुपर्छ (१ कोरिन्थी १६:२)। 'दशवा' अंश चाँहि दिनै पर्छ (मलाकी ३:८–११; उत्पत्ति १४:१८–२०; २८:२०–२२)।

२. नियमित रूपले दिनुपर्छ (हितोपदेश ३:९, १०) ।

३. आफ्नो इच्छाले दिनुपर्छ ( २ कोरिन्थी ९:७ प्रस्थान ३५:२९) ।

४. आफ्नो विश्वास अनुसार दिनुपर्छ (लूका ६:२८; २ कोरिन्थी ९:६, ८; हितोपदेश ३:९, १०; हितोपदेश ११:२४, २५) ।

५. अनन्तको निम्ति केही पाइन्छ भनी दिनुपर्छ (१ तिमोथी ६:१७–१९) ।

६. आवश्यकत्ता अनुसार दिनुपर्छ (प्रेरित ११:२८, २९; १ कोरिन्थी १६:१) ।

**ख्रीष्टयनहरूले किन दिनुपर्छ** ? (२ कोरिन्थी ८–९) ।

१. यो ख्रीष्टयन कर्त्तव्य हो (२ कोरिन्थी ८:७) ।

२. यसले हाम्रो प्रेम प्रमाण गर्छ (२ कोरिन्थी ८:८, २४) ।

३. यसले ख्रीष्टको उदाहरण पालन गरिरहेको हुन्छ (२ कोरिन्थी ८:९) ।

४. यो अरूको निम्ति उदाहरण हो (२ कोरिन्थी ९:२) ।

५. यसबाट फल औ इनाम पाउन सकिन्छ (२ कोरिन्थी ९:६) ।

६. परमेश्वरको काममा दिनेहरूलाई उहाँले आशिष दिनुहुन्छ (२ कोरिन्थी ९:८–११) ।

**भेटी कहिले उठाइनुपर्छ ?**

१. नियमित सभाहरूमा हप्ताको पहिलो दिन (१ कोरिन्थी १६:१, २) ।

२. जब विशेष आवश्यकत्ताहरू आइलाग्छ ।

○

## २३ अध्याय

# स्त्रीहरूको सेवा

बाइबल धर्मशास्त्रको नयाँ नियमको पुस्तकमा मण्डलीमा स्त्रीहरूको स्थान र सेवकाईको सम्बन्धमा निश्चित निर्देशन दिइएको छ। यी निर्देशनहरू संक्षिप्तमा निम्न प्रकारले लिनु सकिन्छ:—

(१) उद्धार अथवा परमेश्वरमा ग्रहणयोग्य हुने सम्बन्धमा पुरूषको समानतामा स्त्री हुन्छन्। "नत नारी न पुरूष नै, किनभने तिमीहरू सबै ख्रीष्ट येशूमा एउटै छौ।" (गलाती ३:२८)।

(२) यसको अर्थ यो होइन कि मण्डलीमा लिङ्गभेद हुँदैन। दैनिक जीवनको व्यवहारको सम्बन्धमा बचनले नर र नारी बीच भिन्नता देखाउँदछ।

एफिसी ५ अध्यायमा उक्त कुरा पाइन्छ: "ए पत्नी हो, आफ्ना आफ्ना पतिको अधिनमा बस (२२ पद) ए पति हो, आफ्ना पत्नीहरूलाई प्रेम गर (२५ पद) ।

(३) यसर्थ परमेश्वरको सामु उपस्थित हुने (उभिने) सम्बन्धमा पुरूषलाई जत्तिकै स्त्रीलाई परमेश्वरले व्यवहार गर्नुहुन्छ भन्ने कुरा हामी भन्न सक्छौं, तर मण्डलीको स्थानको सम्बन्धमा चाँहि अवश्य नै भिन्नता पाइन्छ । संक्षिप्तमा भन्न खोज्दा उक्त भिन्नता चाँहि स्त्री पुरूषको अधीनमा रहनुपर्छ (१ कोरिन्थी ११:३) ।

स्त्रीहरू पुरूषको अधीनमा रहनुपर्ने सम्बन्धलाई वचनले निम्न आज्ञाहरू दिएको छः—

१. स्त्रीहरू मण्डलीका सभामा चूपचाप रहून् (१ कोरिन्थी १४:३४, ३५) "चूपचाप रहनुको" अर्थ पछि व्याख्या गरिएको छ ।

(क) सिकाउँनलाई स्त्रीहरूलाई अनुमति दिइएको छैन (१ तिमोथी २:१२) ।

(ख) मण्डलीको जमातमा उसले प्रश्नहरू सोध्नु सक्दिन (१ कोरिन्थी १४:३५)।

(ग) स्त्रीले बिल्कुल अधीनमा रहेर चूपचापसँग सिकोस् (१ तिमोथी २:११)।

२. स्त्रीले पुरूषमाथि अधिकार नजमाओस् (१ तिमोथी २:१२)।

३. शिर खुल्ला राखेर स्त्रीले प्रार्थना गर्नु अथवा अगमवाणी बोल्नु हुँदैन (१ कोरिन्थी ११:५)। यसले स्त्रीहरूलाई मण्डलीको जमातमा प्रार्थना गर्ने अधिकार दिंदैन किनकि १ तिमोथी २:८ एक दृढ आधार हो—"यसकारण सबै ठाउँमा पुरूषहरूले प्रार्थना गरून् भन्ने म चाहन्छु।"

यहाँ प्रयोग गरिएको "मानिसहरू भन्ने शब्दको अर्थ "पुरूष" हो। ग्रीक भाषामा प्रयोग गरिएको शब्दले स्त्रीलाई समावेश गरेको छैन।

यदि स्त्रीहरूमा यी निर्देशनहरू लागू गरेमा नतिजा दुइतर्फी नै हुनेछ:

(१) चूर्ण हृदयबाट पालन नगरिएको आज्ञाकारिता परमेश्वरलाई मनपर्दो हुँदैन (भजनसंग्रह ५१:१७)।

(२) स्त्रीहरूका हृदयमा तीतोपन साथै रीस हुन्छ तर अर्कोतर्फ हेरे यदि यो निर्देशनहरूका कारण राम्ररी बुझे प्रेमपूर्ण समर्पित चूर्ण हृदयबाटको आज्ञाकारिता झलकन्छ। यो चाँहि परमेश्वरको दृष्टिमा मूल्यवान ठहर्छ (१ शमूएल १५:२२)।

## ख्रीष्टियन स्त्रीहरू किन पुरूषको अधीनमा रहनुपर्छ ?

(१) सृष्टिमा स्त्रीभन्दा पहिलो प्राथमिकता पुरूषलाई दिइएको थियो।

आदम नै पहिले सृजेका हुन्, अनि हवा (१ तिमोथी २:१३) पुरूष ता स्त्रीको होइन, बर स्त्री पुरूषको निम्ति हो (१ कोरिन्थी ११:८)। यहाँ पुष्टि गर्न खोजिएको विवाद चाँहि यही हो कि परमेश्वरले सृष्टि गर्नुहुँदा जुन तह तयार गर्नुभयो त्यसलाई नै मण्डलीमा अप्नाएको उहाँ चाहनुहुन्छ— 'स्त्रीको शिर पुरूष हो" (१ कोरिन्थी ११:३)।

(२) सृष्टिको तहको उद्देश्यले पुरूषहरूलाई स्त्रीहरूमाथिको अधिकारको रूपमा पेश गर्दछ । "किनकि पुरूष स्त्रीको निम्ति सृष्टि भएको होइन, तर स्त्री पुरूषको निम्ति हो" (१ कोरिन्थी ११:९) ।

(३) आफ्नो पति, आदमको अधिकारलाई हवाले स्वीकार नगर्दा नै संसारमा पापको प्रवेश भएको हो । "औ आदम बहकिएका होइनन्, तर स्त्रीचाँहि बहकिएर अपराधमा फँसेकी हुन्" (१ तिमोथी १:१४) । परमेश्वरले आफूले सृष्टि गर्नुभएको नयाँ सृष्टिले यसप्रकारको अधीनता स्वीकार नगरेकी चाहनु हुँदैन, यसैले नै उहाँले स्त्रीलाई अधिकारमनि रहनलाई निर्देशन दिनुभयो ।

(४) स्त्रीहरू अधीनमा रहनुपर्छ भन्ने कुरा देखाउँन पावलले पुरानो नियमको बचनको पनि साक्षी दिंदछन् (१ कोरिन्थी १४:३४) । "तर व्यवस्थाले भनेझैं तिनीहरू अधीनमा रहून् ।" हुनत कुनै पनि निर्दिष्ट आज्ञाले यस बारे स्पष्ट पार्दैन तर पनि पुरानो नियमको यो रीति हो ।

(५) स्त्रीहरूले प्रार्थना गर्दा अथवा भविष्यवाणी बोल्दा शिर ढाक्नुपर्ने सम्बन्धमा थप दुइ कुरा पेश गरिएका छन्:—

(क) स्वर्गदूतहरूले माथितर्फ हेरेका सत्यता। "यसै कारण स्वर्गदूतहरूका कारण स्त्रीले अधिकारको चिह्न स्वरूप आफ्नो शिरमा राखोस्" (१ कोरिन्थी ११:१०)। यो पदले संसारमा स्वर्गदूत परमेश्वरको आज्ञाको अधिकारी रहेको सम्बन्धया चित्र प्रस्तुत गर्दछ अनि यसले बताउँदछ कि स्त्रीले पुरूषको अधिकारको चिह्न स्वरूप आफ्ना शिर ढाक्नुपर्दछ। तसर्थ स्वर्गदूतले हवामा भएको अपराध नयाँ सृष्टिमा सरेको देख्दैन।

(ख) प्रकृतिले सिकाएको नियम। "के प्रकृति आफैले पनि तिमीहरूलाई सिकाउँदैन र?" (१ कोरिन्थी ११:१४) वास्तविक सृष्टिमा परमेश्वरले स्त्रीलाई शिर ढाक्न लामो कपाल दिनु भयो। पावलले त्यसैकारण ईश्वरीय

सिद्धान्तलाई दृष्टान्त बनाई पुष्टि गर्दछन् कि स्त्रीले प्रार्थना गर्दा अथवा अगमवाणी बोल्दा आफ्ना शिर ढाक्नुपर्दछ ।

## स्त्रीको सेवकाई

(१) बालक जन्ममा तिनले सुरक्षा पाउने छन् (१ तिमोथी ३:१५) । यो गाह्रो पदले र एउटी ईश्वरभक्त आमालाई जमातमा सेवकाई गर्नु बाधा खड़ा गरे तापनि उसलाई एउटा नगन्य स्थानमा राख्ने उद्देश्य चाँहि होइन । परमेश्वरको डर र त्रासमा आफ्नो परिवारको रेखदेख गर्ने उसको प्रमुख स्थान हो । यदि उ अनि उसको पति विश्वासमा रहिरहे एक समय प्रचार गर्ने र परमेश्वरको बचन सिकाउँने छोराहरू जन्माउँन सक्छे । यो अभिव्यक्ति "तिनले सुरक्षा पाउनेछन्" को अर्थ आत्माको उद्धार अथवा बालक जन्माउँदा शारीरिक मृत्युबाट सुरक्षा रहनु होइन तर स्त्रीको स्थान र अधिकारको सुरक्षा हो । उ मूल्यहीन बन्नेछैन तर परमेश्वरको महिमाको निम्ति जिउँने नानीहरूका रेखदेख गर्ने सेवकाई उनले सम्झाल्छे ।

(२) आफ्ना धनले उहाँको सेवा गर्ने (लूका ८:३) ।

(३) सेवा गर्ने (१६:१) ।

(४) तरूणीहरूलाई सिकाउँने (तीतस २:४) ।

(५) नानीहरूलाई सिकाउँने (२ तिमोथी १ ५; ३:१५)।

(६) गार्हस्थ जीवन सह्माल्ने (१ तिमोथी ५:१४; तीतस २:५) ।

स्त्रीको सेवकाई सम्बन्धी असंख्य विरोध एवं प्रश्नहरू खड़ा हुन सक्छन्; तीमध्ये केही मुख्य तल उल्लेख गरिन्छ:—

(१) के पावलको यस बिषय सम्बन्धको शिक्षाहरूले अविवाहित पुरूषको स्त्री–विरोधी विचारको प्रतिनिधित्व गर्छ ?

**उत्तर:**

अवश्य होइन, किनभने यी परमेश्वरको पवित्र आत्माको शिक्षाहरू हुन् अथवा पावलले १ कोरिन्थी १४:३७ मा यस्तो लेख्दछन् "प्रभुका आज्ञा" ।

(२) के यो संभव छ कि पावलले त्यस समयको चलनलाई मात्र ध्यानमा राखे अनि हाम्रो समयको केही ज्ञान नभएको हुनाले यो शिक्षा हाम्रो निम्ति आज ग्रहणयोग्य छैन ?

**उत्तर:**

पावलले कोरिन्थीहरूलाई लेखेका पहिलो पत्र कोरिन्थमा रहेका परमेश्वरको मण्डलीलाई मात्र लेखेका थिएनन् तर "सबै ठाउँमा, तिनीहरूका र हाम्रा प्रभु येशू ख्रीष्टको नाउँ लिनेहरूलाई लेखेका हुन् ।" (१ कोरिन्थी १:२) यसकारण यी निर्देशनहरू विश्वव्यापी प्रयोगका निम्ति हुन् ।

(३) के पावलले १ कोरिन्थी ११:१६ मा भनेका छैनन् र उसले दिएका शिक्षाहरूले बाध्दैनन्, औ यस्ता चलनहरू परमेश्वरको मण्डलीहरूमा मानिन्दैनन् ?

"तर कोही मानिस जबरदस्त गर्छ भनेता, न परमेश्वरको मण्डलीको, न हाम्रो यस्तो केही चलन छ ।"

**उत्तरः**

यसप्रकारको सुझावले बाइबलको प्रेरणा र अधिकार-लाई तुच्छ पार्दछ। वास्तवमा यो पदले भन्न खोजेको चाँहि यो हो कि प्रभुको यी आज्ञाहरू बारेमा मण्डलीमा दुइ विचारको चलन थिएन। मण्डलीहरूले स्वीकार गरे अनि विरोध र विस्तार नगरी आज्ञाकारी भए।

(४) स्त्रीलाई केश किन ढाक्नैको निम्ति दिइएको हो। के केशले शिर ढाके पुगेन र ?

**उत्तरः**

१ कोरिन्थी ११ अध्यायमा दुइ प्रकारको घुम्टो बारेमा बताएको छ। १५ पदमा स्त्रीलाई कपाल नै त्यसको घुम्टो हुनालाई दिइएको हो भनी बताएको छ। ५ पदको आधारमा एउटा घुम्टो हुनैपर्छ नत्र भने ६ पदको केही अर्थै खुल्दैन।

"किनकि कुनै स्त्रीले शिर ढाकिन् भने बरू त्यसले केश काटोस्, तर केश काट्नु कि खौरनु स्त्रीको निम्ति शर्म भनेता त्यसले घुम्टो हालोस्।"

प्राय: नै यसप्रकारको अर्थ असम्भव ठहर्दछ। बताउँनु चाहेको मुख्य कुरो चाँहि केश बाहेक पनि अर्को घुम्टो हुन आवश्यक पर्दछ।

(५) के स्त्रीहरू मण्डलीमा चूपचाप रहून (१ कोरिन्थी १४:३४) भनी गरिएको निर्देशन तिनीहरू सेवा हुँदै गर्दा बकबक गर्छन् अथवा कानेखूशी गर्छन् भनेर मात्र मनाही गरिएको त होइन ?

**उत्तर:**

वचनले यसरी भन्दछ "तिनीहरूलाई बोल्ने अनुमति छैन।" यहाँ अनुवाद भएको "बोल्नु" भन्ने शब्दको अर्थ बकबक गर्नुको अर्थमा नयाँ नियममा कदाचित् प्रयोग गरिएको पाइन्दैन। २१ पदमा भएको परमेश्वरको बोली नै प्रयोग गरिएको छ, "म विदेशी भाषा बोल्ने मानिसबाट यी मानिसहरूसित बोल्नेछु" ...।

(६) धेरै थप प्रश्नहरू उठ्न सक्छन्—जस्तै; स्त्रीले मानिसहरू बीच आफ्नो साक्षी सुनाउँने कि नसुनाउँने

आफ्ना प्रचारका कामहरूका वर्णन गर्ने कि नगर्ने; एकलै गीत गाउने कि नगाउँने आदि। जहाँ व्यक्तिगत कुराहरू विशेष रूपमा बाइबलमा बताइएको छैन तब बचनको साधारण सिद्धान्तलाई नै निर्णय गर्नु दिनुपर्छ।

त्यसर्थ कुनै शङ्कास्पद कुराहरूमा हामी सोध्नुपर्छः

के यसले पुरूषको अधिकारमाथि हनन गर्दछ?

के स्त्रीले अगुवाको स्थान लिइरहेछे?

के स्त्रीले बचन सिकाइरहेछे?

यी कुराहरू गर्नलाई अनुमति नमिलेपछि; हामीले परमेश्वरको आत्मिक शिक्षाको वचन विरूद्ध कुनै पनि काम गर्न छोड्नुपर्छ।

**उपसंहारः**

यो निर्देशनहरू उहाँको मानिसहरूको राम्रोको निम्ति साथै उहाँको आफ्नै महिमाको निम्ति परमेश्वरले तयार गर्नु भएको हो। जहाँ उहाँको वचन मानिन्दैन

अथवा इच्छाले नै उल्लङ्घन गरिन्छ झगड़ा अनि तह नमिल्ने काम हुन्छ । स्त्रीले अधिकार उल्लङ्घन गर्ने अथवा खुल्लम खुल्ला शिक्षा दिने काम सेभेन्थ–डे–एड्भेन्टीस्ट, थियोसोफी, ख्रीष्टयन साइन्स आदि झुण्डमा प्रख्यात छ, जहाँ स्त्रीको महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ ।

अर्को शब्दमा भन्ने हो भने परमेश्वरले राख्नु भएको स्थानमा रहेर "नम्र र शान्त आत्माको अविनाशी पोशाक लाएको हृदयको" भएर रहनु जतिको असल र मनपर्दो कुरा ख्रीष्टयन स्त्रीको निम्ति अरू केही छैन ।

## २४ अध्याय

# दुइ ठूला संस्थानः  मण्डली र परिवार

मण्डली र घर दुवै नै ईश्वरले अभिषेक गर्नु भएको संस्थान हुन् । एउटाभन्दा अर्को अघि जानु हुन्न् । तर एकार्कामा पूरक हुनुपर्छ । एकार्कालाई सहयोग र बल दिनु पर्छ । घरले मण्डलीलाई बलियो बनाउनु पर्छ, मण्डलीले घरलाई बलियो गराउनुपर्छ । ईश्वरलाई खुशी पार्ने मण्डलीहरू र घरहरू एकार्कामा होडबाजी गर्नु हुन्न् ।

**घरले मण्डलीलाई कसरी प्रबल बनाउँछ**

१. मण्डलीप्रति विश्वाशयोग्य भएर (चार अध्यायमा हेर्नोस्) ।

(क) अगुवाहरूप्रति मान र इज्जत र आज्ञाकारी भई सहायता पुऱ्याएर (१ थिस्सलोनिकी ५:१२, १३; हिब्रू १३:७, १७) ।

(ख) भाइहरू, मण्डली सदस्यहरूलाई सहायता गरेर ।

(ग) मण्डली सभाहरूमा सहयोग पुऱ्याएर (हिब्रू १०:२५) ।

(घ) मण्डलीको सुसमाचारी काममा सहयोग दिएर ।

२. ख्रीष्टमा बालकहरूलाई डोहोऱ्याएर—यसो गरे मण्डलीमा नयाँ जन्म पाएकाहरूको एउटा नयाँ युग शुरू हुन्छ ।

३. घरमा बाइबलको शिक्षण दिएर—यसो गरे मण्डलीमा बाइबलको ज्ञान भएको सदस्यहरूको एउटा नयाँ युग शुरू हुन्छ ।

४. बच्चाहरूको अनुशासनद्वारा—जब बालकहरू बाइबलको अनुरूप अनुशासित हुन्छन्–तिनीहरूले ईश्वर र मण्डलीको अगुवाहरूप्रति मान र इज्जत दिनु र आज्ञाकारी हुनु सिक्छन् । यसरी आमा बाबुले आफ्नो छोरा

छोरीलाई विश्वासयोग्य भई अनुशासन सिकाए मण्डलीहरू प्रबल हुनेछन् ।

५. पारिवारिक सुसमाचार प्रचारी कामद्वारा—ख्रीष्टमा मानिसहरू जित्नुलाई र मण्डलीमा ल्याउनुलाई ख्रीष्टयन परिवारहरू मिलेर काम गर्नैपर्छ ।

## मण्डलीले घरलाई कसरी प्रबल बनाउँछ

१. ईश्वरको वचनको सेवकाईद्वारा (२ तिमोथी ३:१६,१७; प्रेरित २०:२७) शिक्षकहरू र पास्टरहरूले प्रवचन तयारी गर्दा सधैं नै परिवारहरूलाई मनमा राख्नुपर्छ । प्रबल ख्रीष्टयन घरहरूको निम्ति बाइबलको असल शिक्षा खाँचो छ (हितोपदेश २४:३, ४) ।

२. मण्डली अगुवाहरूको उदाहरणद्वारा (हिब्रू १३:७; १ पत्रुस ५:३) । यसले पास्टरहरू र डिकनहरूमा ईश्वरबाटको आवश्कीय स्तरको महत्वलाई देखाउँछ (१ तिमोथी ३; तीतस १) । अगुवाहरूको घर परिवार नै असल छैन भने अरूको लागि राम्रो उदाहरण हुनु सक्तैन् ।

## ३. परिवार सदस्यहरूभित्र विशेष समय

कतिपय मण्डलीहरूमा हप्ताभरि नै धेरै प्रकारको कार्यक्रमहरू भएको हुनाले परिवारका विश्वाशयोग्य सदस्यहरूले आफैहरूभित्र विशेष समय निकाल्नु सक्तैनन् । आइतबार बिहान, बेलुकी र बुधबार सधैं नै सेवाहरू हुन्छन् । बिहिबार घरहरूमा जाने कार्यक्रम । शुक्रबार पुरुषहरूको प्रार्थना सभा मंगलबार आमा दिदीबैनीहरूको सुसमाचारी कार्यक्रम, इत्यादि । मण्डलीहरूको महत्वपूर्ण कामहरू हुनैपर्छ तर ती कामहरूले पारिवारिक जीवनलाई धक्का पुऱ्याउनु हुन्न् । प्रत्येक मण्डलीले आ' आफ्नो काम गर्नैपर्छ, तर सधैं नै परिवारलाई पनि ध्यानमा राख्नुपर्छ ।

## २५ अध्याय

# मण्डली र बालकहरू

### बालकहरूप्रति मण्डलीको उत्तरदायित्व

१. बालकहरू उहाँकहाँ आएको येशू चाहनुहुन्छ (मत्ती १९:१३-१५)। यसोर, बालकहरूलाई येशू प्रभुमा ल्याउने प्रयत्न मण्डलीले गर्नुपर्छ।

२. महान आज्ञा सबैलाई नै लागु हुन्छ—बालकहरू तथा वयस्क सबैलाई (मत्ती २८:१८-२०; मर्कूस १६:१५; लूका २४:४४-४७; प्रेरित १:८)। यसोर—

(क) मण्डलीले बालकहरूलाई अनुशासित बनाउने कोशिष गर्नुपर्छ।

(ख) मण्डलीले बालकहरूलाई बप्तिस्मा दिनुपर्छ।

(ग) मण्डलीले बालकहरूलाई तालिम दिनुपर्छ ।

बाल कार्यक्रममा हाम्रो उद्देश्य नै यी माथिका कुराहरू हुनुपर्छ । मनोरञ्जन दिनु मात्र होइन ।

## यो काम पूरा गर्नुलाई माध्यमहरू

### १. परिवारलाई तालिम दिएर

बालकहरूलाई तालिम दिने मुख्य जिम्मावारी आमा बाबुलाई हुन्छ । यसोर, मण्डली आमा बाबुलाई तालिम दिने क्रममा व्यस्त हुनुपर्छ । फलाफलमा तिनीहरूले आफ्नो बालकहरूलाई घरमा सुसमचार र तालिम दिन्छन् ।

(क) परिवारको जिम्मावारी के हो देखाई दिनुपर्छ (चुनौती) ।

(ख) बालकहरूलाई कसरी अनुशासित र तालिम दिनु–त्यो बारेमा आमा बाबुलाई सिकाउनुपर्छ ।

(ग) बालकहरूलाई सुसमाचार दिनुपर्छ भन्ने कुरो आमा बाबुलाई सिकाउनु पर्छ । सुसमाचारप्रति

उत्साह र बोझ पवित्र आत्माबाट स्वतः हुने कुरो हो । तथापि सुसमाचारको काम बारे ख्रीष्टयन-हरूलाई तालिम र अगुवाई दिनैपर्छ ।

## २. मण्डली सेवकाईद्वारा

बालकहरूलाई अनुशासित र सिकाउने बारेमा मण्डलीको पनि जिम्मावारी छ । मण्डली ख्रीष्टयन परिवारका बालकहरूप्रति मात्र उत्तरदायी नभएर अख्रीष्टयन छिमेकी परिवारका बालकहरूप्रति पनि उत्तरदायी छन् । यो जिम्मावारी पूरा गर्नुलाई नै मण्डलीहरूमा सण्डे स्कूल ( नेपालमा प्रायः ठाउँ शनिबार), बाइबल क्लब, बालकहरूको सभा र भी. बी. एस. (भेकेसन बाइबल स्कूल) राखिन्छ ।

## विविध सल्लाहहरू

१. पुल्पीट (मञ्च) सेवकाई—पास्टरले आफ्नो प्रवचनको केही समय बालकहरूलाई कसरी तालिम दिनुपर्छ बारेमा आमा बाबुलाई सिकाउनुपर्छ ।

२. शिक्षकहरूको तालिम (२ तिमोथी २:२) बालकहरूको सेवकाईको लागि प्रत्येक मण्डलीले शिक्षकहरूलाई तालिम दिनुपर्छ। यसोर यो काम बारेमा पास्टरहरूलाई केही ज्ञान हुनैपर्छ ।

३. परिवार र शिक्षकहरूको निम्ति पाठ सिकाउनुलाई उपयुक्त उपकरनहरू हुनैपर्छ। बालकहरूको कामको लागि मण्डलोले असल उपकरनहरू किन्ने उदेश्य राख्नु नै पर्छ ।

४. मण्डली सभामा कतिपल्ट बालकहरूको पनि सभा गाभिदिएर कतिपय मण्डलीहरूले असल प्रतिफलहरू निकालेका छन् ।

५. भी. बी. एस. (भेकेशन बाइबल स्कूल) (विदामा बालकहरूको सभा ) राख्नु असल प्रचारी मौका हो। यस्तो प्रकारको सभा विशेषत: बिहान हुन्छ र प्राय: पाँच दिनसम्म रहन्छ। तर यसको निर्णय पूर्णतया मण्डलीले लिंदछन् । बेलुकीको समयमा पनि कतिपय मण्डलीहरूले यो प्रकारको सभा (भी. बी. एस. ) सञ्चालन गर्छन्। यसको उदेश्य हो–धेरैभन्दा धेरै

बालक बालिकाहरूलाई अनुशासित बनाउनु र सिकाउनु। बाइबलका पाठहरू बाहेक खानु–पिउनुको बन्दोबस्त, विनोद र सधैं सुमधुर संगीतको कार्यक्रम हुनुपर्छ ।

६. सण्डे स्कूल—सण्डे स्कूल भनिएको कारण चाँहि बालकहरूको यो सभा विश्वभरि नै प्रायः सण्डे (आइतवार) हुन्छ। यो सभा मण्डली सभाको अघि हुन्छ। बालक–बालिकाहरूको निम्ति यस्तो सभा जुनै दिनमा पनि हुनु सकिन्छ। उदाहरणको लागि, नेपालमा यो सभा प्रायः शनिबार हुन्छ। मुख्य कुरो कुनदिन यस्तो सभा हुने नभएर कसरी गर्ने हो। शिक्षकहरूको उदेश्य चाँहि बालकहरूलाई ख्रीष्टमा ल्याउने हो, त्यसपछि यी बालकहरूलाई कसरी शिक्षा दिइने हो ।

७. बाइबल क्लब—छिमेकी घरहरूमा ख्रीष्टयन परिवारहरूले बाइबल क्लब खोल्नु असल हो। धेरै समयमा अख्रीष्टयन परिवारहरूले यस्तो क्लबमा आफ्नो बालकहरूलाई मण्डलीको बाल–कार्यक्रममा पठाउनुभन्दा प्रिय सम्झन्छन् ।

## बालकहरूलाई बप्तिस्मा दिनु

१. बालकहरूले नयाँ जन्म पाएपछि मात्र बप्तिस्मा

दिनुपर्छ । प्रभु येशूले आज्ञा गर्नुभएको छ, जतिले उहाँमा विश्वाश गर्छन्, तिनीहरूलाई बप्तिस्मा दिनु भनी । उहाँले उमेरको बारेमा केही अवरोध जनाएका छैनन् । यसोर बालकहरू जतिले विश्वाश गर्छन् र नयाँ जन्म पाउँछन् तिनीहरूलाई त्यति नै बेला बप्तिस्मा दिनु सकिन्छ । बालकहरू व्यस्क नभएसम्म यो विधि गर्नु हुँदैन् भनी बाइबलमा लेखिएको छैन । प्रेरित १६:३०–३४ मा एउटा परिवारका सम्पूर्ण सदस्यहरूले विश्वाश गर्ने बित्तिकै बप्तिस्मा लिएको उदाहरण पाउँछौं । ३४ पदले भन्छ, तिनीहरू विश्वाश गर्नु सक्नेहरू थिए । तिनीहरू बच्चा थिएनन् । तिनीहरू ठिटा–ठिटीहरू थिए । धेरै बालक–बालिका‑हरूले ४ अथवा ५ वर्षको उमेरमा प्रभुलाई ग्रहण गरेर नयाँ जन्म पाएका छन् । यसोर बालक बालिकाहरूले प्रभुलाई ग्रहण गरेका छन्, आमा बाबु ख्रीष्टयन छन भने बप्तिस्मा नदिने कुरो भएन् । यो काम गर्नु प्रभुको आज्ञा पालन गर्नु हो ।

२. बालकहरूले नयाँ जन्म पाएको उचित प्रमाण हुनुपर्छ । यो विषयमा मण्डली होशियार हुनुपर्छ । बालकको मुक्ति भएको छैन भने उ झूटो आशामा फंस्नेछ ।

३. सुसमाचारको बुनियाद ज्ञान बालकलाई हुनुपर्छ । यो बारेमा हामीले उबाट ठूलाहरूमा पाइने ज्ञानको माँग गर्नु चाँहि हुन्न् । बुनियाद सत्यहरू—

(क) पाप बारे ज्ञान

(ख) पापको दण्ड हुनैपर्छ भन्ने ज्ञान

(ग) येशू पापको निम्ति मर्नु भयो भन्ने ज्ञान

(घ) येशूको मृत्युबाट पुनरूत्थान, अनि उहाँ आज जीउँदो हुनुहुन्छ र पापीहरूलाई ग्रहण गर्नुहुन्छ भन्ने ज्ञान ।

४. बप्तिस्मा बारे बालकलाई यी बुनियाद ज्ञान हुनुपर्छ ।

(क) बप्तिस्मा भनेको ख्रीष्टसँग मर्नु र ब्यूँतनुको चित्र हो ।

(ख) बप्तिस्मा ख्रीष्टको मृत्यु, गाड़िनु र पुनरूत्थानको साक्षी हुनु हो ।

५. अख्रीष्टयन आमा बाबुका बालकहरूलाई बप्तिस्मा दिंदा हामी होशियारी हुनुपर्छ । आमा बाबुबाट पक्का अनुमति पाएको हुनुपर्छ । प्रभु येशू ख्रीष्टसँग बालकहरूलाई हिंडाउनुलाई उत्साह दिनुपर्छ । बप्तिस्मा बारेमा पर्खिनु लाउनुपर्छ ।

## २६ अध्याय

# मण्डली अनि पृथक्करण

**पृथक्करण बारे वर्तमान चुनौती—**

१. सिद्धान्त बारे बाइबलविहिन विचार—'बाइबलमा भए तापनि पृथक्करण बारे जोड़ दिनु हुँदैन भन्ने सिद्धान्त।' (ठीक विपरित प्रेरित २०:२७; १ तिमोथी ६:१३, १४; २ तिमोथी १:१३; यहूदा ३)।

२. झुटा शिक्षक र कपटीहरू बारे बाइबलविहिन विचार—हप्काउनु, अनुशासन गर्नु र अलग रहनुको सट्टा प्रशंषा, संगति र वार्ता गर्छन्।

३. स्वतन्त्र ख्रीष्टयन काम बारे बाइबलविहिन विचार—एउटै क्षेत्रद्वारा अथवा एउटा केन्द्रद्वारा सबै ख्रीष्टयन

क्रिया–कलाप हुनुपर्छ भन्ने यिनीहरूको विचार हुन्छ। जजसले स्वतन्त्रसँग तर स्थानीय मण्डली मार्फत र अधिनस्थ गर्छन्, तिनीहरूलाई यिनीहरूले स्वार्थी र विभाजन ल्याउनेहरू हुन भनी आलोचना गर्छन् (ठीक विपरित प्रेरित १३ अनि गलाती २:६–९)।

## पृथक्करण बारे बाइबलको अभ्यास

२. पापबाट हामी अलग हुनुपर्छ

(क) अनुपस्थित भएर अलग हुनु (एफिसी ५:३–११)।

(ख) हप्काएर अलग हुनु (एफिसी ५:११)।

(ग) भिन्नै भएर अलग हुनु (एफिसी ४:१७–२९; १ पत्रुस ४:१–४)।

(घ) ईश्वरको बचनले बताएनुसार अलग हुनु (यूहन्ना १७:१५–१७)।

(ङ) यो अलगपनाले परिवर्त्तन चाहन्छ (रोमी १२:१, २)।

(च) खुकुलो हुनु अलगपन होइन (२ कोरिन्थी ७:१; १ थिस्सलोनिकी ५:२२; ४:१–४)।

(छ) दुष्ट कुरोहरू र सांसारिक विचारलाई त्याग गर्नु अलगपना हो ( यूहन्ना २:१५–१७; भजन १:१–३; याकूब ४:४) ।

(ज) दुइ पक्षहरू छन्—नकारात्मक र सकारात्मक (१ तिमोथी ६:११; १ थिस्सलोनिकी १:९; तीतस २:१४) ।

२. कस्तो मानिसहरूबाट हामी अलग हुनुपर्छ

(क) तिनीहरू जसले झूटो शिक्षाहरू सिकाउँछन् (रोमी १६:१७, १७; २ कोरन्थी १; गलाती १:८, ९; २ तिमोथी २:१६–२१; तीतस ३:१०, ११; २ यहून्ना ८:११; प्रकाश २:२) ।

(ख) अनाज्ञाकारी ख्रीष्टयनहरूदेखि ( १ कोरिन्थी ५; २ थिस्सलोनिकी ३; मत्ती १८:१५–१८; तमोथी ६:३–५) ।

(ग) विधर्मीहरूदेखि अलग हुनुपर्छ (२ तिमोथी ३:५; हिब्रू १३:९–१४; प्रकाश १८:४) ।

## पृथक्करणको आशीषहरू

१. यो सुरक्षा हो (१ कोरिन्थी ५:६; १५:३३; गलाती ५:९) ।

२. यो आज्ञाकारिता हो (२ कोरिन्थी ६:१४–१८) ।

३. यो ज्ञान हो (हितोपदेश १४:१५; २२:३) ।

४. यो प्रेम हो (एफिसी ५:२–११) ।

५. यो ईश्वरसँगको संगति हो (याकूब ४:४) ।

## पुरानो नियमबाट पाठहरू

१. ईश्वरको इच्छा नै हामी सधैं छुट्टै हुनु हो

अब्राहाम (उत्पत्ति १२:१)

इस्राएल (व्यवस्था ७:१–६)

२. ईश्वरको वचनले नै अलग हुनु सिकाउँछ (व्यवस्था ४:५–९) ।

३. विधर्मीको शुरूआत नै अलग नहुनु हो (न्याय १–२) ।

४. अलग नहुनु नष्ट हुनु हो (न्याय १३–१६)।

५. धार्मिक मानिस अलग नहुनु एउटा गम्भीर अपराध हो (२ इतिहास १९:१, २)।

**पृथक्करण बारे सठीक विचार (पावल आर. ज्याक्सन)**

१. आफ्नो स्थान र आफैलाई समर्थन गर्नुभन्दा सत्यता र ईश्वरलाई खुशी पार्ने काम गर्नु।

२. म नम्र होऊ (गलाती ६:१)।

३. अनाज्ञाकारी भाइप्रति म ध्यान दिने होऊँ (२ तिमोथी २:२४–२६)।

४. कूटा अगुवाहरूलाई हप्काउनु म दृढ होऊ), मत्ती २३:१३–३३; प्रेरित १३:८–१०; २ कोरिन्थी ११:१२–१५; गलाती १:६, ७; २ पत्रुस २; ३ यूहन्ना ९–१०; यहूदा; प्रकाश २:२, ६, १४, १५; १ तिमोथी १:१९, २०; २ तिमोथी २:१६–१८; ३:५–९)।

## पृथक्करण बारे साधारण विचारहरू

१. यसले सेवकाई र संगतिलाई सीमित गराउँछ। धेरै ख्रीष्टयनहरू—बिशेषत ख्रीष्टयन सेवकहरू, अगुवाहरू पृथक भए ठूलो रूपमा सेवा गर्नु सक्दैनौ भनी पृथक हुनुलाई इन्कार गर्छन् ।

२. यो कार्य दोष्याउने अप्रसिद्ध देखिन्छ। कतिजना यो दोष सहनु चाहँदैनन् ।

३. कतिले पृथक्करणको उदेश्य बुझ्दैनन् । यो बाइबलबाट आएको र सहयोग पु-याउने कार्यभन्दा यो कार्य स्वार्थमय छन् भनी विचार गर्छन् ।

४. कतिले चाँहि पृथक्करण आफ्नो जीवनको निम्ति नभएर अगुवाहरूको लागि मात्र सम्झन्छन् ।

१ थिस्सलोनिकी ५:२१; रोमी १६:१७; २ यूहन्ना ९–२१ र यहूदा ३ ख्रीष्टयनहरूको निम्ति भनिएको हो । यो सरल आज्ञा बारे प्रत्येक ख्रीष्टयन ईश्वरको आघ जवाफदेही छ ।

५. सिद्धान्तको विश्वाश चाँहि फल हो भनी धेरैले बुझ्दनन् । तिनीहरू नैतिक कार्य नगरे दुष्ट फल पाइन्छ भनी सोच्छन् । (हेर्नोस् मत्ती ७:१५–२०) ।

एफिसी ५:९ ले आत्माको फल चाँहि धार्मिकता र सत्य दुवै हो भन्छ । नैतिक जीवन असल भए पनि जसले सत्य पालन गर्दैन्, त्यसमा ईश्वरको आत्मा रहँदैन् । धेरै अईश्वरवादी, हिन्दू, मुसल्मानहरू उच्च नैतिक जीवन बिताउँछन् । के हामी उनीहरूलाई सत्य अगमवक्ताहरू भनी ग्रहण गर्नुसक्छौ ?

६. कतिजना चाँहि पृथक्करण पालन गर्नेहरूको धारणा देखेर रीस गर्छन् ।

दुष्ट र शैतानको छली कार्यहरूप्रति कठोर आलोच्य कदम उठाउनु गाह्रो हुँदैन् । तथापि हामीले यो प्रकारको कदम चाँहि ईश्वरलाई मन पर्ने हुँदैन् भनी थाह गर्नुपर्छ । आत्मिक रूपमा कसैले बाइबलको शिक्षा पालन गर्छन् भने त्यो मूर्खता हो ।

७. संगति र वार्ता धेरै असल, लाभदायक हुन्छ भनी कतिले भन्छन् ।

(क) बाइबलले आज्ञा दिन्छ, अलग हुनु, हटाउनु, परित्याग गर्नु ।

(ख) बाइबलले सिकाउँछ—झूटो शिक्षा र दुष्टता खमीर हो । यसले दुष्टलाई असलमा परिवर्त्तन गर्नुको सट्टा असललाई भ्रष्ट बनाउँछ (१ कोरिन्थी ५:६; गलाती ५:९) ।

८. न्याय गर्नु ठीक होइन भनी कतिजना भन्छन् ।

भत्काउने, बिगार्ने धारणा र हेर्नु–को भिन्नता बाइबलले सिकाउँछ (मत्ती ७:१–५) । प्रत्येक ख्रीष्टयन सबै थोकलाई ठीकसँग हेर्नु सक्ने र होशियारी हुनुपर्छ । यो प्रकारको न्याय ठीक र आत्मिकी हो (१ थिस्सलोनिकी ५:२१; १ कोरिन्थी २:१५; रोमी १६:१७; फिलिप्पी १:९, १०) ।

९. कतिजना ईश्वर र येशू बारेमा शिक्षा मुख्य भन्छन् । बाइबलको परमेश्वर र येशूमा जतिजनाले विश्वाश गर्छन्, तिनीहरूलाई हामी साँचो ख्रीष्टयन भनी ग्रहण गर्नु सक्छौं र संगति गर्नु सक्छौं ।

(क) सबै सिद्धान्तको आधारमा पावलले हामीलाई पृथक्करण गर्नु आह्वान गर्छन् ।

(ख) पावलले मानिसहरूलाई व्यवस्था र अनुग्रहको आधार उल्टाउने (गलाती १), पुनरूत्थान (२ तिमोथी २:१७, १८) र ख्रीष्टयन स्वतन्त्रता (१ तिमोथी ४:१–३) लाई उल्टाउने· हरूलाई हप्काएका छन् ।

(ग) ख्रीष्टयन शक्तिलाई इन्कार गर्नेहरूबाट अलग हुनु भनी पावलले मांग गर्छ (२ तिमोथी ३:५) ।

१०. पृथक्करणले ल्याएको विभाजन कतिले मन पराउँदैनन् ।

दुष्ट ससारमा बाइबलले कष्ट र विभाजन ल्याउने छन् भनी भनेका छन् (मत्ती १०:३४; लूका १२:५१–५३; यूहन्ना ६:६६; ७:४३; ९:१६; १०:१९; १ कोरिन्थी ११:१९) । सत्यको कष्टको निम्ति जतिले सहनु सक्तैनन्, तिनीहरूले सत्यलाई इन्कार गरिरहेका हुन्छन् (२ तिमोथी १:८; फिलिप्पी १:१२–२०) ।

११. कुनै पनि एक सिद्धान्तको व्याख्या बारे निश्चित हुनु सक्दिैन् भनी कतिले विश्वाश गर्छन् ।

पावलले तिमोथीलाई भने, 'सत्यको वचनलाई ठीकसँग र परमेश्वरमा ग्रहणयोग्य तुल्याउने गरी व्याख्या गर्नु (२ तिमोथी २:१५)। १ यूहन्ना २:२६ ले भन्छ, ख्रीष्टयनहरूलाई सबै कुरो पवित्र आत्माले सिकाउँछन्। यसको अर्थ, बाइबल जान्दैनौ भनी बहाना गर्ने बाटो छैन्। कलस्सी ३:१६ ले भन्छ, ख्रीष्टयनहरू ज्ञान र परमेश्वरको वचनले पूर्ण हुनु र अरूलाई सिकाउनु। फिलिप्पी १:९–१०; एफिसी १:१७, १८ र कलस्सी १:९ मा पावलले प्रार्थना गर्छन्, ख्रीष्टयनहरू ज्ञानमा पूर्ण होऊन। बाइबलको सिद्धान्त बारे नयाँ ख्रीष्टयन र शारीरिक ख्रीष्टयनहरू मात्र अलमल्ल पर्छन् (१ कोरिन्थी ३:१, २; हिब्रू ५:१२–१५)।

## दुष्टता र झुटा शिक्षाहरूबाट अलग नहुने र अवरोध नगर्नेहरूप्रति बाइबलको सत्यताहरू

१. तिनीहरू लज्जित र डरपोक छन् (२ तिमोथी १:७–१६)। पावलको सिद्धान्त र व्यवहारमा कष्ट (पद ८), एक्लोपना (पद १५), घृणा (२ कोरिन्थी १०:१०) भोग्नु छ। अलग हुनु नचाहनेहरू पावल फै

यस्ता कष्टहरू भोग्नु चाहँदैनन् । अलग हुनु नचाहनेहरू कम संख्याको समुहमा हिड्न चाहदैनन् । अलग हुनु नचाहनेहरू परमेश्वरको वचनको परिवर्त्तन गर्नेहरूसँग सहमत हुनु चाहदैनन्, यद्यपि उनीहरूलाई तुच्छ नै किन नभनियोस् ।

२. तिनीहरू बच्चाहरू सरह हुन् (हिब्रू ५:११–१४; १ कोरिन्थी ३:१, २) । परिपक्कताको चिह्न अलग हुनु र सबै विषयलाई गहिरोसँग हेर्नु हो । त्यहाँ शारीरिकपना आउँदैन् ।

३. तिनीहरूले प्रतिफल हराउँदैछन् (२ यूहन्ना ८–१०) ।

४. तिनीहरू अलग हुनु नचाहनेहरूका दुष्ट कामका भागहरू हुन् (२ यूहन्ना ११) ।

५. तिनीहरूको आफ्नै आत्मिकी जीवन र सेवकाई कमजोर हुन्छन् (१ कोरिन्थी १५:३३) । बांइबलले सिकाएको पृथक्करण पछ्याउनु नचाहनेहरू अधोगतिको बाटोतिर लागेका हुन्छन् । उदाहरण—लूत । उसलाई उसको लोभ र कामुकताले गर्दा सदोमको दुष्टताले नगिच

पुऱ्यायो । यसरी उसले उसको साक्षी र परिवारलाई गुमायो ।

धेरैवटा प्रसिद्ध पुस्तकहरूको लेखक जोन आर स्टट एउटा उदाहरणको रूपमा लिनु सकिन्छ । स्टट एक एंग्लोकन पास्टर हुनुहुन्छ । उनी बाइबलमा विश्वाश गर्ने हुनुहुन्छ । तथापि उनको सहमति ती पृथक्करण नगर्ने ख्रीष्टयनहरूसँग छन् । यसो हुनु खतरनाक कुरो हो ।

६. तिनीहरू लोभीहरू छन् (पैसा रूपिया, स्थान, मानको सन्दर्भमा) र मानिसहरूदेखि डराउँछन् ।

तिमी अलग किन हुँदैनौ ?—प्रश्नना तिनीहरू यसरी उत्तर दिन्छन्—म मेरो पेन्सनको सहुलियतहरू हराउँन चाहन्न् । यो संस्थाले मेरो लागि सबै थोक गरिदिएका छन्—म छाड्न चाँहँदिन् । म मेरो स्थान, असल तनखा, मोटर साइकल त्यागन चाहन्न्—इत्यादि ।

७. तिनीहरू अनाज्ञाकारीहरू हुन् (यहूदा ३; रोमी १६:१७; २ कोरिन्थी ६:१४-१८; एफिसी ५:११; २ थिस्सलोनिकी

३:६; १ तिमोथी ६:३–६; २ तिमोथी २:१६–२१; ३:५; तीतस ३:१०, ११; हिब्रू १३:९–१४; २ पत्रुस २; २ यूहन्ना ९–११; याकूब ३; प्रकाश २:२, ६, १४, १५; १८:४) ।

**एकताको नाममा म सहमत हुन्न —**

१. सिकाइएको बाइबल सत्यता हो (भजन ११९:१०४; प्रेरित २०:२७; यहूदा ३; २ तिमोथी १:१३) ।

२. नयाँ नियम मण्डली व्यवस्था (१ तिमोथी ३:१५; ६:१३, १४) ।

३. मेरो लागि वैयक्तिक बोलाहट—सुसमाचार प्रचार गर्नु, बप्तिस्मा दिनु, ख्रीष्टयनहरूलाई तालिम दिनु र स्थानीय मण्डलीहरू शुरू गर्नु हो (मत्ती २८:१८–२०; मर्कूस १६:१५; लूका २४:४४–४८; प्रेरित १:८) ।

## २७ अध्याय

# मण्डली काम कुरो बारे व्यवस्था

**परिचयात्मक नोट**

१. मण्डलीको निर्दिष्ट व्यवस्था हुनु नै ईश्वरको इच्छा हो । मण्डली ईश्वरको घर हो । यसोर सबै समयमा उहाँको इच्छा र व्यवस्था शिरोपर गर्नैपर्छ (१ तिमोथी ३:१५)। यो व्यवस्था उहाँले लेख्नु भएको हो। मण्डलीको कामको हरेक श्रेत्रमा शान्ति फैलिनु पर्छ—विशेष सभाहरूमा (१ कोरन्थी १४:३३, ४०) । हाम्रो निम्ति उदाहरण चाँहि प्रभु येशूले अप्नाउनु भएको पद्धति हो (लूका ६:१४) ।

२. एउटा मण्डलीले काम कुरो व्यवस्थाको छुट्टै नियमहरू पालन गर्दैनन् भने—

(क) सभाहरू अस्तव्यस्त हुन्छन् । नेपालका धेरै मण्डलीहरूमा यस्तै नै हुन्छ । यसको कारण व्यवस्थाका निर्दिष्ट नियमहरू नभएर हो। यसो हुँदा उनीहरूका सभाहरूमा गोलमाल र विवाद देखिएको छ। एकैपल्टमा दुइजना भाइहरू बोल्दछन् । एउटा भाइले आफ्नो विचारहरू पोखाउँदछन् भने अर्को भाइ चर्को आवाजमा त्यसको विरोध गर्छन्, कुरा काट्न चाहन्छन् । त्यसपछि अप्रिय वाद-विवाद हुँदछन् । सभापतिले जति कै कोशिष गरे पनि उनको कुरा खाइदिँदैनन् । धेरै जसो समस्याहरू उठेको कारण चाँहि विवाद गर्ने भाइहरूले बातचितमा हुने व्यवस्थाका छुट्टै नियमहरू पालन नगरेर हो ।

(ख) झगड़ा र अव्यवस्थित चालचलनको कारणवश मण्डलीको साक्षी खराब हुनुजान्छ ।

३. मण्डली र समितिहरूको सभामा सभापतिको भूमिका सँधै नै पास्टरले लिनुपर्छ । क्रम व्यवस्थालाई कायम राख्ने उत्तरदायित्वको भार प्रथमत उनले आफ्नो काँधमा उठाउनुपर्छ । मण्डलीको देखरेख भार उठाउँदा मण्डली सदस्यहरूले पास्टरको अधिकारको इज्जत गर्नुपर्छ ।

४. समिति सभा तथा साधारण सभाहरूमा व्यवस्थाका निर्दिष्ट नियमहरू पालन गर्नुपर्छ ।

## मण्डली काम कुरो सञ्चालन गर्ने एउटा सरल कार्य बिधि

१. साधारण सभाहरूमा प्रस्तुत गर्नुलाई मुख्य विषयहरू र निर्दिष्ट प्रस्तावहरू पहिले पास्टर, डिकन तथा एल्डरहरू (जस्तो मण्डलीमा छ)–ले बातचित गर्नुपर्छ ।

२. प्रस्ताबित विषयहरू बारे बातचित भएपछि मत मण्डलीले दिन्छ ।

## साधारण सभाको बातचित सभाहरू

### १. कसले भाग लिनु पाउने ?

(क) मण्डलीसँग सठीक भएका मण्डलीका सदस्यहरूले

(ख) अनुशासनमा राखिएको कुनै सदस्यले पनि भाग लिनु पाउँदैन

(ग) सधैं मण्डली सभाहरूमा र संगतिहरूमा नआउनेले भाग लिनु पाउदैनन् । (अस्वास्थ्य र अरू विशेष कारणहरूलाई छाडेर) ।

## २. कार्यसंख्या (कोरम)

सभामा कार्यसंख्या भन्नाले मण्डलीमा बोलाइएको सभालाई पारित गर्नु सकिने उपस्थित सदस्यहरूको आवश्कीय संख्या हो । कार्यसंख्या बारेमा मण्डलीहरूको आ' आफ्नै व्यवस्था हुन्छ । कति मण्डली सभामा २५% उपस्थित हुनुपर्छ, कतिमा यो प्रतिशतभन्दा अरू नै प्रतिशितको आवश्यक्ता पर्छ । यो विषय बारे प्रत्येक मण्डलीको आ' आफ्नै व्यवस्था हुन्छन् । यो काम मण्डली स्वयंलाई नै छोड़िदिनुपर्छ । तथापि कार्यसंख्या राखिनु र यसको निर्णयलाई मान्नु मुख्य कुरो हो । कार्यसंख्या होशियारीसँग प्रार्थना पूर्वक बनाइनुपर्छ ।

## ३. साधारण सभाहरू कहिले कहिले हुने

यो बारेमा पनि मण्डली मण्डलीको आफ्नै व्यवस्था हुन्छ । कति मण्डलीमा यस्तो सभा महिनामा एकपल्ट, कति मण्डलीमा तीन महिनामा एकपल्ट हुन्छ । समय बारे मण्डली आफैले निश्चित गर्नुपर्छ ।

## ४. सभाहरू बोलाउनु

कुनै पनि समयमा पास्टरले साधारण सभा बोलाउनु सक्छन्। यद्यपि सदस्यहरू उपस्थित हुनु पाउनुलाई सूचना अघिबाट नै हुनुपर्दछ।

## ५. सभाहरू बारे सूचना

सभा हुनुभन्दा कम्तिको पनि दुइ हप्ता पहिले साधारण सभाको बैठक बारे सूचना सुनाउनुपर्छ। यसो गरे सदस्यहरू उपस्थित हुनुलाई योजना मिलाउनु सक्छन्।

## ६. साधारण सभामा कुन विषयहरू छलफल गर्ने ?

धेरै निर्णयहरू चाँहि पास्टर (तथा एल्डरहरू) आफैले नै गर्नुपर्छ। अरू निर्णयहरू स्थायी समितिले गर्नुपर्छ।

**साधारण सभाले अन्तमा निर्णय गर्नुपर्ने विषयहरू:**

(क) प्रमुख आर्थिक निर्णयहरू

(ख) मण्डली अगुवाहरूको नियुक्ति

(ग) अनुशासन कार्यहरू

(ध) मिशनेरी (प्रचारी) काम बारे प्रमुख निर्णयहरू, जस्तै, मिशनेरी र परियोजनाहरू ।

**काम कुरो सभाहरू बारे एउटा सरल रूपरेखा**

१. प्रार्थनाबाट सभाको शुरुआत ।

२. पुरानो बिषयहरूको प्रस्तुति (गत सभामा भएको बिषयहरू) । अर्थ बारे प्रतिवेदन पनि यही समय गरिन्छ, इत्यादि ।

३. नयाँ विषयहरू प्रस्तुत गरिन्छन्—

(क) पास्टर र डिकनहरूले ल्याउने प्रस्तावहरू

(ख) समितिहरूबाट प्रस्तावहरू

(ग) मण्डली सदस्यहरूबाट प्रस्तावहरू

४. सभा प्रस्तावको समर्थन र बहुसंख्यकको मत र प्रार्थनावाट बरखास्त गरिन्छ ।

**काम कुरो व्यवस्थाको बिशेष (छुट्टै) नियमहरू**

१. एउटा निर्दिष्ट प्रस्तावको रूपमा सबै विषयहरू प्रस्तुत गर्नुपर्छ ।

(क) अर्को सदस्यले प्रस्तावलाई समर्थन गरे, यसलाई फेरि सभापतिले जनाऊ दिनुपर्छ ।

(ख) एकपल्टमा एउटा मात्र निर्दिष्ट विषयमा बातचित गर्नुपर्छ ।

(ग) सबैजमा सहमत भए, एकपल्टमा एउटै विषयमा एउटाभन्दा बढी विषयहरू बातचित गर्नु र त्यस बारे मत दिनु सकिन्छ । तर कसैले आपत्ति जनाए, एक एकवटा बिषयलाई छुट्टै बातचित गर्नु पर्छ र सबैले एकपल्टमा आ' आफ्नो मत दिनुपर्छ ।

२. व्यवस्थित बातचित हुनुपर्छ ।

(क) जो सभामा बोल्नु चाहन्छ, उसले सभापतिबाट प्रथमत: स्वीकृति लिनुपर्छ । त्यसपछि उ खड़ा भएर सफा र संक्षिप्तमा बोल्नुपर्छ ।

(ख) एकपल्टमा एकजनालाई मात्र बोल्नुको निम्ति अनुमति दिनुपर्छ । उसले बोल्दा कसैले वाधा पुऱ्याउनु हुन्न् (प्रेरित १५:७-१३) ।

(ग) रूष्ट, अठीक, तथा अभद्र व्यवहार तथा भाषा प्रयोग गर्नु दिनुहुन्न् । कोही यसो गर्नु जोड् गर्छन् भने उसलाई चेताउनी दिनुपर्छ, त्यसपछि पनि नमाने अनुशासनमा राख्नुपर्छ ।

## एउटा प्रस्तावमा विकल्पित निर्णयहरू

(क) प्रस्तावलाई पक्ष तथा विपक्षमा मत दिनु सकिन्छ ।

(ख) प्रस्तावलाई प्रार्थना र विचार गर्नुको निम्ति स्थगित गर्नु सकिन्छ ।

(ग) प्रस्तावलाई अर्को नयाँ प्रस्ताव र भोटले संशोधन तथा बद्लिनु सकिन्छ ।

(घ) अन्तिम निर्णयको निम्ति पास्टर तथा डिकनहरूलाई प्रस्ताव पारित गराइनु जिम्मा दिनुसकिन्छ ।

(ङ) एउटा समितिलाई यस्तो प्रस्ताव बारे अन्तिम निर्णय लिनु, अथवा प्रतिवेदन तयार पार्नु र पछिको सभामा उनीहरूको सल्लाह पेश गर्नु दिनु सक्नुपर्छ ।

## ४. भोट

(क) बातचित सिद्धिएर, सभापतिले सफासँग फेरि

प्रस्तावको विवरण दिन्छन्, त्यसपछि त्यो बिषयमा भोट दिइन्छ (अरू कार्य विकल्प नभए)।

(ख) प्रस्तावको पक्षमा जतिजना छन्, प्रथमतः उनीहरूले आफ्नो सहमति हात उठाएर तथा बोलेर दिनु सक्छन्। तब विपक्षमा हुनेहरूको भोट ध्यानमा लिनु सकिन्छ। मण्डलीले यस्तो कार्य मतपत्रबाट पनि गर्नु सक्छ।

(ग) उचित बहुमत प्राप्त गर्नुलाई भोटको कति प्रतिशत आवश्यक्ता छ बारे प्रत्येक मण्डलीले आफै निर्णय लिनु सक्छन्। कति मण्डलीमा थोरै, कतिमा धेरै बहुमत प्राप्य भए प्रस्तावहरू पारित हुन्छ। एउटा प्रस्ताव पारित गरिनुलाई २/३ बहुमत भएको असल हो। थोरै संख्याले मुख्य निर्णयहरू पारित गरिए, (उदाहरण ५१%) ठूला समस्याहरू र विभाजनहरू आउन सक्छन्। यदि कुनै विषय पारित गरिंदा ईश्वरबाट एक असल सहमतिको रूपमा धेरै बहुमत नभए त्यो प्रस्तावलाई प्रार्थना र अरू विचारको निम्ति स्थगित गरिएको सठीक हुन्छ।

## १८ अध्याय

# थप विषयहरू

**एउटाभन्दा बढी पत्नी भएको मानिसले के काम गर्नु सक्छन् ?**

१. मण्डलीमा उसले अगुवाको स्थान न खोजेको हुनु हुँदैन् । ईश्वरको वचनले यो उसलाई गर्नुदेखि रोक्छ । यसले मण्डलीको साक्षीलाई धक्का पुऱ्याउँछ ।

(क) उ एउटा पास्टर, एल्डर विशप हुनुहुँदैन् ।

(ख) उ डिकन हुनुहुँदैन् ।

(ग) उ तालिम दिने काम र मण्डली अगुवाहरूलाई अभिषेक दिने काम गर्नु सक्तैनन् ।

२. कुनै काम उसले मेहनतसँग गरोस र आफ्नो परिवारलाई सहायता गरोस (१ तिमोथी ५:८; २ थिस्सलोनिकी ३:१२), र मण्डलीको काममा पनि सहायता पुऱ्याओस् (१ तिमोथी ५:१७, १८; १ कोरिन्थी ६:१४)।

३. मण्डलीको उ एउटा विश्वाशयोग्य सदस्य होओस् (हेर्नोस्—अध्याय नौ)।

(क) सभाहरूमा सहायता गरोस

(ख) अगुवाहरूलाई सहायता गरोस

(ग) भाइहरूलाई सहायता देओस्

(घ) प्रचारको काममा सहायता गरोस

४. ख्रीष्टको लागि उ विश्वाशयोग्य सदस्य होओस् (२ कोरिन्थी ५:१७–२१; फिलिप्पी २:१४–१६; १ पत्रुस ३:१५)।

५. मण्डली अगुवाहरूको ओहोदा तालिम र अभिषेकको कामहरू बाहेक अरू कुनै काम गरोस् (पुस्तक विक्रेता, मुद्रक, अफिसको काम, सामाजिक काम इत्यादि)।

## चेताउनी

अयोग्य व्यक्ति जसले मण्डलीको अगुवाको ओहोदा खोज्छन्, तिनलाई ईश्वरको डरलाग्दो न्याय आउँछ (गन्ती १६) कहिले चाँहि दण्ड यो जोवनमा नै खप्नुपर्छ, कहिले चाँहि मृत्युपश्चात (१ तिमोथी ५:२४, २५) ।

## मण्डलीमा आउनुभन्दा (सदस्य हुनुभन्दा) पहिले फेरि बप्तिस्मा लिनुपर्छ यदि कोही—

१. बच्चामा नै बप्तिस्मा पाएका तर भर्खरै प्रभुमा नयाँ गरी जन्मेका छन् भने

२. बचाइएर पनि छिड्काऊको बप्तिस्मा लिएका छन् भने

३. बचाउनुभन्दा पहिले बप्तिस्मा लिएका छन् भने

४. झूटो मण्डलीहरूमा बप्तिस्मा लिएका छन भने (सेभेन्थ डे एडभेन्टिस्ट, मर्मन, चर्च अफ क्राइष्ट, इत्यादि) ।

किन ?

(क) नयाँ नियमको उदाहरण र शिक्षा पालनको लागि वचन अनुसारको बप्तिस्मा चाहिन्छ। वचन अनुसारको बप्तिस्मा ग्रहण नगर्नु नयाँ नियमका व्यवहारहरू सबै क्षेत्रमा मुख्य छैन भन्नु हो। यदि हामीले एउटा शिक्षा पालन गर्दैनौं भने अरू शिक्षाहरू पनि किन पालन गर्नु पर्‍यो।

(ख) वचन अनुसारको बप्तिस्माले मण्डलीमा विश्वासको एकता ल्याउँछ। फिलिप्पीका मण्डलीलाई पावलले एक मनका हुनु भने (फिलिप्पी ४:२)। यही पत्रमा पावलले मण्डलीलाई उसको उदाहरण देखासिकी गर भने (फिलिप्पी ३:१७; ४:९)। बप्तिस्मा चाँहि गाडिनु हो भनी पावलले भने (रोमी ६:३, ४; गलाती ३:२७; कलस्सी २:१२)। जब ईश्वरले मण्डलीहरूलाई एक मनका हुनु भने, यसको अर्थ चाँहि प्रत्येक ख्रीष्टयन प्रेरितहरूका शिक्षामा र विश्वासमा सलग्न रहनु भनेको हो।

(ग) बाइबल अनुसारको बप्तिस्माले प्रभुप्रतिको आज्ञाकारित्वलाई देखाउँछ। विश्वास गर्नेहरूलाई उहाँले डुब्नु भन्ने आज्ञा गर्नुभएको छ। मत्ती २८:२९ र मर्कूस १६:१५, १६ मा बप्तिस्मा शब्दको साँचो अर्थ नै यो हो।